सातै प्रदेशबाट प्रकाशित पहिलो र राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१ कात्तिक २०८२, शनिबार (18 Oct 2025, Saturday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक १८२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

झ्यालनयाँ



सुटकेस र पासपोर्ट फर्कियो

फर्किएनन् विपिन

नेपाल कूटनीतिमा कमजोर हुँदा विपिनलाई बचाउन सकिएन

● पर्शुराम काफ्ले



सम्पदा

तिहारको सांस्कृतिक अर्थ

● तेजेश्वरबाबु ग्वंग:
संस्कृतिविद्

भान्सामा भित्रिएको महँगीको महाकाव्य



व्यंग्य

● रवि मिश्र

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

चार वर्षमा सक्नुपर्ने कन्काई पुल १४ वर्षसम्म अलपत्र पारिएपछि ठेक्का तोडिँदै

०६८ मा भएको कन्काई नदीमा पुल निर्माणको ठेक्का पाँचपटक म्याद थप्दासमेत ६० प्रतिशत मात्रै सम्पन्न, कन्काईसहित वर्षौंदेखि अलपत्र पारिएका पुल र सडकका १७ ठेक्का तोड्ने तयारीमा सरकार



● श्यामबहादुर खड्का
प्रवक्ता, सडक विभाग

निर्माण व्यवसायीका कारण रुण भएका ठेक्का तोड्ने गरी सडक विभाग अघि बढेको छ। त्यसमा शुक्रबार १७ वटा ठेक्का तोड्ने गरी सूचना निस्किएको छ। ठेक्का प्रावधानबमोजिम आवश्यक प्रक्रिया पूरा गर्न सूचना निकालिएको हो। तोकिएको अवधिभित्र कम्पनीले स्पष्टीकरण पेस गर्नुपर्छ। स्पष्टीकरण चित्तबुझ्दो भएन भने ठेक्का तोडिन्छ।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

१४ वर्षदेखि अलपत्र हुलाकी राजमार्गअन्तर्गत झापाको कन्काईमाई नदीमा गौरीगन्ज र झापा गाउँपालिका जोड्ने पुलसहितका १७ ठेक्का तोड्ने प्रक्रिया सरकारले अघि बढाएको छ। सडकअन्तर्गत २५८ ठेक्का रुण छन्। यस्ता अन्य ठेक्का पनि तोड्ने सरकारको तयारी छ।

कन्काई नदीमा चार वर्षभित्र पुल निर्माण गर्ने गरी रवि सिंहको महादेव खिम्ती र हरिनारायणप्रसाद साह रौनियारको पप्पु कन्स्ट्रक्सनले ३४ करोड आठ लाखमा ठेक्का लिएको थियो। सिंह निर्माण व्यवसायी महासंघका अध्यक्ष हुन् भने रौनियार पूर्वसांसद हुन्। उनीहरूका कम्पनीले अन्य ठेक्का पनि अलपत्र पारेका छन्।

समयमै काम भएको भए ०७२ मै कन्काई नदीमा पुल निर्माण भइसक्थ्यो। तर, पाँचपटक म्याद थप्दा पनि ७२३ मिटर लम्बाइको पुल निर्माण हुन सकेको छैन। १४ वर्षमा ६० प्रतिशत मात्रै काम भएको छ। पछिल्लोपटक थपिएको म्याद पनि ०८० असारमै सकिएको थियो। त्यसयता पनि प्रगति भएन। अहिले पनि पुल दुईतिर जोडिन सकेको छैन। स्थानीय बासिन्दा जोखिम मोलेरै नदी वारपार गर्न विवश छन्।

सडक विभाग, हुलाकी राजमार्ग निर्देशनालयले शुक्रबार सार्वजनिक सूचना जारी गर्दै कन्काईसहितका १७ ठेक्का तोड्ने चेतावनी दिएको छ। काम सम्पन्न गर्न सक्ने संशोधित

» पृष्ठ २ मा क्रमशः

■ कन्काईको दु:खान्त

निर्माण व्यवसायी महासंघका अध्यक्ष सिंह र पूर्वसांसद रौनियारले ठेक्का लिए, काम गरेनन्





रवि सिंह



हरिनारायण रौनियार

समयमै काम भएको भए हुलाकी राजमार्गअन्तर्गत झापाको कन्काई नदीमा गौरीगन्ज र झापा गाउँपालिका जोड्ने पुल ०७२ जेठ मसान्तभित्रै निर्माण भइसक्थ्यो। तर, ठेकेदार कम्पनीको गैरजिम्मेवारी र राज्यको बेवास्ताले ७२३ मिटर लम्बाइको पुल १४ वर्षदेखि अलपत्र छ। चार वर्षभित्र सम्पन्न गर्ने गरी ०६८ जेठमा रवि सिंहको महादेव खिम्ती र हरिनारायणप्रसाद साह रौनियारको पप्पु कन्स्ट्रक्सनले ३४ करोड आठ लाखमा ठेक्का लिएका थिए। सिंह निर्माण व्यवसायी महासंघका अध्यक्ष हुन् भने रौनियार पूर्वसांसद हुन्। सुरु सम्झौताको म्याद मात्र होइन, त्यसपछि पाँचपटक थपिएको म्याद सकिएको पनि दुई वर्ष बितिसकेको छ। काम भने ६० प्रतिशत मात्रै भएको छ। अहिले पनि पुल दुईतिर जोडिन सकेको छैन। स्थानीय बासिन्दा ज्यान जोखिममा राखेर नदी तर्न विवश छन्। बर्खामा नदी उर्लेर आउँछ, डुंगामा आउजाउ गर्नुपर्छ। सधैँ खोलाले बगाउने त्रास हुन्छ। हिउँदमा नदी कम हुँदा स्थानीय ठेकेदारले बाँसको पुल बनाउने गरेका छन्। ओहोरदोहोर गर्दा स्थानीयले पैसा तिर्नुपर्छ। सिंहको कम्पनीसँग सहकार्य गरेको पप्पु कन्स्ट्रक्सनले देशभरि दर्जनौं आयोजना अलपत्र पारेको छ। त्यसैले, करिब ६ वर्षअघि सरकारले कालोसूचीमा पनि राखेको थियो। त्यसपछि सिंहको महादेव खिम्तीले मात्रै केही समय काम गरेको थियो। तर, सिंहले पनि मदन अधिकारीको मैनाचुली निर्माण सेवालाई पेटी ठेक्का दिए । ठेक्का लिने र अलपत्र पार्नेमा अधिकारी पनि चर्चित हुन्।

ठेक्का तोड्ने प्रक्रियामा गएका बाँकी १६ आयोजना

२. छेपार खोला पुल, नुवाकोट
ठेकेदार कम्पनी : भन्डार थोङ्टुङ

३. मानपाङ खोला पुल, धादिङ
ठेकेदार कम्पनी : हिरा एन्ड नमिता कन्स्ट्रक्सन

४. तरहरी नदी पुल, रौतहट
५. लमहा नदी पुल, रौतहट
६. लौकाहा नदी पुल, रौतहट
ठेकेदार कम्पनी : पप्पु/शिवशंकर जेभी

७. झन्ज नदी पुल
ठेकेदार कम्पनी : मृत सञ्जीवनी निर्माण सेवा

८. झान्झ खोला पुल, रौतहट
ठेकेदार कम्पनी : दिवा/नियाग्रा/लक्ष्मण रेखा जेभी

९. मारिया बक्राह खोला पुल
ठेकेदार कम्पनी : नीलगिरी निर्माण सेवा

१०. जरुवापानी राजघाट बोक्स कल्भर्ट
ठेकेदार कम्पनी : कृष्ण निर्माण सेवा

११. थलाहा खोला पुल
ठेकेदार कम्पनी : नीलगिरि निर्माण सेवा

१२. उर्लाबारी–मधुमल्ला सडक कालापत्रे
ठेकेदार कम्पनी : प्रेरा/ज्योति जेभी

१३. महेन्द्र राजमार्ग इटहरी महाखोला खण्ड मर्मत
ठेकेदार कम्पनी : हिम सगरमाथा/बिएन्डबी/आरवान जेभी

१४. मेचीदेखि राजगढसम्म नाली निर्माण
ठेकेदार कम्पनी : खाम्चे शेर्पा निर्माण सेवा

१५. पश्चिम कोशीमा स्टिलको ट्रस पुल, सप्तरी
ठेकेदार कम्पनी : लामा/बाम्ती जेभी

१६. फतेपुर–कटिया सडक स्तरोन्नति, सप्तरी
ठेकेदार कम्पनी : कान्छाराम/बाम्ती/देव एन्ड शायर जेभी

१७. कलिया खोला–१ पुल, सप्तरी
(कञ्चनपुर–राजविराज हुलाकी सडक)
ठेकेदार कम्पनी : लामा/बाम्ती जेभी

जेन-जी आन्दोलनमा आफ्नो भूमिकाबारे सेनाको ब्रिफिङ

भदौ २४ को राति सेनाले स्थिति साम्य पार्ने प्रयास नगरेको भए के हुन सक्थ्यो ?

पर्शुराम काफ्ले/नयाँ पत्रिका

जेन-जी आन्दोलनको विध्वंस रोक्ने विषयको भूमिकामाथि प्रश्न उठिरहेका वेला नेपाली सेनाले परिस्थिति सहज बनाउन सक्रिय भएको भन्दै आफ्नो कदमको प्रतिरक्षा गरेको छ। आन्दोलनको पाँच सातापछि पत्रकार सम्मेलन गर्दै सेनाले तत्कालीन अवस्था, आफ्नो भूमिका र क्षतिको विवरण जानकारी गराएको हो।

शुक्रबार जंगी अड्डामा आयोजित पत्रकार सम्मेलनमा सेनाको युद्धकार्य विभाग प्रमुख उपरथी अनुपजंग थापा र युद्धकार्य निर्देशक सहायक रथी मनोज थापाले विषयवस्तुको

» पृष्ठ २ मा क्रमशः

● जेन-जी आन्दोलनको पाँच सातापछि शुक्रबार जंगी अड्डामा आयोजित पत्रकार सम्मेलनमा सेनाको युद्धकार्य विभाग प्रमुख उपरथी अनुपजंग थापाले भने-



नेपाली सेनाले राजनीति गर्दैन। तत्कालीन समयमा शान्तिसुरक्षा र अमनचैन कायम गर्न त्यसवेला सेनाले वस्तुगत ढंगले परिस्थितिको मूल्यांकन गरी आवश्यक पहल लिइएको मात्र हो। यसको परिणामबाटै सेनाको कस्तो खालको नियत थियो भन्ने आकलन गर्न सकिन्छ। एकछिनलाई मूल्यांकन गरौं, भदौ २४ को राति सेनाले स्थिति साम्य पार्ने प्रयास नगरेको भए अथवा विश्वका विभिन्न ठाउँमा देखिएका अन्य मोडेलअनुसार अघि बढेको भए के हुन सक्थ्यो ? शान्तिपूर्ण निकास र अराजक वातावरणको न्यूनीकरणका लागि सबै पक्षसँग वार्ता गर्न अपरिहार्य थियो। त्यसवेला राजनीतिक दलहरूसँग छलफल गर्न कोही पनि जान सक्ने अवस्था थिएन। यो परिस्थितिमा छलफलको टेबुलमा ल्याई परिस्थिति थप जोखिमपूर्ण हुन नदिने नै उत्तम विकल्प भएको सेनाको निर्क्योल थियो।

ताप्लेजुङका पहिरोपीडित ६५ परिवारलाई लुकुवामा स्थानान्तरण गर्न स्वीकृति



४ असोज ०८० को पहिरोबाट विस्थापित मैवाखोला- ४ ओदकका ६२, ताप्राङका दुई र वडा ३ साँघुका एक परिवार साँघुमा निर्माणाधीन मदन भण्डारी रंगशाला हाताभित्रको अस्थायी टहरामा बस्दै आएका छन्

नयाँ पत्रिका

सरकारले पुरानो बस्ती फर्कन सक्ने अवस्था नरहेका ताप्लेजुङका पहिरोपीडित ६५ परिवारलाई मैवाखोला गाउँपालिका- ३को लुकुवामा स्थानान्तरण गरेर घर बनाइदिने भएको छ। विपत् व्यवस्थापन कार्यकारी समितिको शुक्रबारको बैठकले मैवाखोला गाउँपालिका ३ र ४ मा रहेका ओदक, एकबाँसे र ताप्राङका जोखिमयुक्त

» पृष्ठ २ मा क्रमशः

महाधिवेशनबाट पुनः अध्यक्ष हुने ओली सन्देश

एमालेको आगामी मार्गचित्र : चुनावतिर नजाने, संसद् पुनर्स्थापनाको माग लिएर सरकारविरुद्ध आन्दोलनमा उत्रिने

शुरोजंग पाण्डे/नयाँ पत्रिका

एमाले अध्यक्ष केपी ओलीले आसन्न ११औं महाधिवेशनबाट पुनः नेतृत्वमा आउने संकेत दिएका छन्। तीन दिनसम्म चलेको केन्द्रीय समिति बैठकमा पदाधिकारी र सदस्यहरूले अवकाश लिएर नयाँ नेतृत्वका लागि बाटो खोल्न आग्रह गरे पनि ओलीले वर्तमान कठिन परिस्थितिमा नेतृत्व हस्तान्तरण सम्भव नभएको प्रस्ट पारे।

शुक्रबार बैठकको समापन मन्तव्य दिँदै उनले आफ्नो काँधमा रहेका महत्त्वपूर्ण जिम्मेवारी पूरा नगरी बिचमै पद छाड्न नमिल्ने भन्दै निरन्तर नेतृत्वमा रहने संकेत गरेका हुन्। 'केही साथीले राजीनामा माग्नुभएको छ। ५५ वर्षदेखि एउटा सानो टुक्रो आन्दोलन बोकेर ल्याएको हुँ। मेरो काँधमा जिम्मेवारी छ, त्यो पूरा नगरी मैले छाड्न मिल्दैन र छाड्दिनँ पनि,' ओलीले भने।

चुनाव होइन, संसद् पुनर्स्थापना मुख्य मुद्दा

बैठकमा वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्षहरू युवराज ज्ञवाली, सुरेन्द्र पाण्डे र अष्टलक्ष्मी शाक्य तथा सचिवद्वय योगेश भट्टराई र गोकर्ण विष्टसहित तीन दर्जनभन्दा केन्द्रीय सदस्यले खुलेरै ओलीको राजीनामा मागेका थिए। लामो समयदेखि ओलीसँग निकट रहेका नेता गोकुल बाँस्कोटा, तेस्रो पुस्ताका नेता ठाकुर गैरेसहित ठुलो संख्याका नेताहरूले शुक्रबार राजीनामा मागे।

नेतृत्वमाथि नै लगातार प्रश्न उठाइएपछि शुक्रबार बैठकमा गम्भीर र बेचैन ओलीले राजीनामाको फैसला महाधिवेशनबाटै हुने भन्दै त्यतिवेलै आफूलाई चुनौती खडा गर्न भनेका थिए। आफूलाई नरम भाषामा बोल्न सुझाव दिने नेताहरूप्रति पनि ओली आक्रोशित देखिए।

'साथीहरूले नरम भाषा बोल्नुस् भन्नुभएको छ, यसमा चिनी थपिदिनु,' उनले भने, 'हामीले गरेका काम देखेकै छ, विकास देखेकै छ। त्यसै

» पृष्ठ २ मा क्रमशः



शुक्रबार केन्द्रीय समिति बैठकको समापन मन्तव्य दिँदै अध्यक्ष केपी ओलीले भने-

केही साथीले राजीनामा माग्नुभएको छ। ५५ वर्षदेखि एउटा सानो टुक्रो आन्दोलन बोकेर ल्याएको हुँ। मेरो काँधमा जिम्मेवारी छ, त्यो पूरा नगरी मैले छाड्न मिल्दैन र छाड्दिनँ पनि।

■ कांग्रेस पदाधिकारीबिच विवाद

केन्द्रीय समितिमा पेस हुन सकेन महामन्त्री थापाको महाधिवेशनसम्बन्धी प्रस्ताव



महामन्त्री गगन थापाले केन्द्रीय कार्यसम्पादन समितिमा तीन विकल्पसहित महाधिवेशन गर्ने प्रस्ताव ल्याएपछि कार्यवाहक सभापति पूर्णबहादुर खड्कासहित बहुमत सदस्यले केन्द्रीय समितिको म्याद थप्ने प्रस्ताव पनि सँगै लैजानुपर्ने धारणा राखेका थिए। तर, महाधिवेशन पछाडि धकेल्ने गरी केन्द्रीय समितिको म्याद थप्ने प्रस्तावलाई महामन्त्री थापाले अस्वीकार गरे। त्यसपछि कार्यसम्पादन समितिमा बहुमत सदस्यले उनको प्रस्ताव अघि बढाउन स्वीकृति दिएनन्। जसका कारण विकल्पसहितको प्रस्ताव केन्द्रीय समितिमा पेस हुन नसकेको नेताहरूले बताएका छन्। 'महामन्त्रीले कार्यतालिका केन्द्रीय कार्यसम्पादन समितिमा पेस गर्नुपर्ने रहेछ। त्यो एजेन्डा होइन भनेर केन्द्रीय समितिमा ल्याउन दिएनन्,' केन्द्रीय सदस्य डिला संग्रौलाले भनिन्।

कमलराज भट्ट/नयाँ पत्रिका

विधानअनुसार मंसिरमा १५औं महाधिवेशन गराउन कांग्रेस महामन्त्री गगन थापाले विभिन्न विकल्पसहित अघि सारेको प्रस्ताव पदाधिकारीबिचको मतभेदले रोकिएको छ। नियमित महाधिवेशनका लागि दुई विकल्प र त्यसो हुन नसके विशेष महाधिवेशनमा जानुपर्नेसहितको प्रस्ताव थापाले बिहीबार केन्द्रीय कार्यसम्पादन समितिमा राखे पनि पदाधिकारीबिचको विवादले शुक्रबार केन्द्रीय समिति बैठकमा पेस हुन सकेन।

महामन्त्री थापाको प्रस्तावमा के छ ?

(विस्तृत पृष्ठ २)

विधानअनुसार केन्द्रीय समितिमा कुनै प्रस्ताव पेस गर्न सभापतिको अनुमति चाहिन्छ। अहिले कार्यवाहक सभापति पूर्णबहादुर खड्का छन्। बिहीबार महामन्त्री थापाले तीनबुँदे प्रस्ताव ल्याउँदा कार्यवाहक सभापति खड्कासहित बहुमत कार्यसम्पादन समिति सदस्यले केन्द्रीय समितिको म्याद थप्ने प्रस्ताव पनि सँगै लैजानुपर्ने धारणा राखेका थिए।

» पृष्ठ २ मा क्रमशः

अन्तर्राष्ट्रिय समुदायलाई प्रधानमन्त्री कार्कीले सुनाइन् सरकारका प्राथमिकता

अपरिवर्तनीय म्यान्डेट चुनाव, ६ महिनापछि सत्ता हस्तान्तरण

नयाँ पत्रिका



प्रधानमन्त्री सुशीला कार्कीले ६ महिनाभित्र निर्वाचन गराएर शान्तिपूर्ण रूपमा सत्ता हस्तान्तरण गर्ने बताएकी छिन् । शुक्रबार अन्तर्राष्ट्रिय समुदायका प्रतिनिधिलाई सम्बोधन गर्दै प्रधानमन्त्री कार्कीले निर्वाचन सरकारको अपरिवर्तनीय म्यान्डेट रहेको बताइन् ।

सरकार गठनको एक महिनापछि युरोपियन युनियन तथा २६ देशका राजदूत एवं प्रतिनिधिलाई पहिलोपटक सम्बोधन गरेकी प्रधानमन्त्री कार्कीले निर्वाचनसँगै सुशासन र पारदर्शितामा पनि जोड दिइन् । उनले सरकार नयाँ वैधानिक राजनीतिक दिशा तयार पार्न गठन भएको सुनाइन् ।

'हाम्रो सरकारको एक मात्र स्पष्ट र अपरिवर्तनीय म्यान्डेट निर्वाचन सम्पन्न गर्नु हो । अधिकतम ६ महिनाभित्र हामी लोकतान्त्रिक रूपमा निर्वाचित सरकारलाई शान्तिपूर्ण रूपमा सत्ता हस्तान्तरण गर्नेछौं,' आफू नेतृत्वको अन्तरिम सरकार गैरराजनीतिक र संक्रमणकालीन भएको स्पष्ट पार्दै प्रधानमन्त्री कार्कीले भनिन् ।

प्रधानमन्त्रीले सरकार कुनै राजनीतिक एजेन्डा अघि बढाउन नभई नयाँ वैधानिक राजनीतिक दिशा तयार पार्न गठन भएको पनि बताइन् । 'हाम्रो प्राथमिकता आन्तरिक स्थिरता हो । लोकतान्त्रिक प्रक्रियाका लागि सुरक्षित, तटस्थ र विश्वसनीय वातावरण सुनिश्चित गर्नु हो,' उनले भनिन् ।

सरकार पूर्ण रूपमा निर्वाचन तयारीमा लागेको उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले निर्वाचन आयोगलाई सशक्त बनाउने, सुरक्षा संयन्त्र सुधार्नेमा केन्द्रित भएको बताइन् । उनले राजनीतिक दलहरू, सरोकारवाला निकाय र जेन-जी प्रतिनिधिहरूसँग निरन्तर संवाद भइरहेको उल्लेख गरिन् ।

विदेशमा बसोबास गर्ने नेपालीका लागि बाह्य मतदान प्रणालीको सम्भावनाको अध्ययन भइरहेको प्रधानमन्त्री कार्कीको भनाइ थियो । उनले विगतमा जस्तै यसपटक पनि निर्वाचनको अन्तर्राष्ट्रिय पर्यवेक्षणका लागि अनुरोध गरिन् ।

प्रधानमन्त्रीले बहुदलीय लोकतन्त्रलाई नेपालको राजनीतिक व्यवस्थाको मेरुदण्ड बताउँदै लोकतान्त्रिक मूल्य र मान्यताप्रति दृढ प्रतिबद्धता नै देश अगाडि बढ्ने एक मात्र बाटो भएको बताइन् । सरकारको प्राथमिकता इमानदारी, जवाफदेहिता र पारदर्शी शासन रहेको प्रधानमन्त्री कार्कीको भनाइ थियो । विगत र वर्तमान दुवैका लागि जवाफदेहिताको सुनिश्चिततामा सरकार सक्रिय भएको उनको भनाइ छ ।

प्रधानमन्त्री कार्कीले २३ र २४ भदौमा भएको जेन-जी पुस्ताको आन्दोलनले शासन प्रणालीमा पारदर्शिता, जवाफदेहिता र सुशासनका लागि नयाँ चेतना जगाएको उल्लेख गरिन् । 'जनताको वास्तविक चाहना (सुशासन, आर्थिक अवसर र सार्वजनिक जीवनमा इमानदारी)को प्रतिबिम्बका रूपमा आन्दोलन भएको छ,' उनले थपिन्, 'यो आन्दोलनले हामी सबैलाई नागरिकको आवाज सुन्न, जवाफ दिन, सुधार गर्न र परिणाम देखाउन प्रेरित गरेको छ ।'

मोटरसाइकल हरायो

मिति २०८२/६/२८ गते अ.२१:०० बजेदेखी २१:३० बजेको समयमा काठमाडौं जिल्ला टोखा न.पा. वडा नं.-०९, शिव मन्दिर नजिकै पार्किङ गरिराखेको मेरो निम्न व्यहोरा भएको रातो कालो रंगको 220 CC पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला ।

नाम : नवराज बस्नेत
मो.सा.नं.: बा.प्र. ०२-०५५ प ५६०९
चेसिस नं.: MD2A13EX5RCH83818
इन्जिन नं.: DKXCRH49063
सम्पर्क न.: 9813111150

Sindhu Bikash Bank Ltd.
सिन्धु विकास बैंक लि.
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको ईजाजत पत्र प्राप्त संस्था
सधैं.......तपाईंसँग

प्रधान कार्यालय- बाह्रबिसे, सिन्धुपाल्चोक, नेपाल ।
कर्पोरेट कार्यालय- बनेपा, काभ्रेपलान्चोक ।
फोन नं.: ०११-६६२३४०/४१/५१
Email: info@sindhubank.com.np

सिन्धु विकास बैंक लिमिटेड शाखा कार्यालय पर्सा, चितवनको कर्जा चुक्ता गर्ने बारेको ३५ दिने अत्यन्त जरुरी सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/०७/०१ गते नयाँ पत्रिका दैनिक)

यस बैंकको शाखा कार्यालय पर्सा, चितवनबाट तपाई तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको कर्जा रकमको बैंकसँग गर्नु भएको सम्झौता बमोजिम तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना रकमहरु तिर्न बुझाउन/नियमित गर्नको लागि यस बैंकबाट पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत तपाई ऋणी तथा जमानतकर्ताहरुले सोको पूर्ण बेवास्ता गरी कर्जा नियमित नगर्नु भएको र बक्यौता रकम चुक्ता फरछ्यौट गर्ने तर्फ कुनै चासो समेत नदेखाउनु भएकोले यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत: यसै सूचनाद्वारा तपाई ऋणीबाट कर्जाको सम्पूर्ण बक्यौता साँवा रकम, ब्याज तथा हर्जाना रकम फिर्ता भुक्तानी माग गरिएकोछ । साथै, तपाईले यस बैंकमा सम्पर्क राखी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रै कर्जाको सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तानी हुने मिति सम्मको ब्याज हर्जाना रकम समेत फरछ्यौट गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । यो सूचना समेतको बेवास्ता गरी उल्लेखित समयावधि भित्र बैंकको सम्पूर्ण रकम चुक्ता फरछ्यौट नगर्नु भएको खण्डमा तपाई ऋणीहरुलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गराई कर्जाको सुरक्षण वापत धितोमा रहेको सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानुन बमोजिम लिलाम बिक्री वा अन्य व्यवस्थाबाट बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने व्यहोरा जानकारी गराईन्छ । साथै यस बैंकमा धितो बन्धकी रहेको श्रीसम्पत्तिबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएको खण्डमा तहाँ ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरुको श्रीसम्पत्ती जायजेथाहरुबाट यस बैंकको बक्यौता कर्जा रकम असुल उपर गर्न अन्य आवश्यक कानूनी प्रकृया गरिने व्यहोरा समेत सम्वद्ध सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएकोछ । साथै व्यक्तिगत जमानतकर्ताहरुलाई समेत कानुन बमोजिमको सूचना दिई कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तसर्थ आफ्नो व्यावसायिक ख्याती, सामाजिक प्रतिष्ठा तथा बैंकको उल्लेखित काम कारवाहीबाट तपाई उपर पर्न सक्ने अन्य असर र त्यसबाट उत्पन्न हुन सक्ने परिणाम समेतलाई ध्यानमा राखी उल्लेखित समयावधि भित्र सम्पूर्ण कर्जा चुक्ता फरछ्यौट गर्नु हुने अपेक्षा गरिएको छ ।

तपसिल

१. ऋणीको नाम ठेगाना	धितोको विवरण
नाम : राजेन्द्र शिवाकोटी बुबाको नाम : हरि प्रसाद शिवाकोटी बाजेको नाम : रत्न प्रसाद शिवाकोटी ठेगाना : खैरहनी -०१, चितवन हाल खैरहनी -०९, चितवन ना.प्र.न. : ३५-५६२८ जारी मिति : २०४६/०७/०४, चितवन कर्जाको किसिम : व्यक्तिगत आवधिक कर्जा	१. रत्न प्रसाद शिवाकोटीको नाती, हरि प्रसाद शिवाकोटीको छोरा **राजेन्द्र शिवाकोटी**को नाममा मालपोत कार्यालय खैरहनी चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला खैरहनी-०३ (हाल खैरहनी न.पा. -०९, चितवन) स्थित कित्ता नं. १३३६, १३३९, १३४०, १३३८, र १३४१ को क्षेत्रफल क्रमश: २०७२.३३, ५७७.४१, १३६४.१४, २२२१.३५ र ३७८३.७० (व.मि.) भएको को जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
व्यक्तिगत जमानी दिनुहुने व्यक्ति	
क. **नाम : संगिता शिवाकोटी** पति : राजेन्द्र शिवाकोटी ससुरा : हरि प्रसाद शिवाकोटी ठेगाना : खैरहनी -०१, चितवन हाल खैरहनी -०९, चितवन ना.प्र.न : ६८२/०३४ जारी मिति :२०६०/११/१९, चितवन ख. **नाम : आयुष शिवाकोटी** बुबाको नाम : राजेन्द्र शिवाकोटी बाजेको नाम : हरि प्रसाद शिवाकोटी ठेगाना : खैरहनी -०९, चितवन ना.प्र.न : ३५-०१-७३-००१११ जारी मिति :२०७३/०१/०६, चितवन	ग. **नाम : आयुषा शिवाकोटी** बुबाको नाम : राजेन्द्र सिवाकोटि बाजेको नाम : हरि प्रसाद शिवाकोटी ठेगाना : खैरहनी -०९, चितवन ना.प्र.न : ३५-०१-७५-०७३१९ जारी मिति :२०७५/०७/०६, चितवन
२. ऋणीको नाम ठेगाना	**धितोको विवरण**
नाम : चिरपरिचित एग्रो फार्म प्रा.लि. **दर्ता नं.: १९६२८२/०७५/०७६, पान नं.: ६०६६२५१९५** **ठेगाना : खैरहनी – ०९, चितवन** **सञ्चालक : राजेन्द्र शिवाकोटी** बुबाको नाम : हरि प्रसाद शिवाकोटी बाजेको नाम : रत्न प्रसाद शिवाकोटी ठेगाना : खैरहनी -०१, चितवन हाल खैरहनी -०९, चितवन ना.प्र.न. : ३५-५६२८ जारी मिति : २०४६/०७/०४, चितवन कर्जाको किसिम : व्यवसायीक आवधिक कर्जा	१. रत्न प्रसाद शिवाकोटीको नाती, हरि प्रसाद शिवाकोटीको छोरा **राजेन्द्र शिवाकोटी**को नाममा मालपोत कार्यालय खैरहनी चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला खैरहनी-०३ (हाल खैरहनी न.पा. -०९, चितवन) स्थित कित्ता नं. १३४२ र ६४ को क्षेत्रफल क्रमश: ९३९५.४४ र ३११५.४०९२ (व.मि.) भएको को जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
व्यक्तिगत जमानी दिनुहुने व्यक्ति	
क. **नाम : संगिता शिवाकोटी** पति : राजेन्द्र शिवाकोटी ससुरा : हरि प्रसाद शिवाकोटी ठेगाना : खैरहनी -०१, चितवन हाल खैरहनी -०९, चितवन ना.प्र.न : ६८२/०३४ जारी मिति :२०६०/११/१९, चितवन ख. **नाम : आयुष शिवाकोटी** बुबाको नाम : राजेन्द्र शिवाकोटी बाजेको नाम : हरि प्रसाद शिवाकोटी ठेगाना : खैरहनी -०९, चितवन ना.प्र.न : ३५-०१-७३-००१११ जारी मिति :२०७३/०१/०६, चितवन	ग. **नाम : आयुषा शिवाकोटी** बुबाको नाम : राजेन्द्र सिवाकोटि बाजेको नाम : हरि प्रसाद शिवाकोटी ठेगाना : खैरहनी -०९, चितवन ना.प्र.न : ३५-०१-७५-०७३१९ जारी मिति :२०७५/०७/०६, चितवन घ. **नाम : राजेन्द्र शिवाकोटी** बुबाको नाम : हरि प्रसाद शिवाकोटी बाजेको नाम : रत्न प्रसाद शिवाकोटी ठेगाना : खैरहनी -०१, चितवन हाल खैरहनी -०९, चितवन ना.प्र.न. : ३५-५६२८ जारी मिति : २०४६/०७/०४, चितवन

चार वर्षमा...

पृष्ठ १ बाट क्रमशः

कार्यतालिका, स्रोतसाधन परिचालनको भरपर्दो योजना र कार्यसम्पन्न प्रतिबद्धता र ठेक्का रद्द गर्नु नपर्ने कारणको स्पष्टीकरणसहित उपस्थित हुन १५ दिने सूचना जारी गरिएको हो । निर्माण कम्पनीहरूबाट चित्तबुझ्दो स्पष्टीकरण र काम सम्पन्न गर्ने विश्वसनीय आधार पेस नभए ठेक्का रद्द हुने सडक विभागका प्रवक्ता श्यामबहादुर खड्काले बताए ।

२६ असोजमा भौतिक पूर्वाधारमन्त्री कुलमान घिसिङले अलपत्र कन्काई पुलको अनुगमन गर्दै विस्तृत छलफल गरेर ठेक्का तोडेर जाने वा निर्माण कम्पनीलाई कारबाही गर्नेबारेमा निर्णय हुने बताएका थिए । काठमाडौं फर्केपछि उनले ठेक्का लिने, तर काम नगर्ने र आयोजना अलपत्र पार्ने प्रवृत्ति अन्त्यका लागि रुग्ण ठेक्का तोड्न मातहतका निकायलाई निर्देशन दिएका थिए ।

यसअघिका सरकारले पटक-पटक कन्काई पुलको ठेक्का तोड्ने चेतावनी दिने गरे पनि शक्तिशाली निर्माण व्यवसायी भएकै कारण छुट पाउँदै आएका थिए । पप्पु कन्स्ट्रक्सनका मालिक रौनियार राजनीतिज्ञ तथा पूर्वसांसद हुन् । त्यस्तै, महादेव खिम्तीका मालिक सिंह नेपाल निर्माण व्यवसायी मसहांघका अध्यक्ष हुन् । राजनीतिक शक्तिको आडमा उनीहरूले ठेक्का सम्झौता कायम राखिरहेका थिए ।

सिंहको कम्पनीसँग सहकार्य गरेको पप्पु कन्स्ट्रक्सनले देशभरि दर्जनौँ आयोजना अलपत्र पारेको छ । त्यसैले, करिब ६ वर्षअघि सरकारले कालोसूचीमा पनि राखेको थियो । त्यसपछि सिंहको महादेव खिम्तीले मात्रै केही समय काम गरेको थियो । तर, सिंहले पनि मदन अधिकारीको मैनाचुली निर्माण सेवालाई पेटी ठेक्का दिए । ठेक्का लिने र अलपत्र पार्नेमा अधिकारी पनि चर्चित हुन् । मैनाचुलीले पनि पुल निर्माणमा भने प्रगति गरेन ।

पुल नबन्दा स्थानीय बासिन्दा ज्यान जोखिममा राखेर नदी तर्न विवश छन् । बर्खामा नदी उर्लेर आउँछ, डुंगामा आउजाउ गर्नुपर्छ । सधैँ खोलाले बगाउने त्रास हुन्छ । हिउँदमा नदीमा पानी कम हुँदा स्थानीय ठेकेदारले बाँसको पुल बनाउने गरेका छन् । ओहोरदोहोर गर्दा स्थानीयले पैसा तिर्नुपर्छ ।

ठेक्का तोड्ने प्रक्रियामा गएका थप १६ आयोजना

कन्काईबाहेकका अन्य रुग्ण १६ पुल र सडकका ठेक्का तोड्ने प्रक्रिया पनि सरकारले अघि बढाएको छ । सडक विभागअन्तर्गत हुलाकी सडक निर्देशनालय, संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय काठमाडौं र इटहरीमातहतका सडक डिभिजन कार्यालयले शुक्रबार ठेक्का तोड्नुपूर्वको सूचना प्रकाशन गरेका छन् । अधिकांश ठेक्का पुल निर्माणका छन् ।

'निर्माण व्यवसायीका कारण रुग्ण भएका ठेक्का तोड्ने गरी सडक विभाग अघि बढेको छ । त्यसमा शुक्रबार १७ वटा ठेक्का तोड्ने गरी सूचना निस्किएको छ । ठेक्का प्रावधानबमोजिम आवश्यक प्रक्रिया पूरा गर्न सूचना निकालिएको हो,' सडक विभागका प्रवक्ता श्यामबहादुर खड्काले भने, 'तोकिएको अवधिभित्र कम्पनीले स्पष्टीकरण पेस गर्नुपर्छ । स्पष्टीकरण चित्तबुझ्दो भएन भने ठेक्का तोडिन्छ ।'

सडक डिभिजन नुवाकोटले गंगटे-लब्धु- समुन्द्रटार-गोल्फूभञ्ज्याङ सडकको छेपार खोलामा पुल निर्माण र धादिङको मानपाङ खोलामा प्रिस्ट्रेस्ड पुलको ठेक्का तोड्न प्रक्रिया थालेको छ । भण्डार थोङ्टुङ निर्माण सेवाले पुल र सडक निर्माणको काम २८ पुस ०७९ भित्र सक्नेगरी २७ असार ०७५ मा ठेक्का सम्झौता गरेको थियो । तर, हालसम्म ९४ प्रतिशत मात्र काम भएको छ ।

त्यस्तै, ३० चैत ०७८ भित्र मानपाङ पुल निर्माण गरिसक्नेगरी ठेक्का पाएको ठेक्का हिरा एन्ड नमिता कन्स्ट्रक्सनले ७९.३४ प्रतिशत मात्र काम गरेको छ । ठेक्का सम्झौता २९ असार ०७४ मा भएको थियो ।

कन्काइ माइ नदीको पुलको ठेक्का तोड्ने प्रक्रिया अगाडि बढाएको हुलाकी राजमार्ग निर्देशनालय, इटहरीले थप पाँचवटा आयोजनाको काम पनि ठेक्का रद्द गर्न लागेको हो । जसअन्तर्गत मेचीदेखि राजगढसम्म नाली र क्रस नाली संरचना निर्माण गर्न खाम्पाचे शेर्पा निर्माण सेवाले लिएको ठेक्का, सप्तरीको एमआरएम ट्राफिक चोक बानियाँ रोडको पश्चिमी कोशी नहरमा स्टिल ५५.९ मिटरको कोशी ब्रिज निर्माण गर्न लामा-बम्ती जेभीसँग भएको सम्झौता, कथौना पातो कटिया रोड विस्तार गर्न कान्छाराम-बम्ती देव एण्ड सायर जेभी काठमाडौँ र कालिया खोलामा पक्की पुल निर्माण गर्न लामा बम्ती जेभीले लिएको ठेक्का पनि तोड्ने तयारी निर्देशनालयले गरेको हो ।

सडक डिभिजन चन्द्रनिगाहपुरले रौतहटको तरहरी नदी, लमहा नदी र लौकाहा नदीमा पुल निर्माणका ठेक्का पनि तोडिने प्रक्रिया थालेको हो । यी तीनवटै ठेक्का पप्पु-शिवशंकर जेभीका हुन् । रौतहटकै झन्ज नदीमा पुल बनाउन मृत संजीवनी निर्माण सेवा र झान्झ खोलामा पुल बनाउन दिवा-नियाग्रा-लक्ष्मण रेखा जेभीसँगको सम्झौता पनि तोड्ने तयारी छ ।

सडक भिडिजन विराटनगरले डाइनिया-पथरी सडकको मारिया बक्राह खोला पुल बनाउन निलगिरी निर्माण सेवाले लिएको ठेक्का, मोरङमा जरुवापानी राजघाट बोक्स कल्भर्ट बनाउन कृष्ण निर्माण सेवासँग भएको सम्झौता र मधेली-३ डोडा टोल चाँदबेलामा थलाहा खोला पुल बनाउन निलगिरी निर्माण सेवाले लिएको ठेक्का रद्द गर्ने प्रक्रिया अघि बढाएको छ । त्यस्तै, ऊर्लावारी मधुमल्ला सडक कालापत्रे गर्न प्रेरा-ज्योति जेभी र पूर्वपश्चिम राजमार्गको इटहरी महाखोला खण्ड मर्मत गर्न हिम सगरमाथा-बि एन्ड बि-आर वान जेभीसँग गरिएको गरिएको ठेक्का सम्झौता पनि तोड्ने तयारी छ ।

महाधिवेशनबाट...

पृष्ठ १ बाट क्रमशः

भएर हमला गरेका होलान् । साथीहरूले मौका पाउनुभएको छ र हमला गर्नुभएको छ । मैले योभन्दा चर्को हमला सुनेको छु, ०७६ मा सहेको छु, ०७८ मा पनि सुनेको छु । कहिले मैले आलोचना सहेको छैन र ?'

केन्द्रीय नेताहरूलाई प्रजाजस्तो नभएर कमरेड्ली व्यवहार गर्न ध्यानाकर्षण गराएका केन्द्रीय सल्लाहकार परिषद् अध्यक्ष अमृत बोहराको सुझावलाई पनि ओलीले जवाफ फर्काए । 'हामी सबै सिस्टममै चल्ने हो । सिस्टममा चल्नुपर्छ, को रैती, को प्रजा छ ?' पार्टीमा अनुशासन कायम गराउन नसकेकोमा ओलीले 'आत्मालोचना गर्छु' भनेका थिए ।

बैठकमा सचिव योगेश भट्टराईले अध्यक्ष ओलीलाई नेतृत्व हस्तान्तरणका दुई विकल्प दिएका थिए । पहिलो विकल्पअनुसार ओलीले तत्काल वरिष्ठतम नेतालाई कार्यवाहक जिम्मेवारी दिएर ११औँ महाधिवेशनमार्फत सहमति वा प्रतिस्पर्धाबाट नयाँ नेतृत्व चयन गर्न सक्ने प्रस्ताव थियो । दोस्रो विकल्पमा भने ओलीकै नेतृत्वमा महाधिवेशन सम्पन्न गर्ने, तर अहिल्यै नेतृत्व छाड्ने पूर्वघोषणा गरेर महाधिवेशनबाट नयाँ नेतृत्व निर्वाचित गराउने सुझाव उनले दिएका थिए । यी दुईमध्ये कुनै एक विकल्प ओलीले स्वैच्छिक रूपमा रोज्नुपर्ने भट्टराईको प्रस्ताव छ ।

बैठकमा विद्या भण्डारीको सदस्यता नवीकरणबारे विगतमा भन्दा धेरै सदस्यले प्रश्न उठाएपछि गम्भीर देखिएका ओलीले यसका लागि संवाद गर्ने बताए । बैठकमा पदाधिकारीसहित करिब एकतिहाइ केन्द्रीय सदस्यले भण्डारीको सदस्यता नवीकरण नगरिए संकटका वेला पार्टी एकताबद्ध नहुने धारणा राखेका थिए । जवाफमा ओलीले भावनात्मक अभिव्यक्तिसहित भने, 'म विद्या भण्डारीलाई राम्रै जान्दछु । उहाँ असजिलो अवस्थामा हुनुहुन्थ्यो, मैले सहयोग गरेको हुँ । म उहाँको अप्ठ्यारो वेलाको साथी हुँ । तर, अहिले मलाई अचम्म पनि लाग्छ, उहाँलाई ब्लड क्यान्सर भएका वेला अलिकति पार्टी कोषबाट सहयोग गरौँ न भन्दा विरोध गर्नेहरूले नै अहिले उहाँलाई सदस्यता दिऊँ भनेर सिकाउन खोजिरहनुभएको छ ।'

सदस्यताबारे आफैँले उनीसँग संवाद गरेर टुंगो लगाउने भन्दै पार्टीको एजेन्डाका रूपमा निर्णय गर्नुपर्ने आवश्यकता नरहेको ओलीको भनाइ थियो । 'उहाँको एजेन्डा अरू कसैले बोक्नुपर्दैन । अहिले फुर्सद नभएर हो । बैठक सकियो अब म आफैँले उहाँलाई भेटेर सदस्यताबारे फाइनल कुरा गर्छु,' ओलीले भनेका थिए ।

ओलीले बैठकमा अन्तरिम सरकारले आफूलाई जसरी पनि थुन्नका लागि अनेक योजना र प्रपञ्च रचिरहेको आरोप पनि लगाए । 'केपी ओलीलाई कसरी थुन्न सकिन्छ भनेर गृहमन्त्रीले सल्लाह र छलफल गर्दै छन्, कहीँकतै केही भेटिएन । हिजो जेन-जीहरूले मान्दै मानेनन्, केपी ओलीलाई त जसरी पनि थुन्नुपर्छ भनेर सरकार निरन्तर प्रयासमा छ,' ओलीले भने, 'जेन-जीले यो माग गरेका छैनन् । तर, सरकारमा भएकाहरू जेन-जीको माग भनेर दाबी गरिरहेका छन् । जेन-जीले हामी दलविरुद्ध छैनौँ, संविधानविरुद्ध छैनौँ भनेका छन् ।'

२१ फागुनको प्रतिनिधिसभा निर्वाचन अस्वीकार गर्दै एमालेले प्रतिनिधिसभा पुनर्स्थापनाको मागलाई प्रमुख एजेन्डा बनाएको छ । एमालेले अन्तरिम सरकारले चुनाव गराउन नसक्ने निष्कर्ष निकाल्दै प्रतिनिधिसभा पुनर्स्थापनाका लागि सबै लोकतान्त्रिक शक्तिहरूलाई सहकार्यका लागि आह्वान गरेको छ ।

केन्द्रीय समितिमा...

पृष्ठ १ बाट क्रमशः

महाधिवेशन पछाडि धकेल्ने गरी केन्द्रीय समितिको म्याद थप्ने प्रस्तावलाई महामन्त्री थापाले अस्वीकार गरेपछि बहुमत सदस्यले उनको प्रस्ताव अघि बढाउन स्वीकृति दिएनन् । जसका कारण विकल्पसहितको प्रस्ताव केन्द्रीय समितिमा पेस हुन नसकेको नेताहरूले बताएका छन् ।

केन्द्रीय सदस्य डिला संग्रौलाले महामन्त्रीको प्रस्ताव केन्द्रीय कार्यसमितिमा नआएको बताइन् । 'महामन्त्रीले कार्यतालिका केन्द्रीय कार्यसम्पादन समितिमा पेस गर्नुभएको रहेछ । त्यो एजेन्डा होइन भनेर केन्द्रीय समितिमा ल्याउन दिएनन्,' उनले भनिन्, 'मंसिरभित्र नै महाधिवेशन सम्पन्न गर्नुपर्छ । र, कार्यतालिका सार्वजनिक हुनुपर्छ भन्ने हाम्रो भनाइ छ ।'

विधानअनुसार कांग्रेसको १५औँ महाधिवेशन चारवर्षे नियमित कार्यकालअनुसार आगामी मंसिरभित्र भइसक्नुपर्छ । तर, एक वर्ष थप्न पाउने अधिकार सभापतिलाई छ । संस्थापन पक्ष मंसिरभित्र महाधिवेशन गर्न सम्भव नभएको र चुनावको मुखमा महाधिवेशन गर्दा अन्तरघात हुने भन्दै केन्द्रीय समितिको म्याद एक वर्ष थप्ने पक्षमा छ । तर, महामन्त्रीद्वय थापा र विश्वप्रकाश शर्मा तथा नेता शेखर कोइराला पक्ष नियमित महाधिवेशनका लागि आवाज उठाइरहेका छन् । नियमित महाधिवेशन हुन नसके विशेष महाधिवेशनमा जानुपर्ने उनीहरूको मत छ ।

कांग्रेस प्रवक्ता प्रकाशशरण महतले महामन्त्रीले कार्यसम्पादन समितिमा महाधिवेशन कार्यतालिका प्रस्तुत नगरेको दाबी गरे । 'महामन्त्रीले कार्यसम्पादन समितिमा कार्यतालिका पेस गर्नुभएको छैन । मंसिरभित्र गर्ने गरी खाका बनाएको छु भन्नुभएको हो,' महतले भने, 'केन्द्रीय समितिमा १५औँ महाधिवेशन कुन मितिमा कसरी गर्ने भन्नेबारे छलफल ओपन गरेको छ । कुनै कार्यतालिका पेस भएको छैन । कार्यसम्पादनबाट समझदारी गरेर आएपछि पेस होला ।' प्रवक्ता महतले महाधिवेशनबारे केन्द्रीय समितिमा अलग-अलग मत आएको पनि बताए ।

महामन्त्री थापाको प्रस्तावमा के छ ?

यही सन्दर्भमा महामन्त्री थापाले बिहीबार केन्द्रीय कार्यसम्पादन समितिमा तीनवटा विकल्प राखेर प्रस्ताव पेस गरेका हुन् । थापाले पहिलो विकल्पमा मंसिर २७-२९ मा नियमित महाधिवेशन गर्नुपर्ने प्रस्ताव गरेका छन् ।

यसका लागि उनले २१ कात्तिकसम्म नयाँ सदस्यता वितरण तथा नवीकरण भएका सदस्यताको इन्ट्री गर्नुपर्ने भनेका छन् । यो समयलाई उनले दुई हप्ता वडामा फारम भर्ने, एक हप्ता प्रतिनिधिसभा क्षेत्रबाट स्वीकृत गर्ने समयसीमा तोकेर २१ गतेभित्र टुंग्याउने गरी विभाजन गरेका छन् । जेन-जीलगायत नयाँ पुस्तालाई क्रियाशील सदस्यता वितरण गर्न झन्झटिलो प्रक्रिया छोट्याउने र अनलाइनबाट समेत वडाबाट सदस्यता आवेदन दिन पाउने व्यवस्था गर्नुपर्ने भनेका छन् ।

थापाले कात्तिक मसान्तसम्म नयाँ तथा नवीकरण सदस्यता टुंग्याउने, ७ मंसिरसम्म क्रियाशील सदस्यको नामावली केन्द्रीय निर्वाचन समितिलाई बुझाउने, १२ र १३ मंसिरभित्र वडा अधिवेशन गर्ने, २१ मंसिरभित्र प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन र केन्द्रीय महाधिवेशन प्रतिनिधि चयन गर्ने तथा नेपाली जनसम्पर्क समितिको अधिवेशन गरिसक्ने र २७ गते केन्द्रीय महाधिवेशन गर्ने थापाको प्रस्ताव छ ।

थापाले महाधिवेशन समयमा नै सम्पन्न गर्ने सहजताका लागि वडा कार्यसमिति र क्षेत्रीय प्रतिनिधि चयन तथा प्रतिनिधिसभा क्षेत्रीय समिति र महाधिवेशन प्रतिनिधि चयन गरी सीधै केन्द्रीय महाधिवेशन हुने गरी विस्तृत कार्यतालिका बनाउने र यसबाहेक अन्य तहगत कार्यसमितिको चयन केन्द्रीय महाधिवेशनपछि गर्न सकिने प्रस्ताव पनि गरेका छन् ।

थापाले नियमित महाधिवेशनका लागि अघि सारेको दोस्रो विकल्पमा पनि २७ देखि २९ मंसिरमै महाधिवेशन गर्ने भनिएको छ । तर, यसमा पालिका, जिल्ला, प्रदेश तहको पनि पहिल्यै अधिवेशन गरेर केन्द्रीय अधिवेशन गर्न सकिने भनिएको छ । यो प्रस्तावमा वडा अधिवेशन ५ मंसिरमा, पालिका अधिवेशन ८ मंसिरमा, प्रदेश क्षेत्रीय अधिवेशन १२ मंसिरमा, प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन तथा केन्द्रीय महाधिवेशन प्रतिनिधि चयन र नेपाली जनसम्पर्क समिति अधिवेशन १५ मंसिरमा गर्ने, जिल्ला अधिवेशन १८ मंसिरमा, प्रदेश अधिवेशन २१ मंसिरमा गर्ने भनिएको छ । महामन्त्री थापाले २७-२९ मंसिरमा १५औँ केन्द्रीय महाधिवेशनका लागि प्रस्तावित कार्यतालिकाअनुसार काम गर्ने क्रममा व्यावहारिक कठिनाइ भएमा ढिलोमा पुस पहिलो हप्तासम्म सम्पन्न गर्ने गरी कार्यतालिका परिमार्जनका लागि छलफल गर्न सकिने विकल्प प्रस्तुत गरेका छन् ।

थापाले नियमित महाधिवेशन गराउन छोटो प्रक्रिया अपनाउन सकिने प्रस्ताव पनि गरेका छन् । जसमा १४औँ महाधिवेशनमा भाग लिएका पार्टी कार्यालयमा भएको सदस्यता व्यवस्थापन तथा अभिलेख प्रणालीमा प्रविष्ट भइसकेका क्रियाशील सदस्यहरू आठ लाख ७० हजार ४२०, १४औँ महाधिवेशनपछि क्रियाशील सदस्यता प्रदान गर्ने भनी निर्णय भएअनुसार स्वीकृत गरी नवीकरण भएका १३ हजार ९१७ र १४औँ महाधिवेशनमा जिल्लाबाट नवीकरण छुट भई केन्द्रबाट नवीकरण भएका १३ हजार ३२६ तथा केन्द्रबाट विधानबमोजिम प्रदान गरेका १४९ सदस्यसमेत जम्मा आठ लाख ९७ हजार ८१२ मध्ये यस कार्यावधिमा मृत्यु भएका र पार्टी परित्याग गरेकाबाहेक सबै क्रियाशील सदस्य र उल्लिखित समयमा नयाँ क्रियाशील सदस्यता लिएका सबैलाई १५औँ महाधिवेशनको प्रयोजनका लागि क्रियाशील सदस्यका रूपमा मान्यता दिने भनेका छन् । यसले समयमा नै महाधिवेशन सम्पन्न गर्ने प्रक्रियालाई थप सहज बनाउने थापाको भनाइ छ ।

महामन्त्री थापाले पार्टीको आमूल सुधार गर्न, सदस्यता खुला र प्रक्रिया सहज बनाउँदै निर्णय प्रक्रियामा आमसदस्यको निर्णायक स्थान हुने गरी क्रियाशील सदस्यहरूको प्रत्यक्ष मतदानबाट सीधै नेतृत्व चयनको व्यवस्था गर्ने प्रस्ताव गरेका छन् ।

नियमित नभए विशेष महाधिवेशन

महामन्त्री थापाले अहिले विशेष र असामान्य परिस्थितिमा नियमित अधिवेशन गर्न नसकिने भएमा विशेष महाधिवेशनमा जानुपर्ने प्रस्ताव गरेका छन् । 'नियमित महाधिवेशन गर्न नसकिने भन्ने हो भने यही केन्द्रीय कार्यसमितिको बैठकबाट विधानको धारा १७(२) मा भएको व्यवस्थाअनुसार मंसिर मसान्तभित्र विशेष केन्द्रीय महाधिवेशनको सुनिश्चित गर्ने,' उनले भनेका छन् । यसका लागि सदस्यता वितरण र व्यवस्थापनका लागि १६५ वटै क्षेत्रमा १५ दिनका लागि केन्द्रबाट अधिकारसम्पन्न आवासीय प्रतिनिधि खटाउने उनको प्रस्ताव छ ।

standard chartered

स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडका शेयरधनी महानुभावहरुलाई जानकारी

यस स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको मिति २०८२ असोज ३१ मा बसेको संचालक समितिको ४७६औं बैठकले आर्थिक वर्ष २०८१/८२ को वित्तीय विवरण तथा नाफा नोक्सान हिसाब अनुमोदन गरी नियामक, नेपाल राष्ट्र बैंक तथा बैंकका शेयरधनीहरूको साधारण सभाबाट स्वीकृति प्राप्त भएको खण्डमा प्रति शेयर रू. १९ (अक्षरुपी उन्नाइस रूपैयाँ मात्र) नगद लाभांश (कर सहित) प्रदान गर्ने प्रस्ताव गरेको व्यहोरा यस बैंकका शेयरधनी महानुभावहरूमा सहर्ष जानकारी गराउँदछौं ।

कम्पनी सचिव
स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड
नयाँ बानेश्वर, काठमाण्डौ ।

हार्दिक श्रद्धाञ्जली



जन्म:
वि.सं. २०००
साउन १० गते

स्वर्गारोहण:
वि.सं. २०८२
असोज २० गते

स्व. कुल बहादुर श्रेष्ठ

हाम्रा सहकर्मी श्री बिक्रम श्रेष्ठका पूजनीय पिता **कुल बहादुर श्रेष्ठ**को स्वर्गारोहण भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

सानिमा बैंक
www.sanimabank.com
पो.ब.नं.: २०३९४, 'अलकापुरी', नक्साल, काठमाडौं फोन: +९७७-१-५९७००३३
फ्याक्स: +९७७-१-४४२८९६९ ईमेल: sanima@sanimabank.com

ताप्लेजुङका...

पृष्ठ १ बाट क्रमशः

बस्ती गाउँपालिकाले सिफारिस गरेबमोजिम सोही गाउँपालिका- ३ को साँघुमा स्थानान्तरण गर्न स्वीकृति प्रदान गरेको हो । योसँगै ३ असोज ०८० को पहिरोबाट विस्थापित भएका मैवाखोला- ४ ओदकका ६२, ताम्राङका दुई र वडा ३ साँघुका एक गरी ६५ परिवारलाई स्थायी आवास बनाउने बाटो खुलेको हो । विस्थापितहरू दुई साँघुमा निर्माणाधीन मदन भण्डारी रंगशाला हाताभित्र अस्थायी टहरामा छन् ।

प्राधिकरणका प्रवक्ता शान्ति महतले बस्ती बसाउन पालिकाले सिफारिस गरेअनुसार निर्णय भएको बताइन् । 'उहाँहरू पुरानो बस्तीमा फर्कन सक्ने अवस्था छैन । हामीले जग्गाका लागि प्रतिपरिवार तीन लाखसम्म र घर निर्माणका लागि पाँच लाखका दरले दिन्छौँ,' उनले भनिन्, 'बस्ती बसाउने योजनामा पालिकाले काम गर्छ ।' बाढीपहिरोपीडितलाई स्थायी आवासका लागि संघ र प्रदेशले ४०-४० तथा स्थानीय तहले २० प्रतिशत रकम लगानी गर्नुपर्ने हुन्छ । मैवाखोला गाउँपालिकाका अध्यक्ष विजयप्रकाश बनेमले प्रतिपरिवार एक रोपनी जग्गा खरिद गरेर एकीकृत बस्ती बसाउने योजना रहेको बताए ।

भदौ २४ को...

पृष्ठ १ बाट क्रमशः

'ब्रिफिङ' गरेका हुन् । सेनाले सम्भावित सुरक्षा चुनौतीप्रति नजर राखिरहेको र तोकिएकै समयमै प्रतिनिधिसभा निर्वाचन गराउन सक्षम रहेको स्पष्ट पारेको छ । सेनाको युद्धकार्य विभाग प्रमुख थापाले जेन-जी आन्दोलनका वेला परिस्थिति सहज बनाउन सेना सक्रिय भएको बताए । 'नेपाली सेनाले राजनीति गर्दैन । तत्कालीन समयमा शान्ति सुरक्षा र अमनचैन कायम गर्न त्यसवेला सेनाले वस्तुगत ढंगले परिस्थितिको मूल्यांकन गरी आवश्यक पहल लिइएको मात्र हो । यसको परिणामबाटै सेनाको कस्तो खालको नियत थियो भन्ने आकलन गर्न सकिन्छ,' उपरथी थापाले भने ।

सेनाले आन्दोलनका वेला परिस्थिति थप जोखिमपूर्ण हुन नदिने उत्तम विकल्पमा काम गरेको उपरथी थापाले बताए । उनले विश्वका विभिन्न ठाउँमा सेनाले सत्ता आफ्नै हातमा लिएको संकेत गर्दै नेपाली सेनाले त्यस्तो विकल्प नखोजेको जनाउ दिए । 'एकछिनलाई मूल्यांकन गरौँ, भदौ २४ को राति सेनाले स्थिति साम्य पार्ने प्रयास नगरेको भए अथवा विश्वका विभिन्न ठाउँमा देखिएका अन्य मोडेलअनुसार अघि बढेको भए के हुन सक्थ्यो ?' उपरथी थापाले भने, 'शान्तिपूर्ण निकास र अराजक वातावरणको न्यूनीकरणका लागि सबै पक्षसँग वार्ता गर्न अपरिहार्य थियो । त्यसवेला राजनीतिक दलहरूसँग छलफल गर्न कोही पनि जान सक्ने अवस्था थिएन । यो परिस्थितिमा छलफलको टेबुलमा ल्याई परिस्थिति थप जोखिमपूर्ण हुन नदिने नै उत्तम विकल्प भएको सेनाको निर्क्योल थियो ।'

युद्धकार्य विभागका अनुसार २३ र २४ भदौमा देशका चार सय ८४ स्थानमा आन्दोलन भएका थिए । उपरथी थापाले त्यसवेला सेनाको प्राथमिकताबारे भने, 'यथाशीघ्र शान्ति सुरक्षा र अमनचैन कायम गर्ने, स्थिति भयावह हुन नदिने, जोखिममा रहेका भिआइपी तथा आश्रित परिवारको जीवनरक्षा उद्देश्य थियो ।'

सैनिक अधिकारीले २४ भदौमा एकै रातमा शान्ति सुव्यवस्था र अमनचैन कायम गरिएको जिकिर गरे । सेना २४ भदौ राति १० बजेदेखि परिचालन भएको थियो । सेनाका अनुसार जेन-जी आन्दोलनदेखि २८ भदौसम्म काठमाडौं उपत्यकाभित्र ६ हजारभन्दा बढी तथा बाहिर १८ हजार सैनिक परिचालित थिए ।

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झरोखाँ



इजरायलीहरू भन्थे- विपिन हिरो हो, जसले आफूलाई अपहरणको फन्दामा पारे। तर, साथीहरूलाई बचाए।

फर्कियो सुटकेस र पासपोर्ट फर्किएनन् विपिन

नेपाल कूटनीतिमा कमजोर हुँदा विपिनको खबर समयमै पाउन सकिएन



● पर्शुराम काफ्ले

०८२ भदौ पहिलो साता विपिन जोशीका आमा पद्मा र बहिनी पुष्पाले इजरायल भ्रमण गरे। दाइ/छोराको रिहाइको आशा बोकेका उनीहरू विपिन अपहरणस्थल पुगे, इजरायलका राष्ट्रपति, प्रधानमन्त्री, सभामुख, मन्त्रीहरू, सेनाप्रमुखलगायत सबै उच्च पदाधिकारीसँग भेटेर पुकारा गरे। विपिनको खबर फेला पर्ला भन्ने आस थियो, तर फेला परेन। तर, उनीहरूले फेला पारे विपिनको सुटकेस, ल्यापटप, नागरिकता र पासपोर्ट। इजरायली सेना (आईडिएफ)ले विपिन अपहरणका वेला भएका घटनाको जाँचबुझका लागि लगेको ल्यापटप आमा र बहिनीलाई उपलब्ध भयो। सुटकेसभित्र नागरिकता, पासपोर्टसहित विपिनका सामान भेट्दा उनीहरूको भक्कानो फुट्यो। विपिन थिएनन्, तर विपिनका सामान लिएर उनीहरू इजरायलबाट नेपाल फर्किए।

इजरायलमा भेटिएको सुटकेस, नागरिकता र पासपोर्ट नै विपिनको अन्तिम चिनो बन्न पुग्यो। इजरायल सरकारको व्यवस्थापनमा गएका परिवार विपिनको चिनो लिएर भदौ पहिलो साता स्वदेश फर्किंयो, तर विपिन फर्केनन्। बरु, यही सोमबार (२७ असोज) इजरायलबाट मुटु चुँडिने खबर फैलियो, विपिन दुनियाँमा रहेनन्।

विपिनको खबर सुनेका नेपालीको आँखा एकैसाथ भिजेका छन्। उनलाई स्वागत गर्ने नेपालीको अधैर्य चाहनामा सोमबारदेखि विराम लागेको छ। जे नहोस् भनिएको थियो, त्यही भयो। विपिन जीवित छैनन् भन्ने इजरायली सूचनाले परिवारमा मात्र नभई सिंगो देश बेचैन भयो। सोमबार बिहान इजरायली अधिकारीले सुरुमा नेपाली राजदूत धनप्रसाद पण्डितलाई सम्पर्क गरे। कामविशेषले साइप्रस पुगेका उनलाई भनियो, 'विपिन जोशी जीवित भएको प्रमाण भेटिएन। यो जानकारी परिवारलाई पनि गराउन चाहन्छौं।' हमास समूहबाट प्राप्त सूचनाका आधारमा इजरायली अधिकारीले यो अप्रिय सूचना परिवारलाई केही बेरमा साझा गरे। अमेरिकामा रहेका विपिनकी आमा र बहिनी, कञ्चनपुरमा रहेका विपिनका ठुलो बुबाका छोरा किशोर, नेपाली राजदूत पण्डित र इजरायली प्रधानमन्त्री कार्यालय तथा परराष्ट्र मन्त्रालयका अधिकारीसहितको भिडियो बैठकमा इजरायली रक्षा बल (आइडिएफ)का फिल्ड कमान्डरले भने, 'विपिन अब जीवित छैनन्।' करिब सात मिनेटमा भिडियो बैठक स्तब्धतामाबिच सकियो। राजदूत पण्डितले उक्त भिडियो बैठकअघि पंक्तिकारलाई सम्पर्क गरेर सुनाइसकेका थिए। नयाँ पत्रिकामा पहिलोपटक यो खबर सार्वजनिक भएसँगै धेरैले पंक्तिकारसँग सोधिरहेका थिए, 'के खबर सही हो ?'



भदौ पहिलो साता इजरायलमा फेला परेको विपिन जोशीको सुटकेस, नागरिकता र पासपोर्टको साथमा इजरायलका लागि नेपाली राजदूत धनप्रसाद पण्डित

परिवारमा अक्टोबर ७, २०२३ देखि अक्टोबर १३, २०२५ सम्म दुई वर्षको बेचैनी कम्ती पीडादायी थिएन। इजरायल र हमास समूहबिच यसबिचमा भएका युद्धविराम र बन्दी रिहाइमा विपिन परेनन्। युद्धविरामको यो किस्तामा हमाससँग बाँकी रहेका मानिस मुक्त हुँदा विपिन सकुशल फर्किने आशामा परिवार र देश नै थियो। त्यस दिन हमासको कब्जामा रहेका २० जना जीवित बन्धक र शव इजरायललाई हस्तान्तरण गर्ने र इजरायली जेलमा रहेका एक हजार ७१८ जना प्यालेस्टाइनी बन्दीलाई मुक्त गर्ने पूर्वघोषित सहमति कार्यान्वयन हुँदै थियो। जीवित वा मृतकको सूचीमा विपिनको नाम थिएन। तर, उनी कहीं कतै जीवित होलान् र शान्ति सम्झौताको उपहारस्वरूप सकुशल फिर्ता होलान् भन्ने आस थियो। गाजापट्टीबाट जीवितै सकुशल विपिन फर्किने व्यग्र प्रतीक्षाको निराशाजनक अन्त्य भयो।

सन् २०२० असोज २० गते दक्षिणी इजरायलको गाजासँग सीमा जोडिएका इजरायली भूभागमा हमास समूहले अन्धाधुन्ध गोली हान्दा १२ सयभन्दा बढी मारिए। नेपाली विद्यार्थी १० जना पनि हमासको ग्रिनेड आक्रमणको सिकार भएर मारिए। हमास समूहले हानेको ग्रिनेड बाहिर फालेर चारजना नेपाली साथी बचाएका विपिन त्यही क्षण अपहरणमा परे। गाजाको सीमावर्ती आलुमिम किबुजबाट अपहरणमा परेका विपिन जोशीको मृत्यु घोषणा मात्र भएन, गत साता यो पनि यकिन भयो कि उनको मृत्यु २०२३ नोभेम्बरमै भइसकेछ। विपिनको मृत्यु भएको खबर र शव एकैसाथ गाजाक्षेत्रमा भेटियो। इजरायलमा विपिनको शव पुग्यो, डिएनए र पोस्टमार्टम परीक्षण भयो। यो पंक्ति लेखिने वेलासम्म उनको शव एउटा कार्गो कम्पनीलाई नेपाल ल्याउन हस्तान्तरण भएको छ। इजरायल सरकारको खर्चमा विपिनको दुई वर्ष पुरानो शवको बाकस महेन्द्रनगर पुग्दै छ।

विपिनको शव सोमबार साँझ इजरायल पुग्यो। मंगलबार उनको डिएनए र पोस्टमार्टम परीक्षण भयो। अपहरणको अर्को महिना अर्थात् २०२३ नोभेम्बरमै हमासको कब्जाबाट उनको मृत्यु भएको पत्ता लागेको छ। यो सूचना पाउन दुनियाँले दुई वर्ष पर्खिनुपऱ्यो।

विपिनको मृत्यु घोषणा भयो। यसमा सबैभन्दा आश्चर्य त विपिनको खबर दुई वर्षदेखि गुपचुप थियो। हमास समूहले यो खबर लुकाएर राखेको थियो कि खबर थाहा पाएरै इजरायलले मौनता साँधेको थियो ? थाहा हुन सकेको छैन। नेपाल त यसमा बेखर छँदै थियो। यसअघिका सरकारले विपिन छुटाउन सार्थक प्रयास गरेनन्, उनीमाथि राजनीति मात्रै गरिरहे। दुई वर्षसम्म विपिन आउने आशामा त्यतैतिर आँखा र ध्यान फर्काएको परिवारलाई सरकारले असह्य पीडा दिएको छ।

सुदूरपश्चिम विश्वविद्यालयबाट बिएससी एग्रिकल्चर अध्ययन गरेर इजरायलमा लर्न एन्ड अर्नअन्तर्गत ११ महिनाका लागि इन्टर्न गर्न गएका ४९ जना साथीहरूको समूहमा विपिन थिए। उनी २७ भदौ ०८० मा गएका थिए। उनीहरूको समूहलाई नेपालका लागि इजरायलका तत्कालीन राजदूत (हाल म्यानमारका लागि इजरायली राजदूत) हनान गोदरले त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा बिदाइ गरेका थिए।

लर्न एन्ड लर्न कार्यक्रमअन्तर्गत इन्टर्नका लागि गएका नेपाली विद्यार्थी किबुज आलुमिममा थिए। ग्रामीण प्रकारको परिवेशमा उनीहरू कृषिमा इन्टर्न गर्दै थिए, स्थानीयसँग उनीहरू भिजेका थिए। पंक्तिकार साउन अन्तिम साता इजरायल भ्रमणका क्रममा उनी अपहरण परेको किबुज आलुमिम जाँदा भेटिएका स्थानीयले नेपाली युवा र विपिनको हार्दिकताको खुलेर प्रशंसा गरेका थिए। विपिनप्रति उनीहरूले हृदयदेखि नै चिन्ता जनाइरहेका थिए।

गत साउन अन्तिम साता नेपाली पत्रकारको टोलीपछि विपिनका परिवारलाई भदौ पहिलो साता इजरायल सरकारले विपिन अपहरणमा परेको आलुमिक किबुज पुऱ्याएका थिए। त्यहाँबाट १८ सय मिटर परको काँडेतारभित्र गाजापट्टीतिर विपिनलाई हमास समूहले लगेका थिए। त्यहाँको सिफा अस्पतालमा उनलाई सुरुमा लगेको भिडियो सार्वजनिक भयो। त्यसपछि विपिनको अवस्था अज्ञात थियो। नेपाल सरकार र परिवार भगवान् भरोसामा थियो।

किबुजस्थित कृषि फार्मको साधारण घरकोठाबाट विपिन २० असोज ०८० देखि हमासको कब्जामा परेर बेपत्ता भए। त्यस दिन हमासको गोली प्रहारबाट इजरायलतिर एक हजार २०० भन्दा बढी व्यक्तिको मृत्यु भएको थियो, जसमा १० जना नेपाली पनि मारिएका थिए। त्यसवेला परराष्ट्रमन्त्री एनपी साउद आफैं नेपाल एयरलाइन्समा चालकदलका सदस्यको कानुनी हैसियतमा इजरायल पुगेर विद्यार्थी फर्काएका थिए।

सरकारले हमास समूहसँग सम्बन्ध र सम्पर्क रहेका इरान, इजिप्ट, साउदी अरेबिया, कतारसँग सम्पर्क गऱ्यो। तर, सार्थक कूटनीतिक प्रयास भएनछ। यतिसम्म कि सरकारले विपिन हमासको कब्जामा रहेको खबर पनि आधिकारिक रूपमा पाउने स्रोत भेटेन।

> ■ आज विपिनको परिवार शोकमा छ, तर नेपाल मौन छ। **भनिन्छ, कहिलेकाहीं राष्ट्र केवल सीमाभित्र होइन, आफ्ना नागरिकको हृदयभित्र मर्छ।** आज त्यही भएको छ।

■ सरकारले हमास समूहसँग सम्बन्ध र सम्पर्क रहेका इरान, इजिप्ट, साउदी अरेबिया, कतारसँग सम्पर्क गऱ्यो। तर, सार्थक कूटनीतिक प्रयास भएनछ। **यतिसम्म कि सरकारले विपिन हमासको कब्जामा रहेको खबर पनि आधिकारिक रूपमा पाउने स्रोत भेटेन।**

> ■ थाइल्यान्ड, अमेरिका र इजरायली नागरिक हमास समूहबाट जीवितै फिर्ता गर्ने वातावरण बन्दा **नेपालले विपिनलाई किन जीवितै फर्काउन सकेन ?**

रहेको खबर पनि आधिकारिक रूपमा पाउने स्रोत भेटेन। सल्यानका विधान सेजवाल, दाङका रविन डाँगी, कैलालीका धनबहादुर चौधरी र गोरखाका हिमाञ्चल कट्टेलले विपिनलाई हमास समूहले नियन्त्रणमा लिएको बयान दिँदै आएका थिए। हमास समूहले दुइटा ग्रिनेड फालेकोमा एउटा विपिनले समाएर बाहिर फालेका थिए। त्यसपछि विपिन उनीहरूको अपहरणमा परे। नेपाल सरकारको सूचनाको स्रोत यही थियो, बाँकी सूचनाको स्रोत पर्गेल्न उसले सकेन। नेपाल कूटनीतिमा कमजोर हुँदा विपिनको खबर समयमै पाउन सकिएन।

हमास समूहले ग्रिनेड आक्रमणमा सुरक्षित घर (घर खासमा सुरक्षित थिएन) मानिएको कोठामा चारजना नेपाली विद्यार्थी घाइते भए। तिनै घाइते विद्यार्थीले दिएको सूचनामा सरकार निर्भर रह्यो, थप सूचना खोज्नतिर सरकार लागेन।

नेपालले हमासका निकट मानिएका कतार र टर्कीसँग सार्थक प्रयास गर्न सकेन। कतारसँग पहिलो श्रम सम्झौता गर्ने पहिलो दक्षिण एसियाली देश नेपाल थियो। सन् २००५ मा तत्कालीन परराष्ट्रमन्त्री रमेशनाथ पाण्डेले सम्झौतामा हस्ताक्षर गरेका थिए। तर, लगत्तै नेपालले संयुक्त राष्ट्रसंघीय महासभाको अध्यक्षमा कतारसँग प्रतिस्पर्धा गरेको थियो। नेपाल नजित्ने अवस्थामा उसलाई सहयोग गरेर सद्भाव बढाउनुपर्नेमा अनावश्यक प्रतिस्पर्धा गरेको थियो। कतारका अमिरको नेपाल भ्रमणमा उनीप्रति विश्वास आर्जन गर्न नेपालले सकेन।

नेपालप्रति उसको विशेष सद्भावना कायम राख्न नसक्दा ऊबाट फाइदा लिन सकिएन। टर्कीसँग नेपालले सार्थक संवाद नै गरेन। टर्कीमा हमासको हेडक्वार्टर छ। विपिनको विषयमा गर्नुपर्ने कूटनीतिक प्रयास भएन। नेपाल असफल भयो र एक्लियो। अन्तर्राष्ट्रिय जगत्मा नेपालका मित्रहरूको संख्या घट्यो। थाइल्यान्ड, अमेरिका र इजरायली नागरिक हमास समूहबाट जीवितै फिर्ता गर्ने वातावरण बन्दा नेपालले विपिनलाई किन जीवितै फर्काउन सकेन ?

जेरुसेलमस्थित इजरायली विदेश मन्त्रालयको दक्षिण र पूर्वी एसिया ब्युरो प्रमुख सगी करनीले साउन अन्तिम साता यो पंक्तिकारले सोधेको प्रश्नमा विपिनबारे मनमा चिसो पस्ने उत्तर दिएका थिए। उनको भनाइ थियो, 'विपिन जोशीसहित २० जना व्यक्ति हमासको कब्जामा गाजामा जीवित छन् भन्ने ह्याम्रो अनुमान छ। तर, विपिनको पछिल्लो अवस्थाबारे उनी अपहरणमा परेदेखि हामीलाई यकिन छैन।' उनले विपिन जीवित वा मृत रहेको यकिन गरेनन्, केवल अनुमान सुनाए। मनमा चिसो पसे पनि विपिन फर्किने आशा जीवित थियो।

इजरायलले हमासको बन्धक बनाइएकाहरू सबैलाई उच्च सम्मान दिँदै आएको देखिन्थ्यो। इजरायलको तेलअभिभस्थित विमानस्थलको अध्यागमन भवनमा जोशीसहित हमासको कब्जामा रहेकाहरूको तस्बिर झुन्ड्याइएको थियो। जेरुसेलम र तेलअभिभभरि विपिनको तस्बिर देख्न पाइन्थ्यो।

इजरायली अधिकारीले सन्देश दिइरहेका थिए, इजरायलले विपिन मुक्तिका लागि कुनै पनि कसर बाँकी राखेको थिएन। इजरायली नागरिकसरह उनको मुक्तिका लागि उसले गरेको प्रयत्न त्यहाँ देखिन्थ्यो। उनीहरू भन्थे, 'विपिन हिरो हो, जसले आफूलाई अपहरणको फन्दामा पारे, तर साथीहरूलाई बचाए। विपिन ह्याम्रो हिरो हो।' नेपाली राजदूत पण्डित सुनाउँछन्, 'विपिनको अवस्थावारे इजरायलको डिफेन्स फोर्सलगायत कसैलाई ज्ञात थिएन। यदि उनीहरूलाई थाहा थियो भने भन्ने थिए। सोमबार बिहानसम्म हमासले पनि भनेको थिएन, इजरायलले पत्ता लगाउन सकेको थिएन भन्ने लाग्छ। हामीसँग केवल आशा मात्रै बाँकी थियो, अब यो पनि सकियो।' नेपालको हविगत यस्तो थियो कि इजरायली अधिकारीले विपिन जीवत नभएको सूचना सार्वजनिक गरिरहँदा परराष्ट्र मन्त्रालयचाहिँ विपिनको अवस्था अज्ञात रहेको भन्दै झुटो अपेक्षा बाँडिरहेको थियो।

विपिनको घटनापछि पूर्वपरराष्ट्रमन्त्री रमेशनाथ पाण्डेले अन्तरंग कुराकानीमा र सार्वजनिक रूपमा भनेका थिए, 'आफ्नो नागरिकलाई बन्धक बनाउँदा पनि छुटाउन प्रभावशाली कूटनीतिक सीप देखाउन नसक्नु अन्तर्राष्ट्रिय मामिलामा दक्षिण एसियामा सबैभन्दा लामो इतिहास भएको देशका लागि संकोचको कुरा हो। राष्ट्रपतिले असम्बन्धित जर्मन राष्ट्रपतिलाई, प्रधानमन्त्रीले इजिप्टका घटनाक्रमले उर्छिनिसकेका राष्ट्रपतिलाई, सभामुखले साउदी अरेबियाका सभामुखलाई र परराष्ट्रमन्त्रीले राष्ट्र संघ महासभालाई गुहारेपछि नेपालको कूटनीति सञ्चालन गाईजात्रे साबित भयो।' नेपाल सरकारको त्रुटि हमासमाथि निर्णयात्मक प्रभाव पार्न सक्ने देशको पहिचान गर्न नसक्नु थियो। नेपालले कतार, इरान र टर्कीमार्फत ढिला प्रयास गऱ्यो। तर, त्यो सार्थक भएन। यी देशसँग सम्बन्ध सञ्चालनको विगत त्रुटिपूर्ण हुँदा नेपालले चाहेका वेला सहयोग लिन सकेन। 'नेपालको कूटनीतिमा खिया लागेको, अन्तर्राष्ट्रिय सम्बन्ध शिथिल भएको कमजोरी सुधार्न ढिलो भइसक्यो। पुरानो विश्वव्यवस्थाको अन्त र नयाँ विश्वव्यवस्था स्थापित नभइसकेको वर्तमान संक्रमणकाल सामरिक भूस्थापन भएको नेपालका लागि जोखिमपूर्ण छ,' आफ्नो पुरानै लयमा पूर्वपरराष्ट्रमन्त्री पाण्डे विपिनको घटनाबारे भन्छन्, 'तसर्थ विपिन जोशीको ज्यान बचाउन नसकेको असफलता स्वीकार गरेर नेपालले कूटनीतिमा साँध लगाउन र अन्तर्राष्ट्रिय सम्बन्ध फेरि सार्थक बनाउन अघि सर्नुपर्छ।'

०६१ भदौ १६ गते इराकमा १२ नेपालीको बर्बर हत्या भयो। अफगानिस्तानको काबुलमा ०७३ असार ६ गते एम्बुसमा १२ नेपाली मारिए। युद्धसँग कुनै साइनो नभएका नेपाली निसाना हुने क्रमको पछिल्लो उदाहरण विपिन जोशी भए। विपिनको मृत्युको समाचारका लागि दुई वर्ष लाग्यो। अनाहकमा नेपालले विदेशी भूमिमा आफ्ना सन्तान गुमाएको छ। अरू देशका नागरिक गाजापट्टीको धुलो टकटक्याउँदै घर फर्किँदा हामीले असहाय प्रतीक्षा फर्काएका छौं। आज विपिनको परिवार शोकमा छ, र सँगै नेपाल मौन छ। भनिन्छ- कहिलेकाहीं राष्ट्र केवल सीमाभित्र होइन, आफ्ना नागरिकको हृदयभित्र मर्छ। आज त्यही भएको छ।

इजरायल र प्यालेस्टाइनबिच लामो लडाइँ र विवादको वासलातमा नेपाल काहीं पनि छैन। नेपालीहरू लडाइँको बहिखातामा छैनन्। रोजीरोटीको बाध्यता र अध्ययनबाहेक ती देश वा क्षेत्रसँग नेपालीको कुनै साइनो छैन। तर, नेपालीहरू नेपाल नजोडिएका युद्धको निसानामा पर्दै आएका छन्। विपिन यही नियतिको पछिल्लो सिकार भए। आशा गरौं, अब कहिल्यै यस्तो नहोस्। स्वर्गीय विपिनप्रति भावपूर्ण श्रद्धाञ्जली !

भान्सामा भित्रिएको महँगीको महाकाव्य

व्यंग्य



● रवि मिश्र




हाम्रो देशमा अचेल भौतिकशास्त्रका नियमहरू धमाधम फेल खाइरहेका छन् । न्युटनले भनेका थिए, 'हरेक वस्तु तल खस्छ ।' तर, यहाँ मूल्य कहिल्यै खस्दैन । यो यस्तो विचित्र भूमि हो, जहाँ मान्छेको इमान, नैतिकता र आदर्श दिनहुँ ओरालो लाग्छ, तर प्याज, गोलभेडा र काउलीको भाउ भने निरन्तर सगरमाथातिर उकालो लाग्छ ।

हिजोआज सुन पसलमा भन्दा तरकारी बजारमा बढी सुरक्षा गार्ड देखिन थाले भने अचम्म नमान्नुहोस्, सुन त अब 'मध्यम वर्गीय' धातु भइसक्यो, 'अभिजात वर्ग'को पहिचान त अब भान्साको तरकारीले दिन्छ !

कुनै पनि तरकारीको जीवनकथा आफैंमा एउटा महाकाव्य हो । जब त्यो किसानको बारीमा माटोमैलो भएर लमतन्न परिरहेको हुन्छ, त्यो जेन-जी आन्दोलनपछिको हर्क साम्पाङजस्तो सस्तो र मूल्यहीन हुन्छ । किसानको आँसुले सिँचिएको तरकारी, बिचौलियाको गाडीमा चढ्नुअघि सोचिरहेको हुन्छ, 'कसैले त मेरो मूल्य देला !'

तर, जब त्यो बिचौलिया, थोक विक्रेता र खुद्रा व्यापारीको त्रिवेणीमा डुबुल्की मारेर काठमाडौंको बजारमा पदार्पण गर्छ, त्यसको कायापलट भइसकेको हुन्छ । अब यो धरानबाट बुर्कुसी मारेका हर्क साम्पाङ हुन्नन्, जेन-जी विद्रोहपछि भक्तहरूले 'प्रधानमन्त्री बनिदेऊ न श्याम चस्मेश्वर !' भन्दा टिमुर्किएर हिँडेको बालेन शाहजस्तो पहुँचभन्दा बाहिर र किनिसाध्य नहुने भाउभक्षी हुन्छ । तपाईंले त्यसलाई छुन खोज्नुभयो भने पसले आँखा तेरेर भन्छ, 'हेरेर मात्र चित्त बुझाउनुस् दाइ, यो हेर्ने चिज हो, किन्ने होइन !'



तरकारी साहुजीको 'बहाना-शास्त्र' गज्जबको छ । तरकारी बजारका साहुजीहरू साधारण व्यापारी होइनन्, उनीहरू 'बहाना-शास्त्र'का प्रणेता हुन् । हरेक मूल्यवृद्धिको पछाडि उनीहरूसँग यस्तो अकाट्य तर्क हुन्छ, जसको अगाडि हार्बर्ड पढेर आएको भने फाँफाँफुँउ गर्दै सिँगौरी खेलिरहेका अर्थशास्त्रीका अर्थशास्त्र पनि फिक्का लाग्छ ।

हिजै मात्र साहुजीलाई सोधैं, 'यो धनियाँको मुठालाई सय रुपैयाँ किन ?'

उहाँले गम्भीर मुद्रामा प्रवचन सुरु गर्नुभयो,

'अघिल्लो हप्ता पानी अलि बढी पऱ्यो, धनियाँलाई रुघा लाग्न सक्छ । त्यसको स्वास्थ्य बिमा शुल्क जोड्नुपर्छ ।'

'एक महिना मात्रै अघि चन्द्रग्रहण थियो । धनियाँले हाम्रो रक्षा गऱ्यो । ग्रह-शान्ति पूजाको खर्च जोड्नुपर्छ !'


'हाम्रो तरकारी ल्याउने ड्राइभरले टिकटकमा भिडियो हाले, भाइरल भयो, अब ऊ 'सेलेब्रिटी'। भाडा बढाउनुपर्छ ।'

'बाटोमा धुलो उड्यो । हामीले पालले छोप्यौं, 'फेयरनेस' जोगायौं । त्यो पैसा कसले तिर्छ ?'

फेरि यो धनियाँमा अलि महँगो ब्रान्डको विषादी हालेको । ग्राहकलाई कडा र महँगो विषादीको 'प्रिमियम' अनुभव दिइरहेका छौं । 'प्रिमियम' अनुभवको मूल्य पनि त 'प्रिमियम' नै तिर्न पऱ्यो ।'

ग्राहक सुनिरह्यो, उसलाई लाग्यो, ऊ धनियाँ होइन, कुनै बहुराष्ट्रिय कम्पनीको सेयर किन्ने भएकोजस्तो लाग्यो ।

अब हामी उपभोक्ताको धर्मसंकटमा प्रवेश गर्यौं । हामी तरकारी किन्न जाँदैनौं, 'आर्थिक साहसिक यात्रा'मा निस्किन्छौं । पहिले सजिलै 'एक किलो गोलभेडा दिनुस्' भनिन्थ्यो । अहिले 'एक पाउ दिनुस्' न अलि सर्माउँदै भनिन्छ । फेरि साहुजी पनि तलदेखि माथिसम्मै हेरेर ठुल्ठुला आँखा लगाएर ठुलै स्वरमा भन्दिन्छन्, 'एक पाउ ?'



त्यो दिन टाढा छैन, जब हामी सुन पसलमा जस्तो तरकारी पसलमा गएर भन्नु पर्नेछ-

'साहुजी, आधा तोला गोलभेडा र दुई मासा खुर्सानी दिनुस् त !'

लाग्छ, अब तरकारीको झोला युग सकिएर तोला युग सुरु भइसक्यो । तरकारी खानु अब आवश्यकता होइन, यो महँगो विलासिता हो । यसको बानीले घरखेत मात्र सिध्याउँदैन, यसले हाम्रो आर्थिक सन्तुलनलाई नै भस्मे हान्छ । हिसाब गरेर हेर्दा, तरकारी खाने बानी त खड्गप्रसाद ओलीजीको दम्भभन्दा पनि महँगो पर्ने देखियो ।

अब म गम्भीरतापूर्वक वैकल्पिक ऊर्जा स्रोतको रूपमा झोलिलो खानेकुरा र भिटामिन ट्याब्लेटतिर लाग्ने सोच्दै छु । भविष्यमा नातिनातिनाले संग्रहालयमा काउलीको प्रतिमा हेरेर सोध्लान्- 'हजुरबुबा, साँच्चै यस्तो बहुमूल्य चिज खानुभएको थियो ?'

म लामो सास फेर्दै भन्नेछु-

'हो बाबु, त्यो एउटा हरित युग थियो ! अहिले हामी हरिप युगमा छौं ।'

बजार जानु अब ध्यान बस्नेजस्तै अभ्यास हो, सास नियन्त्रण गरेर पसलभित्र छिर्ने, मूल्य सुनेर शान्त रहन सक्ने, र फर्कंदा जीवनका क्षुद्र दुःखलाई क्षमाशील दृष्टिले हेर्ने । आखिर, महँगो त जीवन नै हो, तरकारी त त्यसको स्वाद मात्र हो ।

विश्वका कथाहरूको संगम

टोरन्टो इन्टरनेसनल फिल्म फेस्टिभल

संस्मरण



● पवन बराइली

४ सेप्टेम्बर २०२५ को बिहान । क्यानडाको टोरन्टो सहरको आकाश खुलेको थियो । तर, चिसो र मन्द सिरेटोले हल्का जाडो महसुस हुन्थ्यो । मौसमले जेजस्तो स्वरूप धारण गरे पनि पचासौं टोरन्टो फिल्म फेस्टिभलमा सहभागी हुन पुगेका सिनेप्रेमीहरू कार्यक्रमस्थलतर्फ गइरहेका थिए । सडक फिल्मका डिजिटल पोस्टरहरूले सजिएका थिए । अग्ला भवनमा '५० टिफ'(टोरन्टो इन्टरनेसनल फिल्म फेस्टिभल) लेखिएका डिजिटल बोर्ड चम्किरहेका थिए । विश्वप्रसिद्ध निर्देशक र कलाकारहरूको तस्बिरसहित फिल्मका पोस्टरहरू सडकमा ठडिएका थिए । सडकमा सवारी आवागमन बन्द गरिएको थियो । फेस्टिभलका स्वयंसेवक आगन्तुकलाई स्वागत गरिरहेका थिए । पैदलयात्रु तथा चलचित्रप्रेमीहरूको भिडले टोरन्टो सहर साँच्चै चलचित्रमय बनेको थियो । यस्तो लाग्थ्यो, सहर कुनै ठुलो उत्सव मनाइरहेको छ । फेस्टिभलको आयोजनास्थल 'बिल लाइट बक्स'नजिकै पुग्दा मानिसहरू लामबद्ध देखिन्थे ।

क्यानडामा प्रत्येक सेप्टेम्बर ३ मा श्रमिक दिवस मनाइने रहेछ । त्यसपछि १० दिन शहर सिनेमा र संगीतमय बन्दो रहेछ । संसारभरिका 'सेलिब्रिटी' र फिल्मकर्मीहरू जम्मा हुने भएकाले कार्यक्रम आयोजनास्थलमा सवारी आवागमन बन्द गरिएको थियो । सडकको एक साइड 'सेलिब्रिटी' र 'फिल्ममेकर' हरूका लागि छुट्याइएको थियो ।

फेस्टिभलमा सहभागी हुन नेपाली पत्रकारका रूपमा सेप्टेम्बर ४ मा त्यहाँ पुगें । नेपाली चलचित्रकर्मी विधान कार्की र मनीषा पोखरेल पनि सँगै थिए । विधान टिफमा स्वयंसेवकका रूपमा खटिएका थिए । उनले फेस्टिभलका हरेक कार्यक्रम र गतिविधिबारे परिचय गराए । उनको सहयोगले फेस्टिभललाई अझ नजिकबाट अनुभूत गर्ने अवसर पाएँ ।

महोत्सवमा मिडिया पर्सनहरूका लागि बेग्लै स्थान तोकिएको थियो । मिडियालाई समाचार लेख्नका लागि कम्प्युटरसमेत व्यवस्था गरिएको रहेछ । केही अन्तर्राष्ट्रिय पत्रकारसँग परिचय भयो । कोही युरोपबाट, कोही एसियाबाट थिए ।

'टिफ'ले ५०औं वर्षगाँठ मनाउँदै थियो, जहाँ 'द टिफ स्टोरी इन ५० फिल्म्स' अर्थात् विश्वका ५० ऐतिहासिक पुराना फिल्मका पोस्टर देखिन्थे । जहाँ बलिउडको 'सोले' जस्ता फिल्म पनि देखाइँदै थियो । 'टिफ'को मुख्य हल 'बिल लाइट बक्स'अगाडि महोत्सवको औपचारिक कार्यक्रमको तयारी थियो । त्यहाँ सञ्चारकर्मीहरूको बाक्लो भिड थियो । दर्जनौं क्यामेराहरू तयार थिए । सडकमै 'ओपनिङ डे वाल्क' प्रस्तुती दिइयो । टोरन्टोको मुटु मानिने 'किङ स्ट्रिड वेस्ट' भव्य उत्सवस्थलको रूपमा परिणत भयो ।

महोत्सवकी कार्यक्रम निर्देशक रोबिन सिटिजले ५० वर्षसम्म यो महोत्सवले फिल्म उद्योग र विश्वसिनेमा समुदायबिच सेतुको भूमिका खेलेको बताइन् । उनले महोत्सवको ५० वर्षे यात्राप्रति गर्व गर्दै भनिन्,'फिल्म उद्योग र विश्व समुदायबिच सेतुको काम गर्नु हाम्रो महत्त्वपूर्ण उद्देश्य हो । कथा र चलचित्रमार्फत हामी संसार बुझ्ने प्रयास गर्छौं । टोरन्टोजस्ता मञ्च कलाकार दर्शकबिचको सहानूभूति निर्माण गर्ने माध्यम हुन् ।'

साँझ पर्दै जाँदा रेड कार्पेटको तयारी सुरु भयो । फेस्टिभलको आयोजनापरिसर रातो कार्पेटले सिँगारिएको थियो । रोय थोम्सन हलमा रेड कार्पेट बिछ्याउँदै थियो, जहाँ विश्व चर्चित निर्देशक, निर्माता तथा कलाकारलाई उतारिँदै थिए । उद्घाटनमा क्यानेडेली हास्य अभिनेता जोन क्यान्डीको जीवनीमा आधारित वृत्तचित्र 'जोन क्यान्डी : आई लाइक मी' प्रदर्शनको तयारी थियो । निर्माता रायन रेनोल्ड्स, निर्देशक कोलिन ह्यान्क्स, जोन क्यान्डीका छोरा क्रिस क्यान्डी, छोरी जेनिफर क्यान्डी सुलिभानलगायतलाई रेड कार्पेटमा उतार्ने भव्य तयारी गरिएको थियो ।

साँझ पर्दै गएपछि सडक नै ढाक्ने गरी मान्छेको भिड बढ्दै गयो । रेड कार्पेट बिछ्याएर बनाइएको विशाल मञ्चमा उज्याला बत्ती बल्न थाले । क्यामेरा फोटो-भिडियो खिच्न व्यस्त थिए ।

रोय थमसन हलमा फेस्टिभलको भव्य उदघाटन भयो । उद्घाटन समारोहमा क्यानडाका प्रधानमन्त्री मार्क कार्नीले भने,'यो महोत्सव एउटा अद्वितीय सफलताको कथा हो, यसले पनि क्यानाडालाई विशेष बनाएको छ । यहाँ क्यानाडा र विश्व एउटै बनेको छ ।'

क्यानेडेली चर्चित हास्य अभिनेता जोन क्यान्डी माथि बनेको भावनात्मक वृत्तचित्र देखाइयो । यो वृत्तचित्र सन् १९९४ मा निधन भएका दिवंगत हाँस्य अभिनेताको जीवनबारे बनाएको एक मार्मिक दस्तावेज हो । वृत्तचित्रले 'स्ट्यान्डिङ ओभेसन' पायो ।

सयौं मानिसहरू सेलिब्रेटीको पर्खाइमा बसिरहेका थिए । पर्यटकहरू सेलिब्रेटीसँग सेल्फी खिच्न लोभिएका थिए । पूरै सडकमा सेलिब्रेटी हेर्नेको भिड थियो । सडकको कुनै कुनाबाट मन्त्रमुग्ध गराउँने संगीत बजिरहेको थियो । सहरमा विभिन्न रङका बत्ती झलमल्ल बलिरहेका थिए । फेस्टिभलमा आएका हजारौं मानिसहरू झलमल्ल सहरमा आनन्दपूर्वक घण्टौंसम्म टहलिरहेका थिए । फेस्टिभलको त्यो जीवन्त माहोलले हृदयमा कहिल्यै नमेटिने छाप छाड्दै थियो ।

फिल्मका प्रिमियर सोहरूको बेग्लै रौनक थियो । विश्वभरका प्रतिभाशाली नाम, फिल्म उद्योगका चर्चित हस्तीहरू प्रमुख आकर्षण बनेको थियो । कान्स फिल्म फेस्टिभलमा अवार्ड विजेता फिल्म 'इट वाज जस्ट एन एक्सिडेन्ट' 'नो अदर च्वाइस', 'ह्यामनेट', 'सेन्टिमेन्टल भ्यालु', 'होम बोउन्ड', 'निर्वाणा : द ब्यान्ड द सो द मुभी, 'अब्सेसन', 'द फ्युरियस, 'द रोड बिटविन अस : द अल्टिमेट रेस्क्यु' 'द स्प्यासिङ मेसिन' ' क्रिस्टी' 'कुट्युर' जस्ता चलचित्र प्रदर्शन हुँदै थिए । रेड कार्पेटमा जाफर पनाही, क्लोए झाओ, पार्क चान-उक, एन्जेलिना जोली, जान्ही कुपर, ली ड्वेन जोन्सन, एमिली ब्लन्ट, बेनी सफ्दी जस्ता चर्चित अनुहार देखिए ।

प्रिन्सेस अफ वाल्स थिएटर र रोयल एलेक्जेन्ड्रा थिएटरअगाडि दर्शकहरूको लामो लाइन देखिन्थ्यो । स्टारहरूलाई हेर्न घण्टौं पर्खिरहेका मानिस सडकको दुवै किनारमा उत्साहका साथ उभिएका थिए । कलाकारहरू गाडीबाट ओर्लंदै गर्दा भिड उत्साहित हुँदै चिच्याउँथे, कोही सेल्फी खिच्ने प्रयास गर्थे, कोही अटोग्राफका लागि हात बढाउँथे । सडकको वरिपरि असंख्य सुरक्षाकर्मी पनि थिए । सबैभन्दा बढी उत्साह रेड कार्पेटमा देखिन्थ्यो । सेलिब्रेटीसँग सेल्फी खिच्दा अनुहारमा खुसीको आभा देखिन्थ्यो । थाहा भयो, टोरन्टोमा सेलिब्रेटीको साँच्चै क्रेज रहेछ । त्यो दृश्य केवल स्टारडम मात्र थिएन, त्यो सिनेमाप्रतिको गहिरो

साप्ताहिक राशिफल

१ कात्तिक (शनिबार)
७ कात्तिक (शुक्रबार)



● सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद् । मो : ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

विशिष्ट व्यक्तिको विचारले प्रभावित तुल्याउन सक्छ । महत्त्वपूर्ण सामान हराउन सक्ने भएकाले सतर्कता अपनाउनुपर्नेछ । धर्मकर्म, परोपकार, समाजसेवाजस्ता कार्यमा मन लाग्नेछ । पितृधनबाट फाइदा उठाउन सकिनेछ । अकस्मात् आम्दानी गरिएको धन नाश हुने सम्भावनासमेत छ । आलोचनाबाट बच्नुपर्नेछ । साताको अन्त्यमा आत्मबल बढ्नेछ । मातापितासँग सम्बन्ध सुमधुर रहनेछ ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

काममा सोचेजस्तै सफलता मिल्नेछ । सहयोगीहरूले साथ दिनेछन् र उत्साह पनि बढ्नेछ । निर्णय गलत ठाउँमा पर्नाले फाइदा अर्कैले लिन सक्नेछन् । कर्मयोगका थप बाटा अवश्य खुल्नेछन् । पढाइलेखाइ र व्यवसायमा उन्नति हुनेछ । शत्रु पराजित होलान् । प्रतिस्पर्धीलाई उछिन्ने मौका छ । सप्ताहान्तमा पारिवारिक झमेला, काममा बाधा आउला, सचेत हुनुहोस् ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

साताको प्रारम्भमा व्यापारमा प्रशस्त फाइदा हुनेछ । काममा मातापिताको सहयोग प्राप्त होला । मातापिता वा विशिष्ट व्यक्तिको विचारले प्रभावित तुल्याउन सक्छ । अरूलाई प्रभावित पारेर काम बनाउने समय छ । नयाँ ठाउँमा धन लगानी गर्ने वातावरण बन्नेछ । कुनै लाभदायक समाचार सुन्न पाइएला । सामूहिक नेतृत्व सम्हाल्ने मौका मिल्नेछ । व्यापारमा लाभ हुनेछ । समाजमा प्रतिभाको कदर हुनेछ ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

सुरुमा प्रशस्त आम्दानीका योग भए पनि खर्चको मात्रा बढ्ने देखिन्छ । आफ्नै ढिपीले पैसा र समय खेर जाने योग छ । वैदेशिक कामले पूर्णता पाउनुकासाथै प्रियजनसँग भेट हुनेछ । दाम, इनाम र प्रतिष्ठा मिल्नेछ । प्रशंसकहरू थपिएर जानेछन् । काममा पनि उत्साह थपिनेछ । साताको अन्त्यमा भाग्यले सोचेअनुसार साथ दिनेछ । पारिवारिक धार्मिक भ्रमणको योग छ ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

सभासमारोहमा सहभागी बन्ने मौका मिल्ने छ । आम्दानीका मार्ग खुला रहनेछन् । चिन्तन महत्त्वपूर्ण बन्न सक्छ । हडबड र शीघ्रताले काम गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुस् । बुधबारपछि घरमा मांगलिक कृत्य सम्पादन गर्ने समयसमेत देखिएको छ । साताको अन्त्यमा शरीरमा आलस्य र थकानको अनुभव हुनेछ । खर्चको मात्रा बढ्ला । प्रियजनसँग भेटघाट हुनेछ ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

व्यावसायिक क्षेत्रबाट राम्रो लाभ प्राप्त हुनेछ । छोराछोरीबाट सन्तोष हुनेछ । आफन्तले समेत कुरा सुन्न र समय दिन सक्दैनन् । मनमा अशान्ति र छटपटी व्याप्त हुनेछ । स्वास्थ्यमा गडबडी भई दैनिक कामकाजमा असर पर्ने सम्भावना छ । साताको अन्त्यमा लामो समयपछि चाहना पूर्ण हुने योग आएको छ । दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ । विशेष लाभको योग छ ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

विद्वान् र प्राज्ञिक व्यक्तिबाट सम्मान र प्रतिष्ठा प्राप्त हुनेछ । विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना रहेकाले विशेष सावधानी अपनाउँदा शुभ हुनेछ । बुधबारपछि व्यावसायिक क्षेत्रबाट राम्रो लाभ प्राप्त हुनेछ । पारिवारिक जीवन सामान्य र सन्तोषप्रद रहनेछ । सप्ताहान्तमा साथीहरूसँग मनोरञ्जन गर्ने अवसर जुर्नेछ । स्थितिमा सुधार आउला । पारिवारिक भेटघाटको अवसर मिल्नेछ ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

सामाजिक र व्यक्तिगत प्रतिष्ठा स्थापना गर्ने मौका छ । पारिवारिक जमघटमा मन रमाउनेछ । वस्त्र, अलंकार आदि खरिद गर्ने योग छ । पशुपालक र दुग्ध व्यवसायमा संलग्नहरूले लाभ प्राप्त गर्नेछन् । बुधबारपछि परिवारजनमा असमझदारी बढ्नेछ, मान्यजन वा अभिभावकवर्ग रुष्ट हुन सक्छन् । जग्गा-जमिन वा घरायसी सम्पत्तिको चिन्ताले सताउन सक्छ ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

धार्मिक र सामाजिक काममा जुट्नुपर्नेछ । सुनचाँदीजस्ता धातुको कारोबारबाट धेरथोर लाभ मिल्नेछ । बोलीमा पूर्ण प्रभाव छ, तर विवाद र झगडामा पछि हट्नु नै बेस हुनेछ । बिहीबारपछि सामाजिक कार्यमा नेतृत्वदायी भूमिका वहन गर्नुपर्नेछ, जसबाट यश प्राप्त हुनेछ । बोलीको प्रभाव रहनाले काम बन्ने र महत्त्वपूर्ण जिम्मेवारीसाथ नयाँ कार्यको थालनी हुनेछ ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

सहयोगीहरूले राम्रो साथ दिनेछन् । रोकिएका काम बन्ने र नयाँ काम सुरु गर्ने समय छ । उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ । शत्रु र प्रतिस्पर्धीलाई सजिलै हराउन सकिनेछ । गरिएका कर्मको उचित प्रतिफल पाइनेछ । कृषि-चौपायामा भने अलि कम मात्र फाइदा होला । तापनि, प्रशस्त धन आर्जन गर्ने मौका छ । विनाप्रतिस्पर्धा फाइदा हुने योग छ ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

मान-सम्मान बढ्नेछ । बोलीको भरमा काम सम्पन्न हुने योग छ । विचारले धेरैलाई आकर्षण गर्ने समय छ । प्रशंसकहरू बढ्नेछन् । सहयोगीहरूले काममा साथ दिनेछन् । राम्रै फाइदाको योग छ । विगतको श्रमबाट प्रशस्त धन लाभ हुनेछ । रोकिएका काम सम्पन्न हुनेछन् । पठन-पाठनमा प्रगति हुनेछ । विशेष सभा-समारोहमा सहभागी बन्ने मौका छ ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

समाजको नेतृत्व वहन गर्नुपर्नेछ । खाद्यान्नका परिकार तथा मेवा-मिष्ठान्न मिल्ने समय छ । जग्गाजमिनको कारोबार गर्दा असल हुनेछ । सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान मिल्नेछ । बोलीको कदर हुनेछ । प्रशंसा, बढुवा वा जिम्मेवारी मिल्ने देखिन्छ । मान-सम्मान र प्रतिष्ठा बढ्नेछ । वैदेशिक क्षेत्रबाट भने सामान्य लाभ लिन सकिनेछ । टाढाको यात्रा हुने सम्भावना छ ।


स्वास्थ्य



● डा. डिबी सुनुवार
प्राकृतिक चिकित्सक

पञ्चतत्त्वमध्येको एक तत्त्व पानी हो । पानीलाई थेरापीको एक तरिकाको रूपमा पनि लिन सकिन्छ । यसमा पानीका विभिन्न रूपको उपयोग गरेर विकारको उपचार गरिन्छ । हाइड्रोथेरापी वा वाटर थेरापी पानीको प्रयोगबाट गरिने एक प्रकारको उपचार पद्धति हो । यस विधिले रोग निको पार्ने र आरामदायी महसुस गराउन मद्दत गर्छ । हाइड्रोथेरापीले मांसपेशी दुख्ने र तनाव कम गर्ने पनि काम गर्छ ।

रोग निको पार्न पानीको प्रयोग गर्ने अभ्यास निकै पुरानो हो । उपचारका लागि पानी प्रयोग गर्ने कला करिब ४५०० वर्षभन्दा पुरानो रहेको छ । विश्वभरका धेरै संस्कृतिमा यो कला उपचारको अभिन्न अंग बनेको छ । ग्रिक, रोमन र इजिप्टियन सभ्यतामा पनि पानीको चिकित्सीय गुणलाई मान्यता दिएको देखिन्छ । उनीहरूले त्यतिबेलाकै समयमा बाथहाउस र स्पाको निर्माण गरेका थिए । यस्तो ठाउँमा मानिसले











टोरन्टो इन्टरनेसनल फिल्म फेस्टिभलमा सबै किसिमका जात, धर्म, वर्ण, क्षेत्रका मानिसका संवेदना र संस्कृतिको अभिव्यक्ति अटाएका थिए । फेस्टिभलमा राजनीतिक, आर्थिक तथा सामाजिक विषयमा बनेका फिल्महरू प्राथमिकतामा परे ।

सिनेमा विचार र बहसको माध्यम पनि हो भन्ने यो महोत्सवलाई हेरे पुग्छ । महोत्सवमा दुई सयभन्दा माथि फरक-फरक भाषा, संस्कृति बोकेका चलचित्र प्रदर्शन थिए । फिल्महरूले सामाजिक, राजनीतिक र सांस्कृतिक विषयहरू प्रभावशाली ढंगले उठाएका थिए । दर्शकहरू केवल मनोरञ्जन खोज्न मात्रै पुगेका थिएनन्, आलोचनात्मक दृष्टिकोण राख्ने, सिनेमा बुझ्ने र महसुस गर्ने दर्शक बढी देखिन्थे ।

निर्देशक क्लोई जाओ निर्देशित फिल्म 'ह्याम्नेट'ले पिपुल्स च्वाइस अवार्ड जित्यो । निर्देशक जाओको फिल्म 'ह्याम्नेट'ले सबैको ध्यान तानेको थियो । ह्याम्नेटको जितलाई आगामी ओस्कार अवार्डका लागि पनि बलियो संकेतको रूपमा हेरिएको छ । टिफको पिपुल्स च्वाइस अवार्डलाई 'अस्कर'को सूचक मानिने रहेछ ।

फिल्म 'फ्रेन्केन्स्टाइन' पुपिल्स च्वाइस अवार्डअन्तर्गत फर्स्ट रनरअप भयो । फिल्म 'वेक अप डेड म्यान : अ नाइभ्स आउट मिस्ट्री' सेकेन्ड रनरअप भयो । फेस्टिभलमा अन्य विजेता फिल्महरूले पनि दर्शकको निकै प्रशंसा पाए । फेस्टिभलमा पिपुल्स इन्टरनेसनल अवार्ड दक्षिण कोरियाली निर्देशक पार्क चान-वुक निर्देशित 'नो अदर च्वाइस'ले पायो । यसअन्तर्गत फर्स्ट रनरअप फिल्म 'सेन्टिमेन्टल भ्यालु' र सेकेन्ड रनरअप उपविजेता 'होम बोउन्ड' भयो ।

संसारका उत्कृष्ट चलचित्र हेर्न पाउनु फिल्म फेस्टिभलको विशेषता हो । आफ्नो चलचित्रलाई प्रवर्द्धन र बजार विस्तार गर्नु पनि हो । त्यसैले फिल्म फेस्टिभल विभिन्न देशका निर्माता तथा वितरकहरूबिचको सहकार्यको थलो समेत रहेछ । आफ्नो देशको चलचित्र प्रवर्द्धनका लागि स्टलहरू राखिएको थियो । फेस्टिभलमा देशका चलचित्र प्रतिनिधिहरू उपस्थित थिए । उनीहरूले आफ्नो देशलाई चिनाइरहेका थिए । अझ 'टिफ' सिनेमाको रणनीतिक केन्द्रको रूपमा समेत चिनिनेरहेछ । जहाँ चलचित्र निर्माणका लागि सहकार्यको छलफल भइरहेको देखिन्थ्यो । यहाँ सबै किसिमका जात, धर्म, वर्ण, क्षेत्रका मानिसका संवेदना र संस्कृतिको अभिव्यक्ति अटाएका थिए । यस वर्ष फेस्टिभलमा राजनीतिक, आर्थिक तथा सामाजिक विषयमा बनेका फिल्महरू प्राथमिकता परे । चलचित्रको माध्यमबाट विश्वका संस्कृति, भावना र कथाहरू आपसमा बाँडे ।

नेपाल विविधताले भरिपूर्ण देश हो । राजनीतिक परिवर्तन तथा परिवर्तित सामाजिक अवस्थाबारे यथार्थबोध गराउने सिनेमा अझै बनिसकेको छैन । त्यसैगरी, जातीय भेदभाव, महिला उत्पीडन समुदायका समस्या प्राथमिकता दिइएको छैन । हाम्रा चलचित्रमा देशबाहिर पुगेका नेपालीहरूका कथाव्यथा समेटिएकै छैनन् । ग्रामीण तथा सहरी जीवनका गम्भीर समस्या तथा विश्वव्यापीकरणका आन्तरिक प्रभावका विषय चलचित्रमा उतार्न बाँकी नै छ ।

'टिफ'जस्ता फेस्टिभल नेपाली चलचित्रकर्मीका लागि सम्भावनाको ढोका हुन सक्छ । यस वर्ष टोरन्टो, भेनिसजस्ता फेस्टिभलमा नेपाली सिनेमा पुगेनन् । कथाको खानी भएर पनि नेपालको चलचित्र त्यस्तो मञ्चमा नपुगेको देख्दा दुःख लाग्यो । यस्ता चलचित्र निर्माणका निम्ति राज्यका तर्फबाटै प्रोत्साहनको व्यवस्था गरिनुपर्छ । त्यसका निम्ति विविध विषयका कथा, पटकथाहरूको प्रतियोगिता गराई उत्कृष्ट कथाका चलचित्रहरूलाई विशेष प्रोत्साहन एवं सुविधा प्रदान गर्न सकिन्छ । तर, नेपाली चलचित्र सीमित सूत्र र कथामै खुम्चिएको छ । संकीर्ण घेराबाट निस्किएर नयाँनयाँ सोचका चलचित्र बनाउनु चलचित्रकर्मीको जिम्मेवारी हो । टोरन्टोजस्तो फेस्टिभलमा नेपाली चलचित्र पुग्न सके मात्रै नेपालको सुन्दर विविधता विश्वसामु पुग्नेछ । यसले नेपाली चलचिकर्मीहरूलाई सिर्जनशीलता, मौलिकता, प्राविधिक दक्षतामा ज्ञान हासिल गर्न प्रेरणा मिल्नेछ । हामीले हाम्रो कथा विश्वसामु पुऱ्याउँने हो भने यस्ता फेस्टिभलमा सहभागिता आवश्यक छ । नेपाली फिल्मकर्मीको लागि यस्ता फेस्टिभलहरू अन्तर्राष्ट्रिय नेटवर्क विस्तार गर्ने सुनौलो अवसर पनि हो ।

प्रेम र समर्पणको झलक पनि थियो । सिनेमा संस्कृति र सिनेमा प्रेमको अद्भूत संगम पनि थियो ।

'टिफ' विश्व सिनेमाका पारखीहरूका लागि प्रमुख गन्तव्य रहेछ । मानिसहरू परिवारसहित महोत्सवमा आउँदा रहेछन् । सिनेमा कल्चरमा क्यानडा निकै अगाडि छ भन्ने परिचयसमेत दिइरहेको थियो ।

'टिफ' केवल फिल्मको प्रदर्शन मात्र होइन, विश्वभरका प्रतिभा र कथाबिच संवाद गर्ने साझा मञ्च रहेछ । विभिन्न भाषा र संस्कृतिका फिल्म विविधता र समावेशितालाई प्रोत्साहन गर्दोरहेछ, नयाँ प्रतिभाहरूले अन्तर्राष्ट्रियस्तरमा चिनिने अवसर पाउनेरहेछन् । विश्व सिनेमाको विविध दृष्टिकोणले नयाँ प्रतिभालाई उत्प्रेरित र अग्रसर गराउँदो रहेछ । जहाँ निर्देशक, निर्माता, कलाकार, समीक्षक, पत्रकार, दर्शक सबैलाई एउटै मञ्चमा ल्याउनेरहेछ ।

फेस्टिभल प्रिमियर सोहरूको रौनक बेग्लै थियो । खचाखच भरिएका हलहरू, चलचित्र सकिएपछि गुन्जिने स्ट्यान्डिङ ओभेसन, कलाकारप्रति दर्शकको सम्मानले फिल्मकर्मी उत्साहित देखिन्थे । फेस्टिभलमा विभिन्न देशका निर्माता, निर्देशक तथा युवापुस्ताको उपस्थिति बलियो देखिन्थ्यो ।

प्रेस तथा उद्योगका लागि निःशुल्क स्क्रिनिङहरू थिए । सिनेप्लेक्स हल फिल्म समीक्षक, पत्रकार, फिल्मकर्मीहरूले खचाखच भरिएको थियो । झन्डै एक घण्टा लामो लाइनपछि हलभित्र प्रवेश गर्दा आनन्द लाग्यो । प्रविधिले भरिपूर्ण, गुणस्तरयुक्त हलमा बसेर फिल्म हेर्नुको आनन्दै बेग्लै थियो ।

फिल्म फेस्टिभलले क्यानडाको टुरिजम विकासलाई सहयोग गरेको रहेछ । लाखौंको संख्यामा पर्यटकको आगमन थियो ।

...यसरी मारिएका थिए खम्पा लडाकुका नाइके

खम्पाको तर्फबाट पनि कडा काउन्टर आयो । सुरुमा उनीहरूलाई हामीले नजरअन्दाज गरेका थियौं । उनीहरूसँग हतियार कति नै होला जस्तो लागेको थियो । तर, उनीहरूसँग त अमेरिकामा निर्मित आधुनिक हतियार पो रहेछन् । एकछिन त हामीलाई पनि हल्लाए । तर, हामी सुरक्षित पोजिसनमा थियौं ।

खम्पा निःशस्त्रीकरण अभियानका लागि दार्चुलाको तिंकरतर्फ लाग्नुअघि हामीलाई थाहा थिएन, के कामका लागि त्यसतर्फ जाँदै छौं । २०३१ साल भदौको महिना हरेक दिन बैतडीमा रहेको सेनाको ब्यारेकबाट हेलिकोप्टर उडिरहेको थियो । मेरो घर झुस्कु गाउँ, हाल महाकाली नगरपालिका-६ मा पर्छ । त्यतिवेला म अरिदमन गुल्ममा कार्यरत थिएँ र हाम्रो बाहिनीपति हुनुहुन्थ्यो, तत्कालीन जर्नेल आदित्यशमशेर राणा । मलाई खुब मन पराउने ।

आफ्नो गाउँ पनि दार्चुला परेको हुनाले यतिवेला पल्टनका अरू साथीलाई दिनहुँ हेलिकोप्टरमा कोचेर तिंकरतर्फ लैजाँदा डाहा पनि लागेको थियो । दुई दिनपछि मेरो पालो आयो । बाहिनीपति आदित्यशमशेरसँग जति नै नजिक भए पनि मलाई कुन मिसनका लागि सेनाले तिंकर लाँदै छ, थाहा थिएन । एक प्रकारले भन्नुपर्दा पूरै गोप्य राखिएको थियो, त्यो मिसन । भदौको १५-१६ गते हुनुपर्छ, म त्यसतर्फ लाग्दा । त्यहीं पुगेपछि थाहा भयो, आउनुको उद्देश्य । हामीभन्दा अगाडि तिंकर पुगेका साथीहरूले भने, 'खम्पा लडाकुका नाइके गे वाइदीलाई समात्ने गोप्य मिसनका लागि हामीलाई यहाँ ल्याइएको हो ।'

पहिले हामीलाई के-के न होला जस्तो लागेको थियो । लडाइँका लागि ल्याइएको रहेछ भनेपछि खिम्रिक्क परियो । हाँसो पनि उठ्यो । मर्ने हो कि, मारिने हो ? अत्तोपत्तो थिएन । दुस्मन कहाँ छ, त्यो पनि थाहा छैन । मनमनै डर पनि लागेको थियो । तर, सेनाको कडा अनुशासनमा बसेका हामीसँग धेरै कुरा सोच्ने फुर्सद पनि थिएन । किनभने, रातदिन गस्ती गर्नुपर्थ्यो ।

३२-३४ जनाका दरले हतियारसहित हामी ठाउँ-ठाउँमा खटिएका थियौं । जमदार दानबहादुर चन्दको नेतृत्वमा ३४ जनाको डफ्फामा म तिंकरबाट लिपुलेकको वरपर गस्तीमा खटिएको थिएँ । अन्य ३४ जना कालापानीतर्फ, ३५ जना तिंकर र लगभग १०० को हाराहारीमा छाडरुमा । वाइदी मारिनु एक दिनअघि २३ भदौमा तिंकरमा पानी परेको थियो । तिंकरबाट हिँड्दै लिपुलेकतर्फ जाँदै गर्दा भारी हिमपात भएको थियो । टाटा पुग्दा ठुलो मात्रामा हिउँ परिरहेको थियो । रातिको गस्तीका लागि त्यहाँ पुगेका थियौं । तर, हिमालमा परेको हिउँले गर्दा रात उज्यालोमा बित्यो । वाइदीसँग लड्न हामीले ढुंगाको ट्रेन्च बनाएका थियौं । वास्तवमा नेपाली सेनाले एक साता अघिदेखि नै लिपुलेक, कालापानी क्षेत्र, तिंकर र छाडरुमा गस्ती गरिरहेको थियो ।

२४ भदौको बिहान पनि हिउँले लिपुलेक क्षेत्र सेताम्य थियो । हिँड्डुल गर्न निकै अप्ठेरो । लिपुलेकमा गस्ती गरिरहेकै वेला पाँच सय मिटर तल खोचमा एक हुल मानिस आउँदै गरेको देखेपछि सजग भयौं । याकमा बन्दोबस्तीका सामान बोकाएर घोडामा मान्छे आउँदै गरेको देखेपछि हामीलाई खुट्याउन गाह्रो भएन, तिनीहरू वाइदीकै लडाकु हुन् भनेर । तर, वाइदी कस्ता छन्, उनको हुलियाको विषयमा जानकार थिएनौं ।

२० वटा घोडा र ३४ खच्चरसम्म मैले गन्न भ्याएँ । सबै जवानलाई सतर्क रहन जमदार दानबहादुर चन्दले उर्दी लगाउनुभयो । हामी पूर्ण सतर्कतामा बस्यौं ।

खम्पाहरू हाम्रो रेन्जमा आएपछि चन्दले फायर खोल्न हामीलाई आदेश दिनुभयो । त्यतिवेला कमान्डरले फायर खोलेपछि म र प्युठ मोती चन्दले पहिलो फायर खोलेका थियौं । लगत्तै साथीहरूले ।

खम्पाको तर्फबाट पनि कडा काउन्टर आयो । सुरुमा उनीहरूलाई हामीले नजरअन्दाज गरेका थियौं । उनीहरूसँग हतियार कति नै होला जस्तो लागेको थियो । तर, उनीहरूसँग त अमेरिकामा निर्मित आधुनिक हतियार पो रहेछन् । एकछिन त हामीलाई पनि हल्लाए । तर, हामी सुरक्षित पोजिसनमा थियौं । ढुंगाको चेपलाई डिफेन्स बनाएर अडेस लाग्दै फायर गरिरहेका थियौं । नेपाली सेना र खम्पा विद्रोहीबिच दोहोरो भिडन्त हुँदा केही समयका लागि लिपुलेक क्षेत्र अस्तव्यस्त भयो । सेतो हिमाल भएको ठाउँ गोलाबारुदको धुवाँ र आगोले ढाकिएको थियो । एकछिन त मान्छे पनि नदेखिने स्थिति बन्यो । हामी माथिबाट गोली बर्साउँदै थियौं । तलबाट कराएको आवाज आइरहेको थियो ।

साँझसम्म आक्रमणको सिलसिला चलिरह्यो । त्यो दिन उनीहरूतर्फ कति क्षति भयो, यकिन हुन सकेन । तर, हामीतर्फ कुनै क्षति भएन ।

पछि थाहा भयो, त्यो लडाइँमा खम्पा विद्रोहका नाइके गे वाइदी मारिएका रहेछन् । उनीसहित थप ६ जना दोहोरो भिडन्तमा मारिए । अरू पनि घाइते भए होलान् । तर, उनीहरू मैदान छोडेर भागिसकेको हुनाले थाहा हुन सकेन । वाइदीको शरीर गोलीको छर्राले क्षतविक्षत् भएको थियो । उनी आफ्नो घोडामा पनि थिएनन् । लडाइँकै क्रममा थुप्रै खम्पाहरू कालापानीतर्फ भाग्दै गरेको देखिएको थियो । केही खच्चरमा सामान बोकाएर तिब्बततर्फ फर्किए ।

१० दिन कालापानी र लिपुलेक क्षेत्रमा गस्ती गर्दा चिसोले अनुहारको छाला डढेको थियो । ओठबाट रगत चुहिएको स्मरण ताजै छ । खम्पासँग मुठभेड भएको रात हामीले घटनास्थलमै बितायौं । राति टर्च लाइट बालेर तिंकर फर्किंदा लुकेर बसेका दुस्मनले आक्रमण गर्न सक्ने सम्भावना प्रबल थियो । नेपाली सेनाको आक्रमणमा परेपछि धेरै खम्पाहरू हातहतियार छाडेर भागेका थिए । राति सुनसान भएको मौकाको फाइदा उठाउँदै उनीहरू फर्किन सक्ने सम्भावना पनि उत्तिकै थियो ।

वाइदीलगायत खम्पाहरूको लास भोलिपल्ट हामीले तिंकर ल्याएका थियौं । वाइदीको सनाखत गर्न काठमाडौंबाट खम्पाका पूर्वकमान्डर गेहिसीलाई तिंकर ल्याइएको थियो । वाइदीको लास क्षतविक्षत् थियो । वाइदीले लगाएको ज्याकेट ब्लेडले काटेर हात पछाडि हेर्दा पाखुरामा खत देखियो । यसपछि हिसीले उनी वाइदी नै भएको पुष्टि गरे । वाइदीको लासलाई सुरक्षा दिएर नेपाली सेनाले दुई दिनसम्म तिंकरमै राख्यो । नेपाली सेनाका जर्नेल आदित्यशमशेर राणाको उपस्थितिमा तिंकरमुनिको खोलामा बौद्ध परम्पराअनुसार वाइदीको दाहसंस्कार गरिएको थियो ।


यो अप्रेसन सम्पन्न भएपछि मात्र हामी तिंकरबाट पुनः गणमा फर्कियौं ।

*(हालै प्रकाशित राजेन्द्र कुँवरद्वारा लिखित **'नेपाली दृष्टिकोणमा खम्पा विद्रोह'** बाट)*


पुस्तक अंश



● नारायणदत्त भट्ट



यसकारण हाइड्रोथेरापी



तातो मुहान र खनिजयुक्त पानीमा आफूलाई डुबाएर पीडा कम गर्ने र आराम प्राप्त गर्ने गर्थे । समयसँगै, हाइड्रोथेरापीका विभिन्न प्रविधिको विकास भयो । स्टिम बाथ, हट कम्प्रेस र वाटर एक्सरसाइजजस्ता विधि यसमा पर्छन् ।

आधुनिक उपचार पद्धतिमा हाइड्रोथेरापीलाई सामान्यतया प्राकृतिक चिकित्सा विभागमा राखेको देखिन्छ । एक्सरसाइज विशेषज्ञ प्राकृतिक चिकित्सक वा थेरापिस्टको निरीक्षणमा गरिन्छ । हाइड्रोथेरापीमा शरीरका भित्री र बाहिरी अंगमा उपचारका लागि आवश्यकताअनुसार तातो वा चिसो पानीको प्रयोग गरिन्छ । तापक्रमको विभिन्न रेन्जमा पानीको प्रयोग गर्न सकिन्छ ।

हाइड्रोथेरापी विज्ञका अनुसार चिसो पानीले हाम्रो रक्तनलीमा संकुचन गराउँछ, जसका कारण रगत शरीरको सतहबाट भित्री अंगमा पुग्छ । चिसो पानी वा आइसले कुनै अंग सुन्निने र त्यहाँ उत्पन्न हुने सुजनलाई कम गर्छ ।

यसैगरी, तातो पानीले हाम्रो रक्तनली फैलाउँछ, जसले पसिना ग्रन्थीलाई सक्रिय पारी शरीरका तन्तुबाट फोहोर बाहिर निकाल्छ । पानीको तापक्रम प्रयोग गरी गरिने हाइड्रोथेरापीको सिद्धान्त पनि यही हो । तातो वा चिसो पानी उपचारको वैकल्पिक प्रयोगले सुजन कम गर्छ । यसबाट रक्त प्रवाह र लिम्फेटिक प्रणाली पनि उत्तेजित हुन्छ ।

हाइड्रोथेरापीले प्रयोग गर्ने अर्को तरिका पानीको दबाब हो । पानीको दबाबले मांसपेशीको मसाज गर्छ र रक्त प्रवाह सुधार गर्छ, जसले हाम्रो शरीरलाई रोगमुक्त पार्न मद्दत गर्छ ।

■ फाइदा

हाइड्रोथेरापीले शारीरिक र मानसिक स्वास्थ्य दुवैका लागि लाभ प्रदान गर्छ । पानीको न्यानोपन र उछालले दिमागमा शान्त प्रभाव पारी तनाव र चिन्ता कम गर्छ । हाइड्रोथेरापीले हाम्रो पाचन र मेटाबोलिक दर बढाउँछ । कोशिकाहरूलाई हाइड्रेटेड राख्छ र मांसपेशी र छालाको टोनसमेत सुधार गर्छ । हाम्रा घाइते अंग निको पार्न, जलेको र फ्रस्टबाइट निको पार्न, ज्वरो कम गर्न, सुन्निने र दुखेको मांसपेशी र जोर्नीहरू निको पार्न, टाउको दुख्ने, छालाको समस्या, प्रसव दुखाइ आदि निको पार्न पनि मद्दत गर्छ । हाइड्रोथेरापीका विधिमा हट सावर, कोल्ड कम्प्रेस, स्टिम बाफ, जलीय अभ्यास, कन्ट्रास्ट थेरापी, एनिमा आदि पर्छन् ।

झ्याप्पै !

रवि मिश्र
@rabimishra




तिहारको सांस्कृतिक अर्थ

पर्व



● तेजेश्वरबाबु ग्वंग:
संकृतिविद्



जीव-जगत्का आपसी सहअस्तित्व जगाउने मान्यता यो चाडको मर्म रहेको छ। चाडमा परिपालन गरिने संस्कार यसका मार्मिक रीतिरिवाज अनुभूत गर्छु। चाडका संस्कार कोरा रीति मात्र होइनन्। यसभित्र जीव-जगत् सन्तुलन कायम राख्नुपर्ने मन्त्र निहित छन्।

तिहारै त हो। रंगीचंगी नै रहन्छ। रडहरूका टीका रंगीचंगी। उमंगहरूका तराना रङबिरंगी। मौसमी फूलहरू लटरम्म भुक्कभुक्क झकझकिएका हुन्छन्, बारीबर्गैंचा प्रकृतिका उपहार रसदार फल दानाहरूमा। मस्तमस्त चिरबिराउँछन्, चराचुरुंगी आफ्नै तानामा। जुनकिरीहरू जगमगाइरहेकै हुन्छन् हावामा। प्राकृतिक देन र छटा तिहारको मेला।

यसरी मनलाई चुलबुलाइदिन्छ यो कात्तिके पिडको वेला। भित्रभित्रै मस्तमस्त मन चुलबुलाउँछ। बाहिर ठाउँठाउँमा हुर्चिँदै हुरिँदै पिङ सलबलाइरहेको हुन्छ। मलाई नि हुर्रियूँ-हुर्रियूँ लाग्न थाल्छ नातिनातिनाका दौंतरीकै लाम लागेर। आऊ एक फेरा उचालियौं, यो धर्तीको सतहमाथि डोलेर डोलायमान। यो मस्तीको मौसम रसबरी चमचम।

मौसमी चाड यो ऋतुको वरदान। ऋतु प्रकृतिको स्थलगत वातावरणीय वरदान। ऋतु ज्ञानकै आधारमा निर्मित छन्, यो मौसमी तिहार चाड। यो फलहरूको चाड। यो फूलहरूको चाड। यो प्रत्येक सालका बालिनाली र फसलबाट बनाइने परिकारका स्वादिलो चाड। फलका मगमगाउँदो सुवासको चाड। यो सुगन्धमय सुन्दर फूलहरूको महकका बास्नादार चाड।

दसैँपछिको सानदार उत्सव यो पञ्चरंगी जीवन दर्शन संस्कारमा झुलाउने चाड। पञ्चरंगी जीवन दर्शन भनेछु। जल, वायु, तेज, माटो र आकाश (इबर) जीवनका पञ्चतत्त्व जगत्ले अनुभूत गरेका अहम् तत्त्व रहे। पञ्चरंगी जीवनका आधारभूत मूल तत्त्व नै बने। विश्वव्यापी मान्यता यो। पूर्व, पश्चिम, उत्तर, दक्षिण चारैतिरबाट आत्मसात् गरिएका मूल्य रहे।

तिहारले अँगालेका मूलका पञ्चरंगी तत्त्व लोकाचारमा आधारित छन्। जीव जगत्का आपसी सहअस्तित्व जगाउने मान्यता यो चाडको मर्म रहेको छ। चाडमा परिपालन गरिने संस्कार यसका मार्मिक रीतिरिवाज अनुभूत गर्छु। चाडका संस्कार कोरा रीति मात्र होइनन्। यसभित्र जीव-जगत् सन्तुलन कायम राख्नुपर्ने मन्त्र निहित छन्। जीव-जगत्बिचको सन्तुलन भन्नु जीवहरू र संसारबिचको सन्तुलन कायम राख्नुपर्ने तत्त्वबोध भन्छु म। अनेक जीव एक-आपसमा निर्भर छन्। आपसी निर्भरतामै त सन्तुलन कायम रहन्छ।

आपसी निर्भरताले वातावरणीय सन्तुलन तराजुमा जोखिएको हुन्छ। तराजुमा जोख्नुको तात्पर्य सन्तुलन गर्नु हो। चरा, पशु र मानिसबिच सम्बन्ध त छन् नै। काग त स्वतन्त्र पक्षी भएर पनि मानिस नजिक रहन सक्ने प्राणी भए। स्वतन्त्र रहेर पनि मानिसका बस्तीवरपर बसोवास गर्ने प्राणी काग चरा रहेका छन्। समदूरी सन्तुलनका पूर्वाधार बन्छ। कागपूजाको अन्तर अर्थबोधले मलाई प्रकृति संरक्षण गर्नुपर्ने ज्ञान झल्काइदिन्छ। प्रत्येक चाडपर्वमा पालन गरिने एक-एक संस्कार मेरा निमित्त सांस्कृतिक ग्रन्थका सिद्धान्तका प्रयोगात्मक रूप अलङ्कार बनिरहेको हुन्छ। आफ्नै आँखाका द्वार प्रयोग गरेर म मेरै विवेक ब्रह्मसम्म यात्रा भर्ने जमर्को गरिरहेको हुन्छु, यस चाडमा।

हामी कुकुर तिहार मनाउँछौं। कुकुरले घरको रखबारी गर्छन्। अपरिचित बाहिरी जीवलाई प्रवेश निषेधको आज्ञा दिन्छन्, बेसरी भुकेर हाऊँ हाऊँ। आफ्नो संसर्गमा रहेकालाई माया दिन्छन्। उनको त्यो माया पुच्छर हल्लाइमा व्यक्तिरहन्छ। उनको स्नेह चाट्ने स्वभावमा प्रदर्शित हुन्छ। कुकुर कुकुरै मात्र नरहेर जीवात्मा साथी बन्छन्। उनका तीक्ष्ण घ्राणशक्ति अपराध अनुसन्धानका असीम साधना यन्त्र बन्छ। पश्चिमेलीहरू कुकुरलाई छोराछोरीजत्तिकै माया गर्छन्। विद्यार्थीकालमा मेरा स्नातकोत्तर सहपाठी एलेन ह्याप्सकी मेसिगन स्टेट विश्वविद्यालयको कक्षामा उनको कुकुरको अवसानमा विरक्तिएको घटना अहिलेझैं लाग्छ। कुकुरको तीक्ष्ण मस्तिष्ककै कारण रसियन अन्तरिक्ष वैज्ञानिकहरूले 'लाइका' कुकुरलाई भालिन्टिना टेरिस्कोभाभन्दा पहिले अन्तरिक्षमा पठाएथे। हामी कुकुरको पूजा गर्छौं, किनकि उनी हाम्रा स्नेही साथी हुन्।

गाई पालनपोषण कृषिजन्य पेसा भन्छु म। पुर्ख्यौंली पेसा कृषि र कृषिजन्य नै थिए। कृषिका लागि कृषिजन्य पेसा नगरी सुखै हुन्न। यसो हुनु अन्तरसम्बन्धको डोरी बाट्नुबराबर हुन्छ। खेतीका लागि मल चाहिन्छ। गाईले गोबर मल दिन्छ। खेतीका लागि श्रम चाहिन्छ। गोरुले खेतमा हलो जोतेर श्रमदान गर्छ। वातावरण जोगाउन बन चाहिन्छ। गाईगोरु पाल्न डाले घाँस नभई हुन्न। चराचुरुंगी संवर्द्धन र संरक्षण गर्न जंगल जोगाउनैपर्छ। यस्ता कामलाई पुर्खाले सही धर्म भने, माने। गोवर्धन पूजा वनवृद्धि र जोगाउने कार्यमूलक धर्म बन्यो। धर्म शब्दको अर्थ युगसापेक्ष रहन्छ। यो धारणाको मर्म वातावरणविद्हरू अहिले पनि समयोचित ठान्छन्, मान्छन्। गोवर्धनपूजाभित्रका रहस्य र अवधारणाले अहिले झन् महत्त्व राख्छ। सामुदायिक वन योजना र कार्यक्रम यसै अवधारणामा मौलाइरहेको देख्छु। नेवार समुदायले यसै दिन म्हपूजा 'आत्मपूजा' गर्छन्। गोबरबाट पहाडको सानु आकार तयार गर्छन्। त्यसमा ससाना हरिया हाँगाबिँगा जडेर गोवर्धन पुज्छन्। गोबरे पहाडको आकार बिम्बबोधक हुन्छ। तिनमा जडे, घुसारिएका हरिया डाली जंगलका बिम्बबोधक बन्छन्। जे होस, यी प्रसंग तिहार चाडको चौथो दिनका प्रसंग हुन्।

तेह्रो दिनको पर्व झन् गरिमामय छ। गरिमामय यसनिमित्त बन्छ कि यो निस्लोड अन्धकारमय रातलाई झलमल्ल पारिन्छ। जतातते बत्ती चहकिएको हुन्छ। औंसीको अँध्यारो रात यति उज्यालिएको हुन्छ कि कुनै वस्तु त्यतिन्जेल ओझेलिएको हुन्न। झलमल्ल पारिएको औंसीको रात पुजिने/आराधना गरिने देवी लक्ष्मी नै बन्छ। लक्ष्मी धनधान्यशाली हुन्। कृषि धन भन्नु धान नै त हो। धनधान्य शब्दको मर्म कृषि पैदावारका मुख्य बाली धानबाट जीवन धान्ने अर्थमूलक बन्छ। त्यसैले, धान, गहुँ, केराउ, चामल र मास अन्न चढाइन्छ, लक्ष्मी आराधनामा। यी पञ्च धान्य परिकारले पञ्चतत्त्वमूलक अर्थ विन्यास गर्छ।

औंसीको रात उपासना गरिने लक्ष्मीका दुई वाहन लाटोकोसेरो र ख्याक मानिन्छन्। ख्याक कालो डल्लो भुत्लाधारी मांसपिण्डे जन्तु ठानिन्छ। एक शताब्दी जीवन व्यतीत गर्नुभएका स्वर्गीय पिताजी भन्ने गर्नुहुन्थ्यो- ख्याक भकुन्डोजस्तै र जत्रै डल्ले भुत्ले जीव हो। तिनका पाउ हुन्नन्। गुडुल्किन्छ मात्र। भकुन्डोझैं स्वस्फूर्त गुड्छ। मस्त सुतेका वेला गुड्दै आङमाथि चढ्न आउने। खुट्टातिर ढकेल्छ कहिले। त्यही मौकामा भकुन्डो ठानेर लत्याएँ। अब यी सब दन्त्यकथाझैं किंवदन्ती बनिसके। ख्याक लक्षणका भकुन्डे प्राणी रातमा मात्र आउने निशाचर रहेछन्। उपयुक्त परिवेश र वातावरणको अभावमा डायनासरजस्तै ख्याक पनि लोप भइसके।

लक्ष्मीको अर्को वाहन लाटोकोसेरो हो। लाटोकोसेरोलाई हाम्रो संस्कारले निको प्राणी ठान्दैन। यसलाई बकुल्लो भगत भनिन्छ। 'ताकपरे तिवारी नत्र गोतामे' उखानको पृष्ठपोषक भनिन्छ यसलाई। यसले वास बसेको चरोलाई गुँडबाटै लुछेर लान्छ। आफ्नो आहारा बनाउँछ। यो उज्योलोमा देख्न सक्दैन। अन्धकार यसको साम्राज्य बन्छ। यसको आकृति अजीवको छ। सिंगो टाउको स्प्रिङको सहारामा चल्ने लंगुरझैं लुकलुक लिकलिक गर्छ। एउटा संस्कारले नचाहेका सबै वस्तु अरुचिकर रहन्न।

अर्को संस्कृतिलाई उस्तै रहन्न। यो निशाचर लाटोकोसेरो चरोलाई अमेरिकीहरू नितान्त शालीन अनि बुद्धिमान पक्षी मान्छन्। लिकलिक लुकलुक गर्ने घाँटी र टाउको लाटोकोसेरोको बुद्धिमतापूर्ण चाल ठान्छन् उनीहरू। गाईमाथिको धारणा पनि यस्तै त हो नि, सांस्कृतिक अन्तरविभेद यस्तै हुँदो रहेछ। हामी भने गाई पुज्छौं।

विश्वभरि नै दाजुभाइ, दिदीबहिनीको सम्बन्ध, रक्तसम्बन्ध र कुटुम्ब धारणागत संस्कार एक समान रहेका छन्। एकै धारणा र मान्यताका आधार पैतृक तथा मातृ स्रोत नै रहेका छन्, विश्वजनित रूपमा। तैपनि, हामी हिमवत् खण्डका चेतहरू भने दाजुभाइ अनि दीदीबहिनीका भ्रातृ-भगिनी सम्बन्धलाई भाइटीका पर्व मानेर मनाएर सौहार्द बनाउँछौं। लाग्छ, सौहार्दता अनुपम मानवीय चेतका शिखरबिन्दु बनेको छ। दाजुभाइ निधारमा सप्तरंगी टीको टालेर सूर्यकिरणका सातै रङ-रस प्रत्यावर्तन गर्छन्।

भाइटीकाको चाडपर्वीय मनोविज्ञानसम्मत धरातल गहिरो छ, रसिलो छ, पोसिलो छ। गहिरो यस निमित्त छ कि यसले मनै छुने भावलोक प्रदान गर्छ। मन छुने भावना गम्भीर हुन्छ। दाजुभाइ दिदीबहिनीबिचको आपसी भ्रातृ-भगिनी सम्बन्ध रसमय छ, बनाइदिन्छ, यस चाडपर्वले। भाइटीकाको पोसिलो पक्ष सामाजिक संस्कार मण्डित छ। संस्कारयुक्त व्यवहार जीवन र जगत्कै पोषणतत्त्व बन्छ, ठहर्छ। भाइटीकाको गहिरो पक्षलाई दिदीबहिनीले दाजुभाइको सम्मानित, सुस्मित पूजा गर्ने स्थानमा आफ् नैसामु बनाइने, पानी, तेल, पोताय (चामलको पिठोमा बेसारले रंगाएको) अबिर, सावा, जजंका (वाटेको काँचो धागो) फूलले सिँगारिएको मण्डप भनूँ, मण्डलले अर्थ्याउँदो छ। अझ यसलाई झलमल्ल पार्ने काम मण्डपका घेराव्यापी लामालामा तैली-सलेदो प्रज्वलन प्रथाले उजिल्याउँछ। दीप दीपै हो। त्यसमाथि तेलमा भिजाएको सलेदो बल्दै फैलाउने शुद्ध तोरीको तेलको धुवाँले आँखालाई औपचारिक गुण गराउनु पोषणका अनेकमध्येको एक पक्ष पक्कै हो। यो पोषण प्रक्रिया आयुर्वेदसम्मत संस्कार ठान्छु। आयुर्वेद जीवन आयु बढाउने मान्त्रिक संस्कारयुक्त स्वास्थ्य विज्ञान मान्छु।

दीदीबहिनीले उपहार गर्ने ताजा फल, सुकेफल, सेलरोटी, कपडा आदि नितान्त शुभेच्छायुक्त स्वस्थ दीर्घायु कामनाका सर्जाम ठहर्छन्। भाइटीका मात्र दिदीबहिनीबाट प्रदान हुने गरिने शुभेच्छायुक्त शारदीय चाड रहन्न। दीदीबहिनीप्रति दाजुभाइले दर्साउने शुभेच्छाको आदान-प्रदान पर्व र चाड पनि हो। दिदीबहिनीलाई दाजुभाइले कपडा, नगद, फलफूल, सेलरोटी सबै मिलाएर प्रत्युत्तरमा स्नेह र सम्मान साटासाट गर्छन्। भाइटीका दिदीबहिनी टीका पनि रहेको छ। यो एकोहोरो चाड होइन। दोहारै चाड हो। दाजुभाइले दीदीबहिनीका निधारमा टीकाटाला गर्छन्।

विश्वभर किन बढ्दै छ सुनको मूल्य ?

बजार



● लुक हार्टिगन



हाल विश्वबजारमा प्रतिऔंस चार हजार १०० अमेरिकी डलरमाथि पुगेर रेकर्ड कायम गरेको सुनको मूल्य सन् २०२६ को अन्त्यसम्म प्रतिऔंस चार हजार ९०० अमेरिकी डलर पुग्ने गोल्डम्यान साक्सले प्रक्षेपण गरेको छ।

गत बुधबार विश्वबजारमा सुनको मूल्य प्रतिऔंस चार हजार १०० अमेरिकी डलरमाथिको नयाँ रेकर्डमा पुग्यो। यो वर्ष सुरु भएयताको नौ महिनाभित्रै सुनको मूल्यमा असाधारण ५० प्रतिशतभन्दा बढीको वृद्धि देखिएको छ। सन् २०२४ को सुरुदेखिको तुलना गर्ने हो भने यसमा झन्डै १०० प्रतिशत वृद्धि देखिएको छ। अहिले सुनको मूल्य विश्लेषकले प्रक्षेपण गरेभन्दा धेरै छिटो वृद्धि भइरहेको छ। सुनको बढ्दो मूल्यले लगानीकर्तासमेत आफ्नो पैसा यस बहुमूल्य धातुमा खर्चिन थालेका छन्। यसले गर्दा सम्पन्न मुलुकका सुन पसलबाहिर खरिद गर्न चाहनेको लामो लाइन देखिन थालेको छ।

हाल सुनको मूल्यमा देखिएको रेकर्ड वृद्धि हुनुमा धेरै कारण जिम्मेवार रहेको बताइन्छ। यसमा अमेरिकी सरकारको ऋणको स्तर बढ्दै जानु र अहिले अमेरिकी सरकार ठप्प हुँदा उत्पन्न ठुलो आर्थिक अनिश्चितता सुनको मूल्यवृद्धिको एउटा कारण भएको बताइएको छ। राष्ट्रपति डोनाल्ड ट्रम्पको दबाबबिच अमेरिकाको केन्द्रीय बैंक युएस फेडरल रिजर्भको स्वतन्त्रताप्रतिसमेत अहिले चिन्ता बढ्न थालेको छ। यदि ट्रम्पको राजनीतिक हस्तक्षेपका कारण अमेरिकामा ब्याजदर घटाइयो भने त्यहाँ मुद्रास्फीति सुरु हुन सक्छ। यस्तो आशंकाबिच मानिसहरू सुनप्रति आकर्षित भएका हुन्। किनकि, सुनलाई पहिलेदेखि मुद्रास्फीतिले असर नगर्ने लगानीका रूपमा हेरिने गरेको छ।

उल्लिखित कारण सुनको मूल्यमा पछिल्लो समय उछाल आएको भए पनि सुनको मूल्यवृद्धिको मुख्य कारण भने यो होइन। किनकि सुनको मूल्य विगत केही वर्षदेखि एउटा स्थिर गतिमा निरन्तर वृद्धि भइरहेको छ।

यसका दुई कारण छन्, जसमध्ये पहिलो कारण हो, सुनको 'एक्सचेन्ज-ट्रेडेड फन्ड (इटिएफ)'को बढ्दो माग। स्टक एक्सचेन्चमा कारोबार हुने यो फन्डले नै सुन वा स्टक तथा बन्डजस्ता अन्य सम्पत्तिको गति कता गइरहेको छ भन्ने देखाउने गर्छ। यसले उपभोग्य सामग्रीजस्ता सम्पत्तिलाई लगानीकर्ताका लागि बढी पहुँचयोग्य बनाउने काम गर्छ।

सन् २००३ मा पहिलोपटक सुनको इटिएफ जारी गरिनुअघि नियमित लगानीकर्तालाई सुनको पहुँच धेरै गाह्रो मानिन्थ्यो। अहिले सुनको इटिएफ व्यापक रूपमा उपलब्ध छन्। यसले सुनलाई अन्य कुनै पनि वित्तीय सम्पत्तिजस्तै कारोबार गर्न सम्भव बनाएको छ। अहिले राजनीतिक वा वित्तीय अनिश्चितताको सम्भावना बढेको वेला स्टकजस्ता अन्य सम्पत्ति बढी जोखिमपूर्ण हुँदा लगानीकर्ताले सुरक्षित लगानीको रूपमा सुनमाथि लगानी बढाएका छन्।

सुनको मूल्यवृद्धिमा खुद्रा लगानीकर्ताको उच्च मागका अतिरिक्त केही उदीयमान अर्थतन्त्रले आफ्नो आधिकारिक आरक्षित सम्पत्ति (रिजर्भ असेट)का रूपमा पहिलेको अमेरिकी डलर जस्ता मुद्रालाई सुनसँग साटिरहेका छन्। विशेषगरी, चीन र रुसले यस कदमलाई तीव्रता दिँदा उदीयमान देशको केन्द्रीय बैंकमा सुनको भण्डार सन् २००६ यता १६१ प्रतिशतले बढेर लगभग १० हजार ३०० टन पुगेको अन्तर्राष्ट्रिय मुद्रा कोषले बताएको छ। तुलनाका लागि सन् २००५ सम्मको ५० वर्षमा उदीयमान देशको सुन भण्डारण केवल ५० प्रतिशतले बढेको छ।

अमेरिका र प्रमुख आरक्षित मुद्रा (युरो, जापानी येन र ब्रिटिस पाउन्ड) भएका देशले वित्तीय प्रतिबन्ध लगाउने क्रम बढेपछि उदीयमान अर्थतन्त्रले सुनलाई आरक्षित सम्पत्ति बनाउने कामलाई तीव्रता दिएको अनुसन्धानले देखाउँछ।

सन् २००६ देखि सुनको खुद खरिदकर्ता बनेको रुसले सन् २०१४ मा क्रिमियालाई कब्जामा लिएपछि सुन खरिदलाई तीव्र बनाएको थियो। त्यो समय पश्चिमले ऊमाथि आर्थिक तथा वित्तीय प्रतिबन्ध बढाएको थियो। अहिले रुससँग विश्वको सबैभन्दा ठुलोमध्ये एक सुन भण्डार छ। उता यहीबिच, चीनले अमेरिकी सरकारी बन्डहरू बेच्दै सुन खरिद गर्न थाल्यो। 'डि-डलराइजेसन' भनेर चिनिने यस प्रक्रियामार्फत चीन अमेरिकी मुद्रामाथिको आफ्नो निर्भरता कम गर्न खोजिरहेको छ।

सन् २०२२ मा रुसले युक्रेनमाथि आक्रमण गरेपछि उसलाई स्विफ्ट भनेर चिनिने अन्तर्राष्ट्रिय भुक्तानी प्रणालीबाट निकालियो। त्यसपछि युक्रेनको सहयोगका लागि रुसी केन्द्रीय बैंकको पश्चिमी बैंकमा रहेको सम्पत्ति जफत गर्ने अमेरिकी र युरोपेली सरकारको प्रस्तावले अन्य उदीयमान बजारसमेत झस्किए। त्यसपछि तिनका केन्द्रीय बैंकहरूले समेत अमेरिकी डलर वा अन्य मुद्राको सट्टा सुन भण्डार बढाउन थालेका छन्। उदीयमान बजार-अर्थतन्त्रले डि-डलराइजेसन प्रयासमा थप निरन्तरता दिने अपेक्षा गरिएको छ।

धेरै अर्थतन्त्रले अहिले पश्चिमी मुद्राको भण्डार गर्दा वित्तीय प्रतिबन्धको अवाञ्छित जोखिम हुने ठान्न थालेका छन्।

सुनको मामलामा त्यस्तै हुँदैन। भविष्यमा वित्तीय प्रतिबन्धको असर कम गर्न सुनलाई नीतिगत उपकरण बन्न सक्छ।

सुनको भाउ अझै बढिरहनेछ ?

रुस र चीनबाट सुनको माग जारी रहेको र सुन इटिएफका लागि लगानीकर्ताको माग पनि उच्च भएकाले सुनको मूल्य अझै बढ्न सक्छ। यी दुई पक्षले सुनको गहना तथा इलेक्ट्रोनिक्स सामग्रीको प्रयोगका लागि हुने नियमित मागबाहेकका वृद्धिको प्रतिनिधित्व गर्छन्। सुनको मूल्य बढ्दै जाँदा अरू थप लगानीकर्तासमेत यसमा आकर्षित हुन सक्छन्, विशेष आफूचाहिँ छुट्ने डरले गर्दा। यसले इटिएफ प्रवाहमा वृद्धिलाई थप बढावा दिने सम्भावना छ।

विश्व सुन परिषद्ले गत हप्ता मात्रै सेप्टेम्बरमा इटिएफको मासिक प्रवाहले रेकर्ड कायम गरेको बताएको थियो। समग्र सेप्टेम्बर त्रैमासिकका लागि इटिएफ प्रवाह २६ अर्ब अमेरिकी डलरभन्दा माथि पुगेको छ। सेप्टेम्बरसम्मको नौ महिनाका लागि यस कोषको प्रवाह कुल ६४ अमेरिकी डलर पुगेको छ।

त्यस्तै उदीयमान बजारका केन्द्रीय बैंकको सुनको माग मूल्यबाट भन्दा भूराजनीतिक कारकले सञ्चालित हुन्छ। अर्थात्, तिनले मूल्यको वास्ता नगरी आफूले तोकेको परिणाम खरिद गर्ने गर्छन्। यसले गर्दा सुनको बढ्दो मागलाई झन् उचाल्न सक्छ। यी दुई चालकका आधारमा गोल्डम्यान साक्सका विश्लेषकले यसअघिको प्रक्षेपण संशोधन गर्दै सन् २०२६ को अन्त्यसम्म सुनको मूल्य प्रतिऔंस चार हजार ९०० अमेरिकी डलर पुग्ने बताएका छन्।

*(हार्टिगन सिड्नी विश्वविद्यालयका अर्थशास्त्रका अध्यापक हुन्। 'द कन्भर्सेसन'बाट **श्रवण उप्रेती**को अनुवाद)*

अर्थ पत्रिका

नयाँ पत्रिका
शनिबार १ कात्तिक ०८२

कञ्चनपुर-कमला खण्डमा सुस्त सडक निर्माण

पाँच वर्षमा दुईपटक म्याद थपियो, प्रगति ६७ प्रतिशत मात्रै



लहानमा **मणिलाल विश्वकर्मा**

कञ्चनपुर-कमला सडक योजनाको पश्चिम खण्डअन्तर्गतको लहान खण्डको ओभरपास निर्माण अत्यन्त सुस्त देखिएको छ। सप्तरीको कुसहादेखि सिराहाको कमला नदीसम्म पर्ने अधिकांश ठाउँमा पुल, कल्भर्ट, सडक निर्माण सकिएको भए पनि लहान खण्डको ओभरपास निर्माण सुस्त भएको स्थानीयले गुनासो गरेका छन्। लहान खण्डमा निर्माण भइरहेको ओभरपास, अस्पताल चोक र बसपार्कनजिक आकासे पुलको पाइल फाउन्डेसन सकिए पनि अन्य निर्माण ढिलाइ हुँदा मुख्य चोक क्षेत्र अस्तव्यस्त बनेको स्थानीय व्यवसायी डम्बर घिमिरेले गुनासो गरे।

सहिद स्मारक भत्काएपछि अस्तव्यस्त बनेको लहानको मुख्य चोकको दायाँ-बायाँबाट एकतर्फी सवारीसाधन चलाउन डाइभर्सन बनाइएको भए पनि दुर्घटनाको जोखिमसँगै धुलो उड्ने र पानी पर्दा हिलाम्मे हुने गर्छ। सोही कारण स्थानीयले गत असारमा चक्काजामसमेत गरेका थिए।

कञ्चनपुर-कमला सडक योजना पश्चिम खण्डका प्राविधिक शाखाका इन्जिनियर तथा सूचना अधिकारी सरोजकुमार कोइरालाका अनुसार जेन-जी आन्दोलन, चाडपर्व तथा त्यहीबिचमा भएको भीषण वर्षाले लहान खण्डको काम केही ढिलो भएको स्वीकार गरे। 'अन्डरपास, ओभरपास र आकासे पुलको पाइल फाउन्डेसनलगायत मुख्य संरचनाको काम नगरी अन्य काम गर्ने नसकिने बाध्यताले पनि सडक निर्माणको काममा ढिलाइ भएको हो,' उनले भने, 'त्यसबाहेक सडक क्षेत्रमा पर्ने बिजुलीका पोल समयमै नहटाइदिँदा झन् ढिलो भयो।' उनका अनुसार पटक-पटकको ताकेतापछि नेपाल विद्युत् प्राधिकरणले लहान क्षेत्रमा सडकको दक्षिणतर्फको पोल हटाए पनि उत्तरतर्फ केही अझै हटाइएको छैन।

■ विभागबाट समन्वय हुँदै

लहानको मुख्य चोकमा ओभरपास निर्माण गर्न ३५ मिटर गहिरो २६ वटा पाइल फाउन्डेसनको काम सकिएको छ। गत साउन मसान्तसम्म फाउन्डेसनको प्राविधिक परीक्षणपछि अन्य काम गर्नुपर्ने भए पनि निर्माण व्यवसायी कम्पनीको आर्थिक व्यवस्थापनले समस्या भएको हो। २९ अक्टोबर २०२० मा सुरु भई २८ अक्टोबर २०२३ भित्र सम्पन्न गर्ने लक्ष्य रहेको भए पनि साइट क्लियरेन्स, कोरोना महामारीजस्ता कारणले करिब एक वर्षपछि ढिलो काम थालिएको थियो। चाइना रेलवे नं २ इन्जिनियरिङ ग्रुपका लागि पहिलोपटक २३ डिसेम्बर २०२४ सम्म र अन्तिमपटक २०२५ डिसेम्बरसम्मका लागि दोस्रोपटक म्याद थप भएको छ।

लहानको ओभरपास र मिर्चैयाको अन्डरपासको फाउन्डेसनको निर्माणपछि गत असारको अन्तिम सातादेखि रोकिएको काम २३ असोजदेखि थालिएको छ। 'निर्माण ढिलाइ हुँदा आर्थिक नोक्सानीमा रहेको भनिएको ग्रुपका पदाधिकारीसँग निर्माणलाई तीव्रतासहित अन्य विषयमा छलफल गर्न गत २४ भदौमा तय भएको छलफल आन्दोलनको कारणले हुन सकेन,' उनले भने, 'त्यसपछि ग्रुपका पदाधिकारीहरू चीन फर्किएपछि साइट हेर्ने स्थानीय व्यवस्थापनसँग अर्को बैठकका लागि विभागले समन्वय गरिरहेको छ।'

■ पाँच वर्षमा ६७ प्रतिशत भौतिक प्रगति

असार मसान्तसम्म करिब ६७% भौतिक प्रगति रहेको योजनाको पश्चिम खण्ड कार्यालयले जनाएको छ। मिर्चैयास्थित कार्यालयले सार्वजनिक गरेको त्रैमासिक प्रतिवेदनअनुसार असार मसान्तसम्म चार लेन सडक कालोपत्रे ३०.८५ किलोमिटर मात्रै भएको छ। बाँकी खण्ड आगामी डिसेम्बरभित्र कालोपत्रे गर्ने गरी काम भइरहेको छ।

त्यसबाहेक लहान बसपार्क, प्रादेशिक अस्पतालअगाडि आकासे पुलका लागि १४ वटा फाउन्डेसनको काम सकिएको छ। लहान र मिर्चैयामा ओभरपासका लागि ५० वटा पाइल फाउन्डेसन गरिएको, तर लहानमा माटो केही कमजोर देखिएकाले २० वटा ग्राभेल फाउन्डेसनको काम गरिनुपर्ने सूचना अधिकारी कोइरालाले उल्लेख गरे। एसियाली विकास बैंकको ७१ दशमलव २२ प्रतिशत ऋण र सरकारको २८ दशमलव ७८ प्रतिशत गरी कुल आठ अर्ब ३८ करोड ९९ लाख ६८ हजार सात सय ४८ रुपैयाँ ३६ पैसा लागतमा ग्रुपले निर्माण गरिरहेको छ।

सप्तरीको कञ्चनपुरदेखि सिराहा-धनुषा जोड्ने कमला नदीसम्मको ८६ दशमलव ८२ किलोमिटर कञ्चनपुर-कमला सडक चार लेनमा स्तरोन्नति गर्ने जिम्मेवारी ग्रुपले पाएको छ। सप्तरीको कुसहादेखि पूर्व ३९ दशमलव ४२ किलोमिटर खण्ड सात अर्ब २७ करोड ७६ हजार ३४ र पश्चिम खण्ड आठ अर्ब ३८ करोड ९९ लाख ६८ हजार सात सय ४८ मा ठेक्का सम्झौता गरेको थियो। योजनाअन्तर्गत कञ्चनपुरदेखि कमलासम्म ५४ पुल, आठ अन्डरपास र दुईवटा ओभरपासमध्ये कुसहादेखि कमलासम्मको पश्चिम खण्डमा एक सय १२ कल्भर्ट निर्माण भइसकेको भने साना-ठूला गरी २५ पुलको ढलान गरी १२ वटा पुलमा सवारीसाधन चलाउन खुला गरिएको छ।

बैंक ब्याजदर ५.१९ प्रतिशतमा झऱ्यो

निक्षेप संकलन थुप्रिँदै गइरहे पनि कर्जा प्रवाह अपेक्षित रूपमा बढ्न नसक्दा बैंकहरू निरन्तर ब्याजदर कटौतीको रणनीतिमा

कात्तिकका लागि नयाँ दर निर्धारण गर्दा १३ बैंकले ब्याजदर घटाए, पाँच बैंकले स्थिर राख्दा दुई बैंकले बढाए ब्याजदर

पवन तिमिल्सिना/नयाँ पत्रिका

निक्षेपको ब्याजदर घटाएर अधिक तरलता व्यवस्थापन गर्ने प्रणालीलाई बैंक तथा वित्तीय संस्थाले कात्तिकमा पनि निरन्तरता दिएका छन्। कात्तिक महिनाभर लागू हुने गरी २० वटा वाणिज्य बैंकले व्यक्तिगततर्फ मुद्दती निक्षेपको औसत ब्याजदर ५.१९ प्रतिशतमा झारेका हुन्।

असोजमा यस्तो ब्याजदर ५.४४ प्रतिशतमा कायम थियो। संस्थागत निक्षेपको ब्याजदर पनि ३.९ प्रतिशतबाट घटेर ३.६५ प्रतिशत कायम गरिएको छ। २० वाणिज्य बैंकको निक्षेप संकलन ६७ खर्ब एक अर्ब रुपैयाँ पुगेको छ।

भदौ मसान्तसम्म वाणिज्य बैंकहरूको निक्षेप संकलन ६५ खर्ब ८० अर्ब रुपैयाँ थियो। यो अवधिमा निक्षेप संकलन एक खर्ब २१ अर्बले बढेको छ। निक्षेप संकलन थुप्रिँदै गइरहेको र कर्जा प्रवाह अपेक्षित रूपमा बढ्न नसक्दा बैंकहरूले ब्याजदर घटाइरहेका हुन्। भदौसम्म बैंक तथा वित्तीय संस्थाको कर्जा प्रवाह ५६ खर्ब ३० अर्ब थियो। २९ असोजमा आइपुग्दा ५६ खर्ब ३३ अर्ब कायम छ। भदौ मसान्तसम्म वाणिज्य बैंकहरूको मात्रै कर्जा प्रवाह ५० खर्ब एक अर्ब थियो। २९ असोजसम्ममा ५० खर्ब नौ अर्ब पुगेको छ। यसबिच आठ अर्बले कर्जा विस्तार भएको छ। कर्जा निक्षेपको अनुपात ७४.६६ प्रतिशत छ।

२० मध्ये १३ वाणिज्य बैंकले व्यक्तिगत मुद्दतीतर्फको ब्याजदर घटाएका छन् भने पाँचवटाले स्थिर राखेका छन्। बाँकी दुईवटाले भने बढाएका छन्। ब्याजदर घटाउनेमा माछापुच्छ्रे एनएमबि, नबिल, प्राइम, प्रभु, सिटिजन्स इन्टरनेसनल, लक्ष्मी सनराइज, एभरेष्ट, नेपाल इन्भेस्टमेन्ट मेगा, एनआइसी एसिया, स्ट्यान्डर्ड चार्टर्ड, नेपाल एसबिआई र कृषि विकास बैंक रहेका छन्। सिद्धार्थ, राष्ट्रिय वाणिज्य, कुमारी, ग्लोबल आइएमई र हिमालयन बैंकको ब्याजदर स्थिर छ भने नेपाल बैंक र सानिमा बैंकले मात्रै ब्याजदर बढाएका छन्।

ग्लोबल आइएमई र हिमालयन बैंकले व्यक्तिगत मुद्दतीमा ६ प्रतिशत ब्याजदर दिएका छन्। एनआइसी एसियाले निक्षेपमा ५.७५ प्रतिशत ब्याजदर निर्धारण गरेको छ। सिद्धार्थ र राष्ट्रिय वाणिज्य बैंकको ब्याजदर ५.५ प्रतिशत छ। सानिमा बैंकको ५.१५ प्रतिशत र नेपाल बैंकको ५.१२५ प्रतिशत छ। कुमारी बैंकले ५.०१ प्रतिशत ब्याजदर निर्धारण गरेको छ। माछापुच्छ्रे बैंक, एनएमबि बैंक, प्राइम कमर्सियल बैंक, सिटिजन्स बैंक इन्टरनेसनल, लक्ष्मी सनराइज बैंक, एभरेष्ट बैंक, नेपाल इन्भेस्टमेन्ट मेगा बैंक, स्ट्यान्डर्ड चार्टर्ड बैंक र नेपाल एसबिआई बैंकको ब्याजदर ५ प्रतिशत छ। नबिल, प्रभु र कृषि विकास बैंकले ४.९५ प्रतिशत ब्याजदर निर्धारण गरेका छन्।



२९ असोजसम्म बैंक तथा वित्तीय संस्थाको निक्षेप संकलन ७४ खर्ब ५५ अर्ब रुपैयाँ कायम छ। भदौ मसान्तसम्म ७३ खर्ब ३१ अर्ब रुपैयाँ थियो। २९ दिनको अवधिमा एक खर्ब २४ अर्ब रुपैयाँ निक्षेप बढेको छ।



कुन बैंकको कति ब्याजदर ?

बैंकको नाम	ब्याजदर
ग्लोबल आइएमई र हिमालयन बैंक	६ प्रतिशत
एनआइसी एसिया	५.७५ प्रतिशत
सिद्धार्थ र राष्ट्रिय वाणिज्य बैंक	५.५ प्रतिशत
सानिमा र नेपाल बैंक	५.१२ प्रतिशत
कुमारी बैंक	५.०१ प्रतिशत
माछापुच्छ्रे बैंक, एनएमबि बैंक, प्राइम कमर्सियल बैंक, सिटिजन्स बैंक इन्टरनेसनल, लक्ष्मी सनराइज बैंक, एभरेष्ट बैंक, नेपाल इन्भेस्टमेन्ट मेगा बैंक, स्ट्यान्डर्ड चार्टर्ड बैंक र नेपाल एसबिआई बैंक	५ प्रतिशत
नबिल, प्रभु र कृषि विकास बैंक	४.९५ प्रतिशत

राष्ट्र बैंकले गऱ्यो शंकास्पद कारोबारको सूची अद्यावधिक

एआई वा नयाँ प्रविधि, राजनीतिक दलमा आबद्ध भएको व्यक्ति, हायर पर्चेज ऋण दिने कम्पनी र अटोमोबाइल विक्रेता शंकास्पद कारोबारको 'रेड जोन'मा

शंकास्पद क्षेत्रको कारोबार नियमनका लागि राष्ट्र बैंकको वित्तीय जानकारी (गुप्तचर) इकाइ, नेपालले 'रेड जोन' क्षेत्रको सूची अद्यावधिक गरेको छ। केन्द्रीय बैंकले शंकास्पद कारोबार तथा गतिविधिसम्बन्धी क्षेत्रको नियमनका लागि साधारण, सूचक संस्थाको प्रकार र सम्बद्ध कसुर गरी तीन भागमा विभाजन गरेर अनुसन्धान गर्दै आएको छ।

त्यसमध्ये साधारणतर्फ राखिएको नियमन क्षेत्रमा एआई वा नयाँ प्रविधि र राजनीतिक दलमा आबद्ध भएको व्यक्तिलाई रेड जोनमा राखेर शंकास्पद कारोबारको नियमनमा कडाइ गरिने भएको छ। त्यस्तै, संस्थाको प्रकारअन्तर्गत हायर पर्चेज ऋण दिने कम्पनी र अटोमोबाइल विक्रेता कम्पनीलाई समेत रेड जोनमा राखेर नियमन थालिएको छ। यी कम्पनीमा शंकास्पद आर्थिक कारोबारको शंका वृद्धि भएकाले नियमनको दायरामा ल्याइएको राष्ट्र बैंकको भनाइ छ।

अद्यावधिक गाइडलाइनले अनुसन्धानमा पर्ने संस्थाबाट पेस हुने शंकास्पद कारोबारसम्बन्धी कागजात उपलब्धतामा सहजीकरण भई कसुरको पहिचान तथा अनुसन्धान र सम्पत्ति शुद्धीकरणको कार्यमा सहयोग पुग्ने अपेक्षा गरेको राष्ट्र बैंकले जनाएको छ।

अद्यावधिक संस्करणले नेपालको सम्पत्ति शुद्धीकरणविरोधी र आतंकवादको वित्तीय व्यवस्थापन व्यवस्थालाई अझ बलियो बनाउन मद्दत मिलेको इकाइ प्रमुख वासुदेव भट्टराईले बताएका छन्। अद्यावधिक संस्करणमार्फत आफ्नो भनाइ राख्दै भट्टराईले अन्तर्राष्ट्रिय अभ्यास, राष्ट्रिय कानुनी आवश्यकता र कार्यान्वयनबाट सिकेका पाठलाई समावेश गरिएको बताएका छन्।

सन् २०१४ मा निर्देशिकाको पहिलो जारी भएदेखि इकाइले उदाउँदो जोखिमहरू, विकसित हुँदै गइरहेको विश्वव्यापी वित्तीय परिदृश्य, वित्तीय कार्य र सम्पत्ति शुद्धीकरणसम्बन्धी एसिया-प्रशान्त समूहको सिफारिसको प्रतिक्रियामा आफ्नो रूपरेखालाई निरन्तर रूपले परिष्कृत गर्दै लगेको राष्ट्र बैंकले जनाएको छ। अहिलेको संशोधनले बैंक, बिमा, सहकारी, धितोपत्र, घरजग्गा, गैरनाफामुखी संस्था, क्यासिनो, रेमिट्यान्स सेवालगायतका क्षेत्रमा रातो थप गरिएको छ।

Gorkha Lahari Pvt. Ltd. **गोर्खा लाहारी प्रा.लि.**

मूल्य सूची

यस कम्पनीबाट उत्पादित चुरोट मिति २०८२ कार्तिक १ गते (Oct 18 2025) देखि लागु हुने गरि बजारमा निम्न लिखित दर रेटमा बिक्री वितरण हुने व्यहोरा उपभोक्ता वर्गमा जानकारी गराउँदछौं।

मूल्य प्रति १००० खिल्ली चुरोट

	गोर्खा म्याजिक आईस मिन्ट
थोक बिक्रेता मुल्य	१०७०९.८८३
दोस्रो थोक बिक्रेता मुल्य (मु.अ.करदर्तावालालाई मात्र)	१०९७७.६३०
खुद्रा बिक्रेता मुल्य	१११९७.१८३
उपभोक्ता मुल्य प्रति २० खिल्ली बट्टा	२३८.५००

१. उपरोक्त मुल्यमा सम्पूर्ण करहरु समावेश गरिएको छ।
२. उपरोक्त मूल्यमा डिष्ट्रिब्यूटर्स प्याईन्ट सम्मको भाडा समावेश छ।
३. अन्य ब्राण्डहरुको मुल्य यथावत राखिएको छ।
४. दशमलव पछिका अन्तिम अकंलाई निकटतम पैशामा देखाएको छ।

वैधानिक प्रावधान : धुम्रपान स्वास्थको लागि हानिकारक छ।

भाखा नाघेको कर्जा बुझाउने बारे जोइन बचत तथा ऋण सहकारी संस्था लि.को २१ दिने सूचना

(सूचना प्रकाशित मिति :२०८२।०७।०१)

यस संस्थाको तपसिल बमोजिमका सदस्यहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा संस्थाले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा सहकारी ऐन २०७४, यस संस्थाको कर्जा असुली कार्यविधि, २०८० तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी संस्थाको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं। साथै तपसील बमोजिमका सदस्यहरुलाई संस्थाबाट कर्जा लिन मञ्जूरीनामा (जमानत) दिने व्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन सुचित गरिन्छ।

तपसील

ऋणीको विवरण	कर्जाको विवरण
कर्जा ग्राहकको नाम : **राजु गुरुङ**	साँवा रकम : रु.४०,००,०००
ठेगाना : नेत्रावती गा.पा ५, धादिङ्ग	मिति २०८२।०६।३१ सम्मको व्याज तथा अन्य रकम: रु.३१८,३७९।-
बाजेको नाम : सुक बहादुर गुरुङ	जम्मा तिर्नुपर्ने रकम : रु.४३,१८,३७९।-
बाबुको नाम : बुध्दि बहादुर गुरुङ	जमानत बस्नेको नाम : जुन माया गुरुङसेनी
उद्देश्य : घर निर्माण	

दर्ता नं. ३३६९/०७७/०८८

जोइन बचत तथा ऋण सहकारी संस्था लि.
Join Saving & Credit Co-operative Ltd.
सोह्रखुट्टे, काठमाडौं, फोन नं :०१-४९५६६२४, ९८५१२३२७४८

Request for Proposals

First Published Date: 18th October 2025

Nabil Bank Ltd. invites Request for Proposal (RFP) from eligible and registered Nepalese contractors for the construction works as specified in the table below:

Title of the Contract Document	Scope of Works	Cost of Bid Document	Bid Security Amount
Construction of Metal Structure Building- Auditorium Hall for Nabil Bank Ltd at Gothagaun Morang (Interior & Exterior Works)	Exterior Works, Interior Works, Electrical Works, Sound System Works, Chair & Stage Works	NPR 5,000.00	Mandatory minimum 5% of the bid amount

The bid submission will follow the 'Two Envelope System' (Technical and Financial Documents) wherein the technical documents shall be opened in the 1st Phase and financial documents of the technically eligible bidders shall be opened in the 2nd Phase.

Terms and Conditions:

1. Interested bidders can receive the RFP documents with detailed Scope of works, Terms and Conditions from the **Administration Department, 4th Floor, Ghantaghar building, Kathmandu, Nepal** upon submission of an application letter for the RFP document in the official letter head of the bidding company and submission of a proof of deposit of non-refundable application fee of **NPR.5,000/- (Nepalese Rupees Five Thousand only) per RFP document.**
2. The RFP Document Fee to be paid by Cash Deposit to the under mentioned A/c. The proof of deposit/transfer must be attached with the documents. The application money is non-refundable.
   Account Name: Miscellaneous Deposit Receipt
   Account Number: 93254001006
   Bank: Nabil Bank Limited, Head Office
3. A pre-bid meeting will be held at Nabil Bank Limited, Ghantaghar, Kathmandu, at **11:00 AM** on the **14th day i.e. 14th Kartik 2082** from the first publication of this notice.
4. The hard copy of proposal document along with copy of other supporting documents must be submitted to Nabil Bank Limited, **Administration Department, Ghantaghar Building 4th floor, Kathmandu, Nepal,** not later than **4:00 PM** on **7th November 2025 (21st Kartik 2082)**. Bid documents received after this deadline will not be accepted.
5. The received Bids shall be opened at Nabil Bank Ltd, Ghantaghar, Kathmandu at **11:00 AM** on **9th November 2025 (23rd Kartik 2082).** Non-attendance of any or all of the bidder's representatives shall not hinder the opening of the bid.
6. Eligibility Criteria:
   a. Interested Bidders must have at least five years of experience in the related field.
   b. Joint Venture (JV) is not allowed.
   c. Bidder should have completed construction of at least one Metal Structure Building (auditorium hall/covered hall/ party venue/ training hall) with a minimum floor area of 6,000 Sq.Ft. or a total load capacity of 5,000 kg whichever is lower, for any institution (including the Government of Nepal or a public company), which must be duly registered with the relevant government authority in Nepal.
   d. The Bidder must have a minimum Annual turnover of NPR. 50 million each in the last three years.
7. Bids must be accompanied by bid security of minimum 5% of the total bid amount of **Bid Bond** issued by a Class "A" Commercial bank in Nepal having a validity of 180 days from the last date of submission of bid or Bank Deposit into the account mentioned by the Bank. The Bid Security will be forfeited by the Employer upon failure of the selected bidder to enter into a contract within seven (7) days after written Communication by the Bank or due to other conditions as mentioned in the bid document.
8. The successful bidder will be required to submit a **"Performance Bond"** for an amount equivalent to 10% of the Contract Amount issued by a Class "A" Commercial bank with a validity period and format/wordings as specified by the Employer in the Bid Documents.
9. If the last date for purchasing the bid form, submitting the bid, and opening the bids falls on a government holiday, it will be extended to the next working day. In such cases, the bid validity and bid security validity will be recognized from the original bid submission deadline.
10. Interested bidders must submit all the documents outlined in the bid document; failure to do so will result in the rejection of the bid.
11. Nabil Bank Limited reserves the right to amend, correct, accept, or reject any or all bids, in whole or in part, for the said works, without assigning any reason whatsoever and shall not be compelled to accept the lowest bid.

NABIL BANK®
Administration Department, Ghantaghar, Kathmandu Contact No: - 01-5971871

का.नि.इ.नं.१२८/०६३/६४, म.ले.हु.नि.इ.न. १७/०६९/०७०

विश्वकप छनोटमा नेपाल अपराजित हुँदै च्याम्पियन

रमेश सुवेदी/नयाँ पत्रिका

नेपाल आइसिसी पुरुष टी-२० विश्वकपअन्तर्गत एसिया तथा इस्ट एसिया प्यासिफिक छनोटको च्याम्पियन बनेको छ। ओमानको अल अमेरात क्रिकेट मैदानमा सहभागी नौ टोलीमा नेपालले सुपर सिक्समा सर्वाधिक १० अंक जोड्दै उपाधि उचालेको हो। सुपर सिक्सकै शुक्रबार अन्तिम खेलमा नेपालले कमजोर प्रतिद्वन्द्वी सामोआमाथि एक सय २४ रनको फराकिलो अन्तरले हराउँदै उपाधि हात पारेको हो।

एक खेल हारेको ओमान पाँच खेलबाट ८ अंक जोड्दा दोस्रो स्थानमा रह्यो। नेपाल र ओमानसँग पराजित भएको युएईले ६ अंकसहित तेस्रो स्थानमा रहेर विश्वकपमा छनोट भयो। ब्याटिङ गरेको नेपालले २० ओभरमा चार विकेट गुमाएर दुई सय ११ रनको विशाल योगफल खडा गऱ्यो। छनोट खेलमा नेपालले पहिलोपटक विपक्षीलाई दुई सयमाथिको लक्ष्य दिएको हो। प्रत्युत्तरमा सामोआले २० ओभरमा सात विकेट गुमाएर ८७ रन मात्र बनायो। सामोआविरुद्ध आसिफ शेख र दीपेन्द्रसिंह ऐरीले अर्धशतकीय इनिङ्स खेलेका थिए। बलिङतर्फ ललित राजवंशीले तीन विकेट लिए।

'हामी भारतका लागि टिकट काट्न सफल भएका छौं। जहाँ भारतसँगै, इंग्ल्यान्ड र अस्ट्रेलियाजस्तो टिमसँग खेल्ने अवसर पाउनेछौं। यो निकै गर्वको कुरा हो,' कप्तान रोहितकुमार पौडेलले भने, 'यो १५ दिन निकै व्यस्त रह्यौं। धेरै राम्रो क्रिकेट पनि खेलेका छौं।' भारत र श्रीलंकामा आयोजना हुने विश्वकपमा नेपाल, ओमान र युएई छनोट भएका छन्। विश्वकप आगामी ७ फेब्रुअरीदेखि ८ मार्चसम्म हुँदै छ। एसियन छनोटमा मलेसिया, पपुवा न्युगिनी र कुवेत सुपर सिक्समा पुग्न सकेनन्।

आसिफ र दीपेन्द्रको अर्धशतक

नेपालको ब्याटिङ इनिङ्समा आसिफ र दीपेन्द्रले आक्रामक अर्धशतक बनाए। ओपनर आसिफले ४१ बलमा सात चौका र चार छक्कासहित सर्वाधिक ६९ रन बनाए। उपकप्तान दीपेन्द्रले ३३ बलमा चार छक्का र दुई चौकासहित ५३ रनको योगदान गरे। पाँचौं खेलमा अवसर पाएका लोकेश बमले अविजित ३९ रन जोडे। कप्तान रोहितकुमार पौडेलले अविजित २१ र कुशल भुर्तेलले १७ रन बनाएका हुन्। पहिलो विकेटका लागि आसिफ र कुशलले ६४ रनको साझेदारी गरेका थिए। पाँचौं विकेटका लागि लोकेश र रोहितबिच अविजित ५१ रनको साझेदारी भएको थियो।

सामोआविरुद्ध बलर हाबी

नेपाली बलर हाबी भएपछि सामोआका ब्याट्सम्यानले विशाल लक्ष्य पछ्याउन सकेन। उनीहरूको ब्याटिङमा ठुलो साझेदारी भएन। नेपालका स्पिनर ललित राजवंशीले चार ओभरमा एक मेडनसहित मात्र १३ रन खर्चिएर तीन विकेट लिए। लेगस्पिनर सन्दीप लामिछानेले १० रन दिएर एक विकेट हात पारे। अन्तिम खेलमा अवसर पाएका करण केसीले एक तथा कप्तान रोहितले एक विकेट लिए। सामोआका सेअन सोलिआले सर्वाधिक ४० रन बनाएका थिए। बेन्जामिन माइलाताले ११ रन जोडेका हुन्।

एसिया तथा इस्ट एसिया प्यासिफिक छनोटमा ६ खेलमा अपराजित रहँदै नेपालले जित्यो उपाधि



■ भारत, अस्ट्रेलिया र इंग्ल्यान्डसँग खेल्ने सपना छ



रोहित पौडेल
कप्तान, नेपाल

लगातार दोस्रोपटक विश्वकपमा पुगुपछाडि टिमवर्क हो। टिमको प्रदर्शनलाई लिएर म मात्र नभएर सबै गौरवान्वित भएका छन्। अर्को वर्ष हामी भारतमा गएर विश्वकप खेल्दै छौं। त्यहाँ पनि यहाँजस्तै नेपाली समर्थक आउने विश्वास छ। उहाँहरूले हामीलाई कठिन अवस्थामा रहेका बेला आत्मविश्वास दिलाउनुहुन्छ। सुपर सिक्सको पहिलो दुई खेलमा दर्शककै कारण हामीले उत्कृष्ट पुनरागमन गरेका थियौं।

अब हामी सबैलाई भारतमा गएर भारतविरुद्ध, अस्ट्रेलिया र इंग्ल्यान्डजस्तो बलियो टेस्ट राष्ट्रसँग खेल्ने सपना छ। गत विश्वकपमा दक्षिण अफ्रिका र बंगलादेशसँगको खेलले खेलाडीमा आत्मविश्वास बढायो। अब हामी टेस्ट राष्ट्रलाई हराउने लक्ष्यमा छौं।

विश्वकप छनोटमा सुरुवात खेलमा ब्याटिङभन्दा बलिङ र फिल्डिङले साथ दियो। त्यसपछि सबै ब्याटिङ पनि चल्यो। विशेष गरी आआफ्नो पोसेसनमा सबैले योगदान दिएका छन्। ओपनिङमा कुशल उत्कृष्ट फर्ममा देखिए।

दीपेन्द्रसिंह र सन्दीप दाजुहरूले आवश्यक परेका बेला आफ्नो अनुभव पोख्नुभयो। विशेष गरी कतारसँगको खेलमा सन्दीप दाजुको बलिङ उत्कृष्ट थियो। गुल्सनले पनि हाम्रो मुभमेन्टम बलियो बनाए। यसैगरी, सोमदाइले नेपाललाई आवश्यक परेका बेलामा ऋुसल विकेट दिलाउनुभयो। यी सबै प्याकेज प्रदर्शनका कारण हामी विश्वकपमा पुगेका हौं। भारत र श्रीलंकामा हुने विश्वकपमा विश्वप्रसिद्ध खेलाडी आउनेछन्। नेपालले उनीहरूलाई उनीहरूकै स्तरमा प्रतिस्पर्धा गर्न तयार छौं भन्ने यस छनोट खेलबाट दिएको छ।

■ नेपाललाई सात वर्षपछि आइसिसीको उपाधि

विश्वकप छनोटको अन्तिम खेलमा सामोआलाई हराएसँगै नेपाल च्याम्पियन बनेको हो। यससँगै नेपालले सात वर्षपछि आइसिसीको उपाधि जित्न सफल भएको हो। नेपालले सन् २०१८ अक्टोबरमा अन्तिमपटक आइसिसीको पछिल्लो उपाधि जितेको थियो। सन् २०१० मा नेपालले पहिलोपटक त्रिवि मैदानमा आइसिसी विश्व क्रिकेट लिग डिभिजन-५ जितेको थियो। नेपालले जितेको आइसिसीको पहिलो प्रतियोगिता हो। सन् २०१२ मा डिभिजन-४ को उपाधि नेपालले हात पारेको थियो। नेपालले सन् २०१३ र २०१४ मा डिभिजन-३ को उपाधि हात पारेको थियो। नेपालले डिभिजनस्तरका आइसिसीका चार प्रतियोगिताको उपाधि जितेको थियो। मलेसियामा भएको आइसिसी टी-२० इस्टर्न उपक्षेत्रीय छनोट 'बी'को उपाधि नेपालले जितेको थियो। नेपालले समग्रमा आइसिसीको छैटौं उपाधि हात पाऱ्यो।

अंकतालिका सुपर सिक्स

टोली	खेल	जित	हार	अंक	रनरेट
नेपाल	५	५	०	१०	१.८४९
ओमान	५	४	१	८	०.४५६
युएई	५	३	२	६	१.४९३
कतार	५	२	३	४	-०.११४
जापान	५	१	४	२	-१.०३३
सामोआ	५	०	५	०	-२.८०९

नेपाली क्रिकेटको यात्रा

सन्
- १९४५ : नेपाल क्रिकेट संघको स्थापना
- १९८८ : आइसिसीको एफिलेट सदस्य
- १९९० : एसिसीबाट मान्यता
- १९९६ : आइसिसीको एसोसिएट राष्ट्र
- १९९६ : बंगलादेशविरुद्ध पहिलो अन्तर्राष्ट्रिय खेल
- १९९६ : जापानविरुद्ध पहिलो अन्तर्राष्ट्रिय जित
- २००६ : एसिसी फास्ट ट्र्याक विजेता
- २०१० : आइसिसी विश्वकप डिभिजन-५ विजेता
- २०१२ : आइसिसी विश्वकप डिभिजन-४ विजेता
- २०१३ : पहिलोपटक एकदिवसीय विश्वकपमा छनोट
- २०१३ : आइसिसी विश्वकप डिभिजन-३ विजेता
- २०१४ : आइसिसी विश्वकप डिभिजन-३ विजेता
- २०१४ : पहिलोपटक टी-२० विश्वकपमा छनोट
- २०१४ : हङकङविरुद्ध पहिलो टी-२० आई खेल
- २०१८ : एकदिवसीय मान्यता प्राप्त
- २०१८ : नेदरल्यान्ड्ससँग पहिलो एकदिवसीय खेल
- २०२३ : दोस्रोपटक टी-२० विश्वकपमा छनोट
- २०२३ : एसिसी प्रिमियर कप विजेता
- २०२३ : एसिया कपमा भारत र पाकिस्तानविरुद्ध खेल
- २०२३ : आइसिसी विश्वकप डिभिजन-२ मा तेस्रो स्थान
- २०२३ : एकदिवसीय मान्यता रक्षा
- २०२४ : दोस्रोपटक टी-२० विश्वकपमा छनोट
- २०२५ : वेस्ट इन्डिजसँगको ऐतिहासिक सिरिज
- २०२५ : तेस्रोपटक टी-२० विश्वकपमा छनोट
- २०२५ : विश्वकपअन्तर्गत एसियन छनोटको विजेता

विश्वकप खेल्ने २० राष्ट्र

आयोजक : भारत र श्रीलंका

- गत संस्करणको विश्वकपबाट ७
- अस्ट्रेलिया, इंग्ल्यान्ड, दक्षिण अफ्रिका, वेस्ट इन्डिज, बंगलादेश, अफगानिस्तान र अमेरिका
- आइसिसी वरीयता ३
- न्युजिल्यान्ड, पाकिस्तान र आयरल्यान्ड
- छनोट चरणबाट ८
- क्यानडा, नेदरल्यान्ड्स, इटाली, जिम्बावे, नामिबिया, नेपाल, ओमान, युएई

मन्त्रिपरिषद्बाट त्रिवि क्रिकेट रंगशालाको गुरुयोजना स्वीकृत



नयाँ पत्रिका

कीर्तिपुरस्थित त्रिभुवन अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माणको गुरुयोजना सरकारले स्वीकृत गरेको छ। मन्त्रिपरिषद्को बिहीबार बसेको बैठकले सहरी विकास मन्त्रालयको प्रस्तावमा रंगशालाको गुरुयोजना स्वीकृत गरेको हो। गुरुयोजनालाई राष्ट्रिय प्राथमिकता निर्धारण गरेको छ। गुरुयोजनाअनुसार रंगशाला निर्माणका लागि १० अर्ब रुपैयाँ लाग्ने अनुमान गरिएको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले रंगशाला नेपालकै पहिलो अन्तर्राष्ट्रिय क्रिकेट मैदान भएको र पर्यटन प्रवर्द्धनमा समेत यसले योगदान दिन सक्ने बताए। 'अन्तर्राष्ट्रियस्तरसम्म नेपालको नाम उच्च बनाउने माध्यम बनेको क्रिकेट रंगशालाको गुरुयोजना स्वीकृत भएको छ,' घिसिङले भने, 'यस रंगशालालाई राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना निर्धारण गरिएको छ।'

उनले भनेका छन्, 'रंगशालाको विकास र आधुनिकीकरण नेपालका लागि रणनीतिक रूपमा महत्त्वपूर्ण रहेको, अन्तर्राष्ट्रिय खेल खेलाउन सुविधासम्पन्न क्रिकेट रंगशाला चाहिएकाले गुरुयोजनाबमोजिम स्रोत सुनिश्चित गरी निर्माण अगाडि बढाउने निर्णय भएको छ।' मन्त्री घिसिङले राष्ट्रिय प्राथमिकताप्राप्त आयोजनाका रूपमा जग्गासम्बन्धी सम्झौता, वातावरणीय प्रभाव मूल्यांकनलाई अन्तिम रूप दिने र गुरुयोजनाबमोजिम रंगशाला विस्तारका लागि दोस्रो चरणको निर्माणका लागि टेन्डर प्रक्रिया अगाडि बढाउन मन्त्रिपरिषद्बाट स्वीकृति प्राप्त भएको बताए।

उनले गत भदौमा रंगशालाको पहिलो चरणको निर्माणबारे स्थलगत निरीक्षण गरेका थिए। त्यसवेला घिसिङले राष्ट्रिय गौरवको आयोजनामा रहेको मैदानमा बजेट अभाव नहुने र रंगशाला विस्तारको दोस्रो चरण अगाडि बढाउने जानकारी दिएका थिए। त्रिवि र नेपाल क्रिकेट संघबिचको जग्गा करार सम्झौता ०८३ सालको वैशाखमा सकिँदै छ। मन्त्रिपरिषद् बैठकले गुरुयोजनाअनुसार आवश्यक जग्गा प्राप्तिका लागि प्रचलित कानुनबमोजिम त्रिभुवन विश्वविद्यालय, खेलकुद मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद्बिच सम्झौता गर्न सम्बन्धित निकायलाई निर्देशन दिएको छ। १ मंसिरबाट सुरु हुने दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल)भन्दा अगाडि रंगशाला निर्माण सम्पन्न गर्ने लक्ष्य राखेको छ।

रोनाल्डो बने विश्वकप छनोटमा सर्वाधिक गोलकर्ता

पोर्चुगलका क्रिस्टियानो रोनाल्डोले युरोपियन विश्वकप छनोटमा ५१ खेलमा ४१ गोल गर्दै राखे रेकर्ड

एजेन्सी

पोर्चुगलका कप्तान क्रिस्टियानो रोनाल्डो फिफा विश्वकप छनोटमा सर्वाधिक गोल गर्ने खेलाडी बनेका छन्। रोनाल्डोले युरोपियन छनोटमा हंगेरीविरुद्ध दुई गोल गर्दै विश्वकप छनोटमा सर्वाधिक ४१ गोलको नयाँ कीर्तिमान राखेका हुन्। उनले ग्वाटेमालाका पूर्वखेलाडी कार्लोस रुइजको ४० गोलको कीर्तिमान तोडेका हुन्। रोनाल्डोले अहिलेसम्म ५० विश्वकप छनोट खेलमा सहभागी हुँदै रेकर्ड बनाएका हुन्।

सर्वाधिक गोलकर्ताको सूचीमा अर्जेन्टिनाका लियोनल मेसी ३६ गोलका साथ तेस्रोमा छन्। रोनाल्डोले पुरुष अन्तर्राष्ट्रिय फुटबलमा १४३ गोल संख्या पुऱ्याएका छन्। समग्रमा रोनाल्डोले करिअरमा ९४८ गोल संख्या पुऱ्याएका छन्। २२ वर्षको अन्तर्राष्ट्रिय करिअरमा रोनाल्डोले पोर्चुगललाई नेसन्स कप दुईपटक र एकपटक युरोकप दिलाएका छन्। सन् २००६ मा पोर्चुगल सेमिफाइनलमा पुगेको थियो। फ्रान्ससँग एकपक्षीय खेलमा पोर्चुगल पराजित भयो। त्यसपछि पोर्चुगल तेस्रो स्थानका लागि भएको प्ले-अफ खेलमा जर्मनीबाट परास्त भयो।



अहिले पोर्चुगलले विश्वकपअन्तर्गत युरोपियन छनोटको समूह 'एफ'मा ५ अंकको अग्रता लिएको छ। पोर्चुगलले विश्वकपमा स्थान पक्का गर्न एक बराबरी आवश्यकता छ।

च्यासल फुटबल मैदानको मर्मत सुरु

काठमाडौं/ गत असोजमा आएको भारी वर्षाले प्रभावित बनाएको ललितपुरको च्यासलस्थित फुटबल मैदानको मर्मतकार्य सुरु भएको छ। असोजको तेस्रो साता परेको अविरल वर्षाका कारण मैदानमा क्षति पुगेको थियो। राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टंकलाल घिसिङले मैदानको स्थलगत निरीक्षण गरेका छन्। घिसिङले च्यासल मैदानको तत्काल मर्मतकार्य सुरु गर्न ग्राउन्ड स्टाफलाई निर्देशन दिएका हुन्।

'खेल हुने भागलाई पहिलो प्राथमिकतामा राखेर मैदानको मर्मतकार्य सुरु गर्नुहोला,' सदस्य सचिव घिसिङले भने, 'त्यसपछि आवश्यकताअनुसार मैदानको अन्य भागको काम थाल्नुहोस्।' निरीक्षणका दौरानमा च्यासल युथ क्लबका अध्यक्ष रमेश व्यञ्जनकारले क्षतिको विवरणबारे घिसिङलाई अवगत गराएका थिए।

गत वर्ष पनि अविरल वर्षाले च्यासलमा पानी पसेको थियो। जसका कारण प्यारापिट र मैदानसहित कोठाहरू, ड्रेसिङ रुम, शौचालय क्षतविक्षत भएका थिए। शौचालयलाई प्रयोगमा ल्याए पनि राखेपले अन्य कोठाहरू प्रयोगमा ल्याउन सकेको छैन। राखेपले ड्रेसिङ रुमलाई पुनर्निर्माण नगर्दा खेलक्रममा खेलाडीलाई निकै समस्या पर्दै आएको छ। च्यासल मैदान राष्ट्रिय खेलकुद परिषद्अन्तर्गत छ। तर, पछिल्लो समय भने मैदानको निर्माणका लागि अखिल नेपाल फुटबल संघ (एन्फा)ले खर्च गरिरहेको छ। एन्फाको खर्चमा अहिले मैदान मर्मत भइरहेको हो।

नेपालको पोस्टमा थाइल्यान्डको एक दर्जन गोल

एएफसी यू-१७ महिला एसियन कप छनोटअन्तर्गत समूह 'एफ'मा १ अंक मात्रै जोडेको नेपाल प्रतियोगिताबाट बाहिरियो



काठमाडौं/ एएफसी यू-१७ महिला एसियन कप छनोटमा शुक्रबार नेपाल थाइल्यान्डसँग १२-० को विशाल गोलअन्तरले पराजित भएको छ। थाइल्यान्डले नेपालको कमजोर डिफेन्सको फाइदामा पहिलो हाफमा आठ र दोस्रो हाफमा चार गोल गर्दै फराकिलो जित निकालेको हो। यसअघि छनोटको पहिलो खेलमा नेपालले तुर्किमिनिस्तानलाई गोलरहित बराबरीमा रोकेको थियो। एक अंक मात्र बटुलेको नेपाल छनोटबाट बाहिरिएको छ।

चोनबुरी रंगशालामा सम्पन्न समूह 'एफ'को निर्णायक खेलमा घरेलु टोली थाइल्यान्डले कुनै पनि समयमा नेपाललाई खेलमा फर्कन दिएन। जितसँगै थाइल्यान्डले दुई खेलमा स्पष्ट ६ अंक जोड्दै शीर्ष स्थानको हैसियतले अर्को वर्ष चीनमा हुने एसियन कपमा स्थान बनायो।

नेपालमाथिको सानदार जितमा थाइल्यान्डकी चार्लोटे सिटिप्रासन एक्लैले पाँच गोल र कप्तान कुरिसमरम लिम्पावानिचले ह्यात्रिक गरेका थिए। मिडफिल्डर पट्टारामोन सेइटा र मोनथिडा नुम्नुवानले समान एक गोल गरे। थाइल्यान्डले एक गोल आत्मघाती उपहारस्वरूप प्राप्त गरेको थियो। थाइल्यान्डले आफ्नो पहिलो खेलमा तुर्किमिनिस्तानलाई १७-० ले पाखा लगाएको थियो।

हरिहजुर बने पुरुष भलिबलका कप्तान

२०८० को सातौं प्रधानमन्त्री कप राष्ट्रिय पुरुष क्लब लिगमा खेलाडी र समर्थकमाथि अभद्र व्यवहार गरेपछि हरिहजुर थापालाई संघले कारबाही गर्दै कप्तानको जिम्मेवारीबाट हटाएको थियो, दुई वर्षपछि उनले पुनः कप्तानको जिम्मेवारी पाएका हुन्

नयाँ पत्रिका

नेपाल भलिबल संघले बंगलादेशमा हुने काभा पुरुष नेसन्स कपका लागि हरिहजुर थापालाई पुनः कप्तानीको जिम्मेवारी दिएको छ। नेपाली राष्ट्रिय भलिबल पुरुष टोलीका १२औं कप्तानका रूपमा थापा बनेका छन्। यसअघि उनले ०८० सालमा पनि टोलीको कप्तानी गरेका थिए। त्रिभुवन आर्मी क्लबमा आबद्ध थापाले दोस्रोपटक राष्ट्रिय टोली सम्हालेर बंगलादेशसँग खेल्न पाउँदा खुसी लागेको बताएका छन्। दुई वर्षअघि राष्ट्रिय टोलीको कप्तान भइरहँदा उनी कारबाहीमा परेका थिए। संघको कारबाहीका रूपमा थापाले राष्ट्रिय पुरुष भलिबल टोलीको कप्तानी जिम्मेवारीसमेत गुमाउन पुगे।

दुई वर्षअघि सातौं प्रधानमन्त्री कप एनभिए पुरुष राष्ट्रिय क्लब लिगअन्तर्गत गण्डकी र आर्मीबिच खेल भएको थियो। उनले आर्मीको कप्तानी गरेका थिए। सो खेलमा उनले गण्डकीका समर्थकसँग झगडा गरेका थिए। कप्तानको भूमिका राम्रोसँग निर्वाह नगरेको र कर्तव्यबाट विमुख भएको भन्दै तत्कालै संघले थापालाई कप्तानबाट हटाएको थियो। त्यसपछि संघले मानबहादुर श्रेष्ठलाई ११औं नेपाली टोलीका कप्तानका रूपमा जिम्मेवारी दिएको थियो।



संघको शुक्रबार बसेको ५८औं कार्यसम्पादन कमिटीको बैठकले मुख्य प्रशिक्षक र सहायक प्रशिक्षकको सुझावमा थापालाई कप्तान चयन गरेको जनाएको छ। यसअघिका नेपालका कप्तान मानबहादुरले ०८० कात्तिकमा सन्न्यास लिएपछि नेपाली पुरुष भलिबल टोली कप्तानविहीन थियो। यो दुई वर्ष अवधिमा नेपालको पुरुष टोलीले कुनै पनि अन्तर्राष्ट्रिय खेल खेलेको थिएन। जसले गर्दा संघले कप्तानी नै चयन गरेन। अहिले नेपाली पुरुष भलिबल टोलीमा कप्तान थापासँगै धनबहादुर भट्ट सिनियर खेलाडीका रूपमा छन्।

■ आर्मीका अनुभवी खेलाडी

थापा आर्मीका अनुभवी सेटर खेलाडी हुन्। एक दशकदेखि उनी नियमित रूपमा राष्ट्रिय टोलीका नियमित सदस्य हुन्। तर, संघको कारबाहीका कारण उनले दुईवटा महत्त्वपूर्ण अन्तर्राष्ट्रिय प्रतियोगिता गुमाउन पुगे। कारबाहीमा रहँदा उनी सेनाको शान्ति मिसनमा गए। मिसनबाट फर्केपछि उनले पुनः भलिबलमा पुनरागमन गरेका हुन्। नेपालका लागि सबैभन्दा लामो समय कप्तानी गर्ने भरतबहादुर शाह हुन्। उनले १६ वर्ष नेपालका लागि कप्तानी गरेका थिए।

नेपालको पहिलो कप्तान ऋषिराज आचार्य हुन्। सन् १९९६ मा पाकिस्तानमा भएको काइदे आजाम नेपालले आचार्यको कप्तानीमा पहिलो अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाएको थियो। यसैबिच श्रीलंकामा हुने काभा यू-१९ महिला भलिबलका लागि जेनिशा विकलाई कप्तानीको जिम्मेवारी दिएको संघले जनाएको छ। जेनिशाले गत वर्ष माल्दिभ्समा भएको काभा यू-२० महिला भलिबलमा पनि नेपालको कप्तानी गरेकी थिइन्।

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads,
Road Division Doti

Notice of Intention to Award Contract

Notice No:- 10/2082/083
Date of Publication:- 2082/07/01

Road Division Doti hereby notifies and intends to award the following listed contracts and publish this notice to all concerned bidders regarding our Bid *Notice No 03-RDDOT/2082/083,* (published in Nepal Samacharapatra National Daily dated 2082/05/02) in accordance with ITB Clause 33 and Public Procurement Act 2063 Clause 27.2, 27.3 and 47.

S.N	Contract No.	Name and Address of Bidder	Total Bid Amount excluding VAT & PS (NRs)
1	RDDOT/337011694/ 2082/083-15	M/S OM SIMALI-JAGANNATH JOINT VENTURE, Dipayal, Doti	6,698,356.54
2	RDDOT/337011694/ 2082/083-16	M/s Diya Construction, Dipayal Silgadhi-01, Doti.	7,614,760.57
3	RDDOT/337011324/ 2082/083-17	M/s Mastmasani Construction, Dipayal Silgadhi-7, Doti.	5,374,090.04

Division Chief

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com